# परिच्छेद एक

# शोधपरिचय

## १.१विषय परिचय

मनोविश्लेषण सिद्धान्तका प्रतिपादक भियनाका मनोचिकित्सक सिग्मन्ड फ्रायडहुन् । उनले यो सिद्धान्तको प्रतिपादन एक मनोरोगीको उपचार गर्ने क्रममा गरेका थिए । चिकित्सा क्षेत्रबाट सुरु भएको यस सिद्धान्तलाई साहित्यमा ढालेर साहित्य सिर्जना गर्ने परम्पराको थालनी पनि पाश्चात्य जगतबाट नै भएको हो । नेपाली साहित्यमा पनि यस सिद्धान्तको प्रयोग हुने गरेको पाइन्छ । नेपाली साहित्यका विशेष गरेर कथा र उपन्यास विधामा मनोविश्लेषण सिद्धान्तको प्रयोग हुदै आएको छ । आधुनिक नेपाली उपन्यासमा मनोविश्लेषणको प्रथम प्रयोग गोविन्दबहादुर मल्ल 'गोठाले' ले गरेका हुन् । उनको **पल्लो घरको झ्याल** (२०१६) नै प्रथम मनोवैज्ञानिक नेपाली उपन्यास हो । गोठालेले सुरु गरेको मनोविश्लेषणवादलाई मलजल गर्ने काम विजय मल्ल, विश्वेश्वरप्रसाद कोइराला, तारणीप्रसाद कोइराला आदिले गरेका छन् । वानिरा गिरी, इन्दिरा प्रसाई,कृष्ण धरावासी आदि पनि यस प्रवृत्तिका सक्रिय लेखक हुन् ।धरावासीका प्रायः सबै उपन्यास र कथाहरू मनोविश्लेषणमा नै आधारित छन् । उनको **टुँडाल** उपन्यासमा मनोविश्लेषणवादको उच्च प्रयोग भएको छ । भक्तपुर दरबार क्षेत्रमा रहेको 'पशुपति मन्दिर'का टुँडाललाई आधार बनाएर यो उपन्यास लेखिएको हो । यसलाई सांस्कृतिक मनोवैज्ञानिक उपन्यास पनि भन्न सकिन्छ । यस उपन्यासमा यौन मनोविज्ञानको चर्चा बढी भएको पाइन्छ । मनोविश्लेषणमा बढी केन्द्रित भएको हुनाले यस उपन्यासको मनोविश्लेषणत्मक अध्ययन गर्नु उपयुक्त देखिन्छ ।

## १.२समस्याकथन

**टुँडाल उपन्यासको मनोविश्लेषणात्मक अध्ययन** मूल समस्या रहेको यस शोधपत्रका निम्न लिखित समस्याहरू छन् ।

क)उपन्यासको सैद्धान्तिक पृष्ठभूमि र नेपाली उपन्यास लेखन परम्परा कस्तो छ ?

ख) कृष्ण धरावासीको औपन्यासिक प्रवृत्ति कस्तो छ ?

ग)**टुँडाल** उपन्यासलाई मनोविश्लेषणका विभिन्न कोणबाट कसरी विश्लेषण गर्न सकिन्छ?

## १.३ शोधपत्रको उद्देश्य

**टुँडाल उपन्यासको मनोविश्लेषणात्मक अध्ययन** मूल उद्देश्य रहेको यस शोधपत्रका निम्न लिखित उद्देश्यहरू छन् ।

क) उपन्यासको सैद्धान्तिक पृष्ठभूमि र नेपाली मनोविश्लेषणात्मक उपन्यास लेखन परम्पराको चर्चा गर्ने ।

ख) कृष्ण धरावासीको औपन्यासिक प्रवृत्तिहरूको चर्चा गर्ने ।

ग) **टुँडाल** उपन्यासलाई मनोविश्लेषणका विभिन्न कोणबाट अध्ययन गर्ने ।

## १.४पूर्वकार्यको समीक्षा

**टुँडाल**उपन्यास कृष्ण धरावासीको पाँचौं उपन्यास हो । यस उपन्यासका बारेमा विभिन्न समालोचकहरूले चर्चा गरेका छन् । ती समालोचनाको समीक्षा कालक्रमिक रूपमा निम्नानुसार छ ।

कृष्ण धरावासी (२०६५) ले **टुँडाल** उपन्यासको भूमिकामा भक्तपुरको सांस्कृतिक पक्षमा आधारित भएर उपन्यास लेख्नका लागि शीर्षक चयन गर्ने क्रममा दरबार क्षेत्रको पशुपति मन्दिरमा रहेका टुँडाल देखेर **टुँडाल** शीर्षक जुराएको बताएका छन् । मन्दिर जस्तो पवित्र ठाउँमा राखिएका टुँडालमा किन यस्ता यौनाकृति कुँदिए ? यसको पछाडि पक्कै केही न केही कारण लुकेको छ भन्ने सोचेर यस विषयमा कलम चलाएको उल्लेख गरेका छन् । भक्तपुरको सांस्कृतिक मनोविज्ञानलाई उजागर गर्ने आफ्नो उद्देश्य रहेको धरावासीले बताएका छन् ।

जगदीश घिमिरे (२०६६) ले **टुँडाल** उपन्यासको विमोचनका क्रममा उपन्यासको मुख्य विषय खुला रूपमा व्यक्त नहुने यौन हो भनेर बताएका छन् ।

नारयण चालिसे (२०६६) ले जैविक आवश्यकता हुँदा हुँदै पनि यौनलाई लुकाएर राख्नाले विकृत्ति आएको बताउँदै **टुँडाल** लाई आञ्चलिक परिवेशमा आधारित यथार्थवादी कृति हो भनेका छन् ।

रजनी ढकाल (२०६६) ले **टुँडाल** उपन्यासले यौनका विषयमा नारी मनोविज्ञानको नजिकबाट हेरेर विश्लेषण गरेको कुरा बताएकी छन् ।

कृष्ण धरावासी (२०६६) ले **फ्रायडसँग नेपाली मनोविज्ञान मेल खाँदैन** शीर्षकको लेखमा नेपाली समाजमा यौनलाई भोगवादी दृष्टिकोणले नहेरेर भक्तिवादी दृष्टिकोणले हेरिन्छ भने फ्रायडले भोगलाई प्राथमिकतामा राखेका छन् भन्ने उल्लेख गरेका छन् । फ्रायड आफू यहुदी भएकाले त्यही धर्म सुहाउँदो यौनको उल्लेख गरेका छन् । त्यहाँ आमा र छोरा अनि बाबु र छोरी बाहेक अन्यसँगको यौन सम्बन्ध सामान्य मानिने तर नेपालमा अपवाद बाहेक हाडनाता करणीको बारेमा सोच्न पनि नसक्ने बताएका छन् ।

नारायणी देवकोटाले (२०६६) **नारी आँखाबाट टुँडाल नियाल्दा** शीर्षकको लेखमा अहिलेसम्म महिलाका विषयमा पुरुषले जतिपनि लेखे ती सबैमा शङ्का गर्नु पर्छ किनकि लेख्ने मान्छे न्यायाधीश र अपराधी दुवै हो भन्ने सिमोनको भनाइ उजागर गरी धरावासीमा पनि त्यही खोट देखाएकी छन् । उनले धरावासीले जतिसुकै नारी स्वतन्त्र हुनुपर्छ भनेपनि स्वयं आफ्नो पुरुषवादी सोचबाट माथि उठ्ननसकेको बताएकी छन् ।

लक्ष्मीप्रसाद खतिवडा (२०६६) ले हाम्रो समाजमा खुला रूपमा छलफल नहुने यौनलाई **टुँडाल** उपन्यासले सरलीकृत गरेर पाठक सामु ल्याएको उल्लेख गरेका छन् । उनले यस उपन्यासले पाठकलाई उत्तेजित नबनाएर गम्भीर बनाउने बताएका छन् ।

शारदा भट्ट (२०६६) ले टुँडाल उपन्यासको कृतिपरक अध्ययनमा प्राचीन कालदेखि हेर्ने दृष्टिकोण अनि तत्कालीन सामाजिक, सांस्कृतिक,आध्यात्मिक मनोविज्ञान आदिमा समाजले हेर्ने दृष्टिकोण र नारीले भोग्नु परेका विविध समस्या त्यसमा पनि यौनलाई कारुणिक तरिकाले प्रस्तुत गरिएको छ भनेकी छन् ।

डा. दुर्गाबहादुर घर्ती (२०६७) ले टुँडाल उपन्यासमा भक्तपुर दरबार स्क्वायरस्थित पशुपति मन्दिरको टुँडालमा रतासन अङ्कित कलात्मक आकृतिलाई आधार बनाएर मानवीय यौन जीवनलाई हेरिएको र यौनप्रति मान्छेको स्वाभाविक आकर्षण हुने हुनाले ती टुँडाल पनि अकर्षणको केन्द्र बनेका छन् भन्ने बताएका छन् ।

यी पूर्व कार्यमा पर्याप्त रूपमा टुँडालको मनोविश्लेषणात्मकअध्ययन भएको छैन ।

### १.५अध्ययनको औचित्य, महत्त्व र उपयोगिता

कृष्ण धरावासीको **टुँडाल** (२०६६) प्रकाशन भएको छोटै समयमा उच्च ख्याति कमाउन सफल उपन्यास हो । यस उपन्यासका सम्बन्धमा समालोचकहरूले आ-आफ्ना मत राखेपनि मनोविश्लेषणात्मक कोणबाट अध्ययन अनुसन्धान नभएकाले यसै कोणबाट उपन्यासको अध्ययन गर्नु औचित्यपूर्ण छ । यस शोधपत्रमा कृतिका पात्रको मनोवैज्ञानिक कोणबाट विश्लेषण गरी विकारका रूपमा रहेका कुण्ठाहरूले व्यक्तिको जीवनमा कस्तो भूमिका खेल्छ भन्ने देखाइएको हुनाले र मनोविश्लेषणात्मक कोणबाट हालसम्म विश्लेषण नभएकाले शोधपत्र महत्त्वपूर्ण भएको छ ।

उपन्यासमा मनोविश्लेषणको सैद्धान्तिक आधार र यस आधारमा कुनै पात्र तथा विषयको अध्ययन, विश्लेषण, वर्गीकरण र मूल्याङ्कन  गर्न चाहने पाठक या अनुसन्धाताका लागि यो  उपयोगी हुनेछ ।

### १.६अध्ययनको सीमाङ्कन

यो शोधपत्र तयार पार्दा निम्नलिखित विषयमा केन्द्रित भई अध्ययन गरिएको छ ।

उपन्यासको सैद्धान्तिक आधारलाई सङ्क्षेपमा मात्र चर्चा गरिएको छ । **टुँडाल** उपन्यासको सामन्य परिचय मात्र दिइएको छ । यस उपन्यासको मनोविश्लेषणात्मक

कोणबाट मात्र अध्ययन गरिएको छ, अन्यबाट छैन ।लेखकका बारेमा सामान्य चर्चा गरिएको छ । धरावासीका अन्य उपन्यासको अध्ययन गरिएको छैन ।

## १.७शोधविधि

### १.७.१ सामग्री सङ्कलन विधि

यो शोधपत्र तयार पार्दा आवश्यक पर्ने सामग्री सङ्कलनका क्रममा प्राथमिक स्रोतका रूपमा लेखक स्वयं र उनका कृति रहेका छन् । द्वितीय स्रोतका रूपमा पुस्तकालयीय पद्धति प्रयोग गरिएको छ । आवश्यक परेका बेलामा टुँडालका अध्येताहरूसँग पनि सल्लाह लिइएको छ ।

### १.७.२ सामग्री विश्लेषण विधि

यस शोधपत्रको सामग्री विश्लेषणका क्रममा मनोविश्लेषणको पूर्व स्थापित मान्यता नै अनुसरण गरिएको हुनाले परम्परित पद्धति अँगालिएको छ । चरित्रको अध्ययन गर्ने क्रममा वैज्ञानिक पद्धति अन्तर्गतको वर्णनात्मक पद्धति अपनाइएको छ । पात्रको मनको विश्लेषण गर्ने क्रममा अन्तरविषयक पद्धति अपनाइएको छ ।

## १.८शोधपत्रको रूपरेखा

| | |
|---|---|
| परिच्छेद एक | शोधपरिचय |
| परिच्छेद दुई | उपन्यासको सैद्धान्तिक चर्चा र नेपाली मनोविश्लेषणात्मक उपन्यास परम्परा। |
| परिच्छेद तीन | कृष्ण धरावासीको  साहित्यिक रचना धर्मिता र औपन्यासिक प्रवृत्ति । |
| परिच्छेद चार | **टुँडाल** उपन्यासको मनोविश्लेषणात्मकअध्ययन । |
| परिच्छेद पाँच | उपसंहार |

# परिच्छेद दुई

# उपन्यासको सैद्धान्तिक चर्चा र नेपाली मनोविश्लेषणात्मक उपन्यास परम्परा

## २.१ उपन्यास विधाको उद्भव, विकास र मुख्यधारा

आधुनिक नेपाली साहित्यका विविध विधा मध्ये नवीन विधा उपन्यास हो । नवीन भएपनि 'उपन्यास' पूर्वीय साहित्यको अपरिचित विधा भने होइन । आज भन्दा २३ सय वर्ष अगाडि भरतमुनिको **नाट्यशास्त्र**, इस्वीको छैटौं शताब्दीमा भामहको **काव्यालङ्कार**, दण्डीको **काव्यदर्शन** आदि ग्रन्थमा 'उपन्यास' शब्दको प्रयोग भएको पाइन्छ(बस्नेत, २०६३ : १)। 'उपन्यास'संस्कृत भाषाबाट आएको (तत्सम) शब्द हो । संस्कृतमा 'उपन्यास' शब्दले कुनै वस्तु कसैको समीपमा राख्नु भन्ने अर्थ दिन्छ । 'अस्' धातुमा 'उप' र 'नि' उपसर्ग जोडी त्यसमा 'घञ्' प्रत्यय समेत लागेर उपन्यास शब्दको निर्माण भएको हो। राजेन्द्र सुवेदीका अनुसार 'उप' र 'न्यास' शब्दको संयोजनबाट निर्माण भएको उपन्यास शब्दले समीपमा विन्यास गरिने भन्ने अर्थ बुझाउँछ । 'उप' + 'नि'+ 'अस' + 'अ' अर्थात हुनु अर्थ बोध गराउने 'अस्' धातुमा 'नि' र 'उप' दुईओटा उपसर्ग मिलेर निर्मित भएको 'उपन्यास' शब्दलेनेपाली साहित्यको आख्यानात्मक प्रविधालाई सङ्केत गर्नमा प्रवृत्त छ (सुवेदी, २०६४ : १) ।

संस्कृत साहित्यमा उपन्यासलाई आनन्द दिलाउने तथा कुशलतापूर्वक कुनै अर्थ प्रस्तुत गर्ने विधाका रूपमा व्याख्या गरिन्थ्यो । आधुनिक साहित्यमा भने उपन्यासले केवल आनन्द मात्र नसमेटेर जीवन र जगतको समग्र प्रस्तुतिलाई समेट्दछ । त्यस्ता रचनालाई उपन्यास भनिन्छ जो हामीलाई आफ्नै जीवनको प्रतिच्छाया जस्तो लागोस् (प्रधान २०६१ : १३) ।

यसरी हेर्दा आधुनिक नेपाली उपन्यासले बोक्ने र संस्कृत उपन्यासले बोक्ने अर्थकाबीच भिन्नता देखिन्छ । आधुनिक नेपाली उपन्यासलाई संस्कृत साहित्यको परम्परामा गाँसेर त्यसैको विकसित रूप भन्न मिल्दैन । आज नेपाली साहित्यमा गरिमामय पहिचान बनाउन सफल उपन्यास विधालाई संस्कृतको भन्दा पाश्चात्य साहित्य चिन्तनको उपज मान्न सकिन्छ । उपन्यासको विधागत सम्बन्ध अंग्रेजी साहित्यको 'नोवेल' (Novel) सँग नजिक छ । अङ्ग्रेजीमा भनिने नोवेल (Novel) शब्द इटालियनको नोवेले (Novelle) बाट लिइएको हो र यसलाई ल्याटिन भाषाको नोवेस् (Novews) तथा नोवलस्(Novallows) शब्दकै रूपान्तरणमानिन्छ (प्रधान, २०६१ : १४) । ल्याटिन भाषमा नोवेल शब्दले समाचारपत्रको अर्थ बोक्दथ्यो । फ्रान्सेली भाषाको नोवेला (Novalla) नयाँ विधाको बोध गराउन पुग्यो । यसरी समाजमा घटेका घटनालाई समाचारका रूपमा टिपोट गर्दै अगाडिबढेको नोवेलले आधुनिक युगमा गद्यात्मक भाषाबाट जीवन जगतको समग्रतालाई समेट्न सफल भएको

देखिन्छ । अङ्ग्रेजी साहित्यको यही आख्यानात्मक विधा 'नोवेल' ले हिन्दी बङ्गाली हुँदै नेपाली साहित्यमा उपन्यासको रूपमा प्रवेश गरेर फस्टाउने मौका पाएको छ ।

संस्कृतमा आनन्दकोलागि प्रयोग गरिने 'उपन्यास' शब्दले आज संस्कृतको र पाश्चात्य जगतदुवैको अर्थ बोकेर अघि बढेको छ । सुरुमा जीवनको थोरै विषयवस्तुलाई समेट्ने यस विधाले आज जीवनको समग्रतालाई समेट्दछ । थोरै समयमा धेरै ख्याति कमाउन सफल देखिएको उपन्यास विधामा नवीन नवीन प्रयोग हुँदै आएका छन् ।

उद्भव कालदेखि हालसम्मको उपन्यासको विकास प्रक्रिया हेर्दा यसले धेरै घुम्तीहरू पार गरिसकेको देखिन्छ । त्यसैले यसलाई समय सुहाउँदो परिवर्तनशील विधाका रूपमा लिइन्छ । अठारौँ शताब्दीमा उपन्यासले समाजका सर्वाङ्गीण पक्षलाई विषयवस्तु बनाएको थियो । बिसौँशताब्दीमा आएर यसले विधागत तथा प्रवृत्तिगत विविधता अँगाल्दै अघि बढेको देखिन्छ । बिसौँशताब्दीको सुरुसँगै उपन्यासले यथार्थवादी धाराबाट प्रगतिवादी यथार्थवादी तथा मार्क्सवादी आदर्शवादी धारामा फड्को मार्‍यो (बस्नेत, २०५९ :४) । यसै अवधिमा अस्तित्ववादी उपन्यासको पनि जन्म भयो । अतियथार्थवादी लगायत मनोवैज्ञानिक उपन्यासहरू पनि बिसौँशताब्दीमा नै लेखिन थालेका हुन् ।

## २.२उपन्यासको परिभाषा

जीवनमा घट्ने घटनालाई सिलसिलाबद्ध रूपमा मिलाएर लेखिएको आख्यानात्मक रचना उपन्यास हो । यसमा मानव जीवनसँग सम्बन्धित घटनाहरूलाई सकेसम्म समावेश गरिएको हुन्छ । उपन्यासका सम्बन्धमा पश्चिम तथा पूर्वका शब्दकोशले तथा विद्वानहरूले आ-आफ्ना धारणा प्रस्तुत गरेका छन् । जसमध्ये केही प्रमुख यस प्रकार छन् :

न्यु इङ्लिस डिक्सनेरी अनुसारबृहत् आकार भएको गद्याख्यान अथवा वृत्तान्त जस अन्तर्गत वास्तविक जीवनको प्रतिनिधित्व गर्ने पात्र, चरित्र र कार्यको कथानकका आधारमा चित्रण गरिएको हुन्छ (सुवेदी, २०६४ : ११) ।

विश्व युनिभर्सिटी इन्साइक्लोपिडिया अनुसारउपन्यास साहित्यको अठारौँ शताब्दीपछिको गद्यात्मक आख्यानलाई बुझाउने अभिधात्मक शब्द हो । यसमा मानव जीवनको व्यापक पक्ष समेटिएको हुन्छ । उदाहरणका लागि **रबिन्सन क्रुसो**,**टमजोन्स** जस्ता बृहत् उपन्यास र चार्ल्स डिकेन्स, बाल्जाक जोला, र दोस्तोभेस्की जस्ता स्रष्टाका आख्यानात्मक रचना सफल उपन्यास हुन् (सुवेदी, २०६४ : ११) ।

उपन्यास धेरै अध्याय वा खण्डहरूमा लेखिने लामो साहित्यक कथा, चरित्रप्रधानगद्य महाकाव्य हो (नेपाली बृहत शब्दकोश, २०४० : १५२) ।

खास सामाजिक परिवेश तथा चरित्रहरूको चित्रण भएको धेरै परिच्छेदमा विभाजित आख्यानात्मक गद्यरचना उपन्यास हो (प्रयोगात्मक नेपाली शब्दकोश, २०६१ : ११५) ।

माथिका शब्दकोशीय परिभाषाबाहेक केही वैयक्तिक परिभाषा पनि यहाँ समेट्न उपयुक्त भएकाले त्यस्ता परिभाषा यहाँ उल्लेख गरिएको छ ।

एडिथ ह्वार्टनका अनुसार समय ठाउँ र महत्त्वको ख्याल राखेर तिनीहरूलाई कुनै निश्चित शैलीद्वारा शृङ्खलाबद्ध गरी कुनै एउटा रूपमा ढालेर समग्रतामा चित्रित गर्नु नै उपन्यासको स्वरूप हो(प्रधान, २०६१ :४) ।

कृष्णचन्द्रसिंह प्रधानका अनुसार उपन्यास जीवन र जगत प्रति नै एक विहङ्गम दृष्टि हो जसलाई बुझ्ने केलाउने र चित्रण गर्ने प्रयत्न अत्यन्त यथार्थिक हुन्छ । यथातथ्यको उद्घाटन मात्र नभएको यो एक सम्पूर्ण मनुष्य-जीवित मनुष्यको संसार हो (सुवेदी, २०६४ :१२) ।

हेनरी फिल्डिङ्गका अनुसार उपन्यास सुखान्त महाकाव्य हो ( बस्नेत २०६२ :१५) ।

उपन्यास यथार्थमा मानव जीवनको उद्गार हो । साँचो उपन्यास जीवनको छायाँ नै हुन्छ औ साँचो उपन्यास नै जीवनको मार्गदर्शक बन्दछ  (राई, २०५२ :४०) ।

जीवनको आकृति परिभाषा र आयाम जत्तिकै व्यापक र फराकिलो हुन्छ- उपन्यासको आकृति परिभाषा र आयाम पनि  (सुवेदी, २०६४ : १२) ।

उपर्युक्त परिभाषालाई केलाएर निष्कर्षमा उपन्यासलाई निम्न प्रकारले परिभाषित गर्न सकिन्छ ।

- उपन्यास निश्चित आयाम भएको गद्यमय आख्यान हो ।

- उपन्यास जीवनको नवीन रस सिर्जना गर्ने वस्तु हो ।

-उपन्यासमा मानव जीवनको समग्रतालाई उतरिएको हुन्छ ।

- उपन्यासमा पात्रहरूको यथार्थ जीवन उतारिएको हुन्छ ।

- उपन्यासका वस्तुविन्यास व्यवस्थित शृङ्खलित, सङ्गठित एवं पूर्ण हुन्छन् ।

- यो समख्यानात्मक विधि अपनाएर लेखिएको साहित्यिक विधा हो ।

उपर्युक्त बुँदाका आधारमा उपन्यासको परिभाषा के गर्न सकिन्छ भने जीवनको यथार्थ चित्र प्रस्तुत गर्ने निश्चित आयाम भएको महाकाव्यको समरूपगद्यमय आख्यानलाई उपन्यास भनिन्छ ।

## २.३ उपन्यासका तत्त्वहरू

उपन्यासको स्वरूपमा अनेकता, विषयगत विभिन्नता, परिभाषाहरूमा फरकपन देखिन्छ । उपन्यासमा यति धेरै भिन्नता हुँदहुँदै पनि तिनीहरूभित्र केही न केही समानताहरू देखिन्छन् । तिनै समानताहरू नै उपन्यासका तत्त्वहरू हुन् । उपन्यासका तत्त्वहरूका सम्बन्धमा पनि सबै विद्वानहरूको एकमत देखिँदैन । केही विद्वानहरूले उपन्यासका तत्त्व नभनेर उपकरण मात्र भनेका छन् । उपन्यासमा अति आवश्यक वस्तुहरूको संयोजन

गरिएको हुन्छ । त्यसरी संयोजन गर्दा देखिएका तत्त्वहरूलाई कसैले थोरैमा समेटेका छन् भने कसैले धेरैमा । आजसम्म सर्वमान्य रहँदै आएका उपन्यासका तत्त्वहरू यसप्रकार छन् :

### २.३.१ कथानक

उपन्यासको कथावस्तु नै कथानक हो । यो उपन्यासको कच्चा सामग्री हो । यसलाई सङ्गठित र परिष्कृत गरेर उपन्यासको रचना गरिन्छ । कथानक उपन्यासको आधारवस्तु हो । जसको निर्माण सामान्य र जटिल घटनाहरूको संयोजननबाट हुन्छ । अर्को शब्दमा भन्ने हो भने घटनाहरूलाई एक अर्कासँग उनेर सम्बन्ध जोड्ने र सुगठित गर्ने काम कथानकले गर्दछ (प्रधान, २०६१ :७) । कथानक हुनलाई घटना वस्तु र क्रियाकलापको आवश्यक पर्दछ । तिनै आवश्यक वस्तुहरूलाई सिलसिलबद्ध गर्ने काम कथानकले गर्दछ । कथानक बन्नका लागि घटना, वस्तु र क्रियाकलापको आवश्यक पर्दछ । परिवेश र चरित्रको विन्यास हुनुपर्दछ । कथाभित्र यी सबै तत्त्वहरू सम्बद्ध छन् भने तत्त्वका नाममा संयोजन भएर बस्ने गुण नै कथानक हो (सुवेदी, २०६४ :१८–१९) ।

प्रारम्भिक कालमा उपन्यासको सर्वोत्तम तत्त्वका रूपमा कथानकलाई लिइन्थ्यो । त्यस समयमा उपन्यासको सिर्जना गर्दा आदि, मध्य र अन्त्यको सिलसिला मिलाएर राखिने गरिन्थ्यो । आधुनिक युगमा भने कथानकलाई खासै महत्त्व नदिएर पनि उपन्यास लेखिन्छन् ।उपन्यासका तत्त्वहरूबाट नै कथानकलाई झिकेर उपन्यास लेख्ने गरेको पाइन्छ । आन्द्रे जौदको **मोनियस**,जेम्स जयसको**युलिपस** यस्ता उपन्यासका उदाहरण हुन् । यस्ता केही उपन्यासको आधारलाई मानेर उपन्यासमा कथानकको भूमिका छैन भन्नु युक्ति सङ्गत देखिँदैन । त्यसकारण उपन्यासको मुख्य तत्त्वका रूपमा कथानकलाई नै लिइन्छ (प्रधान, २०६१ : ७–८) ।

### २.३.२ चरित्र

परम्परागत उपन्यासमा कथानकलाई मुख्य तत्त्व भनेको देखिन्छ भने आधुनिक उपन्यासमा चरित्रलाई प्रधानता दिएको पाइन्छ । चरित्रचित्रणले गर्दा आधुनिक उपन्यास जीवनको भाष्य झैं वर्णित छ। यसकारण उपन्यासमाचरित्रको महत्ता सर्वोपरि मानिन्छ ( प्रधान २०६१ :८) । उपन्यासमा देखिने मानवीय र मानवेतर प्राणीलाई चरित्र भनिन्छ । यसले उपन्यासको कथानकलाई अगाडि बढ्न उपयुक्त मार्गनिर्देशन गर्दछ । चरित्रले उपन्यासलाई जीवन्तता प्रदान गर्दछ । सुरुसुरुमा उपन्यासको प्रमुख अङ्गको रूपमा कथानकलाई मानिन्थ्यो । आजभोलि भने चरित्रलाई प्राथमिकता दिएको पाइन्छ । उपन्यासका चरित्रहरू समाजबाट टिपिने गरिन्छ ।सामाजिक संरचनाको चित्रपनि चरित्रले नै उतार्ने काम गर्दछ । इतिहास समाज, प्रान्त र देशान्तर, प्रवृत्ति, जाति, पुस्ता र सभ्यता, परिस्थिति अनुसार चरित्रकै माध्यमबाट प्रकट हुने गर्दछ (सुवेदी २०६४ :२३) । उपन्यासको सफलता र असफलता चरित्रमा भर पर्ने गर्दछ ।

### २.३.३ कथोपकथन

कथोपकथन भन्नाले पात्रहरूबीचको संवादलाई बुझिन्छ । वर्णित घटना र दृश्यहरूमा सजीवता ल्याउने मात्र होइन रोचकता, स्वाभाविकता सृष्टि गर्नमा समेत कथोपकथनको महत्त्वपूर्ण भूमिका रहन्छ (प्रधान, २०६१ :८) । कथोपकथनका सहायताबाट नै पात्रका आन्तरिक तथा बाह्य जटिलताहरू, कुण्ठा र वितृष्णा, आकर्षण र विकर्षण थाहा पाउन सकिन्छ । कथोपकथन कै माध्यमबाट पात्र अनुकूल संवाद र अन्तर्मुखी मूल्यहरू पनि व्यक्त हुँदै जान्छन् (सुवेदी, २०६४ :२३) । कथोपकथनको सम्बन्ध बढी कथावस्तुसँग हुन्छ । पात्रहरू यसका मुख्य आधार भएकाले चरित्रचित्रण यसको सबैभन्दा निकटवर्ती तत्त्व हो । सामाजिक वातावरण अनुसारको संवाद चयनमा नै उपन्यासको सफलता असफलता निर्भर रहन्छ । यो उपन्यासको एक नाटकीय तत्त्व हो । नाटकमा अभिनयद्वारा व्यक्त गरिने कुरा यसमा संवादको माध्यमबाट व्यक्त गरिन्छ ।

### २.३.४ द्वन्द्व

कथोपकथन चरित्रचित्रणको निकटवर्ती तत्त्व हो भने द्वन्द्व कथानक र चरित्र दुवैको निकटवर्ती तत्त्व हो । द्वन्द्वकथावस्तु र पात्रलाई क्रियाकलापसँग आबद्ध गराएर अभिव्यक्ति दिने तत्त्व हो (सुवेदी,२०६४ :२४) । द्वन्द्वले उपन्यासमा आइपर्ने जटिलतालाई बुझउँछ । कथानकलाई अघिबढाउन उसका पात्रहरूबीचको द्वन्द्वले महत्त्वपूर्ण भूमिका खेल्दछ ।

### २.३.५ वातावरण (परिवेश)

वातावरण उपन्यासको यस्तो तत्त्व हो जसले पाठकलाई बाँध्ने परिस्थितिको सिर्जना गर्दछ । उपन्यासको घटना घट्ने वरिपरिको परिवेशलाई वातावरण भनिन्छ । वातावरणले देशका सामाजिक राजनैतिक धार्मिक रीतिरिवाज आदिलाई समेट्दछ । तत्कालीन परिवेश अनुकूलका पात्र र घटनाहरू समावेश गरेर उपन्यास लेख्नु पर्दछ । वातावरणकै आधारमा उपन्यासले आफ्नो सही लक्ष्य निर्धारण गर्दछ । देशकालको वातावरण विना उपन्यासको कथानकलाई विश्वसनीयता, पात्रलाई यथार्थता र ऐतिहासिकतालाई सङ्गीत प्रदान गर्न सकिँदैन (प्रधान, २०६१ :११) ।

### २.३.६ उद्देश्य

विना उद्देश्य कुनै चीजको पनि सिर्जना हुँदैन । उपन्यास लेखनको पनि निश्चित उद्देश्य रहेको हुन्छ । उद्देश्य विनाको लेखनले औपन्यासिक स्वरूप लिन सक्दैन । उपन्यासमा खास गरी सामाजिक समस्या र वैयक्तिक जीवनका विभिन्न पक्षको विस्तृत अध्यया हुनाले त्यसमा चित्रित जीवन र समस्याहरू यथातथ्य वर्तमान मात्र नभएर तिनीहरूको जीवन प्रति उपन्यासकारको कुनै विशिष्ट दृष्टिकोणलाई प्रकट गरिरहेका हुन्छन् (प्रधान, २०६१ :११) । प्रायःजसो उपन्यासको मूल नायक नयिकालाई उपन्यासकारले आफ्नो मुखपात्र बनाएको हुन्छ । तिनैका माध्यमबाट लेखकले आफ्ना उद्देश्य पाठक सामु पुऱ्याएको हुन्छ ।

### २.३.७दृष्टिविन्दु

उपन्यासमा कथावाचकले लिएको स्थानलाई दृष्टिविन्दु भनिन्छ । उपन्यासमा उपन्यासकारले कथावाचकका लागि उभिन वा बस्न रोजेको ठाउँ नै दृष्टिविन्दु हो । (बराल र एटम,२०५८ :३९) । दृष्टिविन्दु त्यो स्थिति, स्थान वा सीमा हो जसको माध्यमबाट उपन्यासकारले आफ्नो धारणालाई प्रस्तुत गर्दछ । उपन्यासमा उपन्यासकारले आफूले अनुभव गरेको, समेटेको वा कुनै अर्को पात्र भोक्त वा सहभागी भएर विभिन्न पीडा र चाप भोगिरहेको हुन्छ (सुवेदी, २०६४: ५७) ।उपन्यासमा उपन्यासकारले दुई प्रकारका दृष्टिविन्दुको प्रयोग गरेका हुन्छन् : आन्तिरिक दृष्टिविन्दु र बाह्य दृष्टिविन्दु ।

**क आन्तरिक दृष्टिविन्दु**

यस्ता उपन्यासमा कथावाचक आफै उपस्थित भएर कथालाई अगाडि बढाएको हुन्छ । आन्तरिक दृष्टिविन्दुलाई प्रथम पुरुष दृष्टिविन्दु पनि भनिन्छ ।

**ख बाहृय दृष्टिविन्दु**

यस्ता उपन्यासमा कथावाचक घटनास्थल भन्दा बाहिर रहेर अन्य पात्रको विश्लेषण गर्दछ । बाह्य दृष्टिविन्दुलाई तृतीयपुरुष दृष्टिविन्दु पनि भनिन्छ ।

## २.४ साहित्यका अन्य विधासँग उपन्यासको तुलना (समानता र असमानता)

सामान्यतया आफ्ना विचारहरू अरू समक्ष पुऱ्याउने माध्यम नै साहित्य हो । साहित्य विचार अभिव्यक्तिको बाटो हो (बस्नेत २०५९ :१६) । आफ्ना विचारहरू अरू समक्ष पुऱ्याउन साहित्यकारले साहित्यका विभिन्न विधाहरू रोजेका हुन्छन् । तिनै विभिन्न विधाहरू मध्येको एक विधा उपन्यास हो ।उपन्यास आफ्नो छुट्टै स्वतन्त्र अस्तित्व भएको स्वतन्त्र र भौतिक पहिचानसहितको छुट्टै विधा हो(सुवेदी, २०६४ :२८) । सबै साहित्य विचार अभिव्यक्तिको माध्यम भएका हुनाले उनीहरूबीच कहीँ न कहीँ समानताहरू रहेका हुन्छन् । कुनै एक विधाको अर्को कुनैविधासँग बढी सम्बन्ध रहन्छ भने कुनैसँग कम । उपन्यास र अन्य विधाबीचको सम्बन्धलाई यसरी देखाउन सकिन्छ ।

### २.४.१ उपन्यास र कथा

**समानता**

उपन्यास र कथा दुवै आख्यानात्मक गद्य विधा हुन् । दुवैमा वस्तुको विन्यास, कथानक, घटना संयोजन, वातावरण, विचार कुतूहलता कथोपकथन आदिको प्रयोग भएको हुन्छ (सुवेदी, २०६४ : २८) ।दुवै विधामा घटनालाई काल्पनिक चरित्रको माध्यमबाट प्रस्तुत गरिन्छ ।काल्पनिक चरित्रमा नै रचनाकार आफ्ना विचार समेट्छन् । पाश्चात्य साहित्यमा यी दुवैको उत्पत्ति 'नोवेला' र 'रोमान्स'बाट भएको हो । दुवै १९औँ शताब्दीमा विकसित भएका हुन् ।

**असमानता**

उपन्यासमा घटना वा वस्तु बृहत हुन्छ । कथामा घटना वा वस्तु सीमित हुन्छ । कथामा थोरै पात्रको प्रयोग भएको हुन्छ । उपन्यासमा बहुलपात्रको प्रयोग भएको हुन्छ । कथामा जीवन जगतको एक पक्षलाई मात्र समेटेको हुन्छ । उपन्यासमा जीवनको अधिकांशपक्षलाई समेटेको हुन्छ । उपन्यासको आयाम परिवेश र उद्देश्य ठूलो हुन्छ । कथाको आयाम परिवेश र उद्देश्य सानो हुन्छ । उपन्यासको गति दृश्यहरू र पर्यावरणको ज्ञान समेट्दै अघि बढ्ने विदेशी सौखिन पर्यटक जस्तै हुन्छ । कथाको गति हुलाकीको सीधा चाल जस्तै हुन्छ । उपन्यास एउटा व्यापक आयातनमा फैलिएको र गहन जलराशि भएको तलाउ हो । कथावरिपरि चौतारो भएको साजसज्जायुक्त निर्मित जलाशय हो (सुवेदी, २०६४ :२८) ।

**२.४. २उपन्यास र महाकाव्य**

**समानता**

उपन्यास र महाकाव्य दुवै बृहत आकार र आयामका हुन्छन् । दुवैमा वस्तु विन्यास र सर्ग विभाजन समान हुन्छन् । दुवैमा कथानक, घटनाको संयोजन, कुतूहल, चरित्र, कथोपकथन, विचार जस्ता साहित्यका विधागत तत्त्वहरू समावेश भएका हुन्छन् । जीवनको व्यापकतालई दुवैले समेटेको पाइन्छ । यिनै समानताका आधारमा नै महाकवि लक्ष्मीप्रसाद देबकोटाले आफ्नो**सुलोचना** महाकाव्यलाई चिनाउँदा पद्यमा लेखिएको उपन्यास भनेका छन् । टल्सटायको **वार एन्ड पिस**उपन्यासलाई गद्यमा लेखिएको महाकाव्य भनिएकोछ ।

**असमानता**

उपन्यास गद्यमा लेखिन्छ । महाकाव्य पद्यमा लेखिन्छ । उपन्यासका पात्र र पाठक दुवै सामान्य पनि हुनसक्छन् । महाकाव्यका पात्र र पाठक दुवै बौद्धिक हुन्छन् ।उपन्यासको भाषा सरल हुन्छ । महाकाव्यको भाषा जटिल हुन्छ । महाकाव्यमा सर्ग विभाजन अनिवार्य हुन्छ । उपन्यासमा सर्गविभाजन अनिवार्य छैन ।

**२.४.३उपन्यास र नाटक**

**समानता**

उपन्यास र नाटकमा पाइने मुख्य समान गुणहरू यसप्रकार छन् ।दुवै आख्यानात्मक विधा हुन् । खण्ड तथा दृश्य विभाजन, उद्देश्य, संवाद, कथानक जस्ता गुणहरू दुवैमा समान देखिन्छन् । हिजोआज नाटकीय शैलीका उपन्यास लेखन र रेडियो नाटक लेखनले यी दुई बीचको निकटतालाई अझ गाढा बनाएको छ । यी दुवै मौलिक र स्वतन्त्र विधा हुन् ।

**असमानता**

उपन्यास र नटकबीच केही समानता पाइए पनि बढी असमानता पाइन्छ । दुवैमा पाइने मुख्य असमानताहरू यस प्रकार छन् । प्रथमतः उपन्यास पाठ्य श्रव्य विधा हो भने नाटक मञ्चीय दृश्य विधा हो । उपन्यासमा समाख्यानात्मक प्रस्तुति हुन्छ । नाटकमा

अभिनयात्मक प्रस्तुति हुन्छ । उपन्यासमा आख्यानात्मक परिवेश प्रस्तुत गरिन्छ । नाटकमा कृत्रिम परिवेश र पर्दाको प्रयोग गरिन्छ । उपन्यासको भाषा अनिवार्य गद्य हुन्छ । नाटकको भाषामा गद्य र पद्यमा अनिवार्यता हुँदैन ।

### २.४.४ उपन्यास र आत्मकथा

**समानता**

उपन्यास र आत्मकथा दुवै गद्य भाषामा लेखिन्छन् । संस्मरणात्मकशैलीमा उपन्यास लेखनको परम्पराथालनी भएपछि यी दुवै बीचको सम्बन्ध अझ दरिलो बन्न पुगेको छ । यी दुवै साहित्यका पाठ्य र श्रव्य भेद अन्तर्गत पर्दछन् । प्रस्तुतिका शैलीले र जीवनमा घटेका घटना वर्णन गर्ने क्रममा यी दुई विधामा बढी समानता देखिन्छ ।

**असमानता**

उपन्यासमा आख्यान सबल हुन्छ । आत्मकथामा आख्यानलाई ख्याल गरिँदैन । उपन्यासमा विभिन्न प्रवृत्ति र प्रकृतिका चरित्र हुन्छन् । आत्मकथामा एकल चरित्रको उल्लेख भएको हुन्छ । उपन्यासको शैली असीमित र परिवर्तनशील हुन्छ । आत्मकथाको शैली एकै प्रकारको हुन्छ । उपन्यासले सामाजिक विषयलाई समेट्छ । आत्मकथाले व्यक्तिगत विषयलाई समेट्छ ।

### २.४.५ उपन्यास र अन्यविधा

उपन्यास र निबन्ध, उपन्यास र जीवनी, उपन्यास र समालोचना, उपन्यास र समाचार लेखनआदि जस्ता विषयहरूसँग उपन्यासको खासै सम्बन्ध देखिँदैन । सबै साहित्यिक विधा भएकाले कहीँ कतै केही समान गुण देखिनु स्वाभाविक हो ।

## २.५ आधुनिक उपन्यासको विकास प्रक्रिया

### २.५.१ नेपाली उपन्यासको पृष्ठभूमि

विश्व साहित्यमा नवीन विधाका रूपमा परिचित उपन्यासको इतिहास त्यति लामो छैन । इतिहास लामो नभए पनि उपन्यास शब्द भने धेरै पुरानो मानिन्छ । लगभग आजभन्दा २३ सय वर्ष अगाडि नै भरतमुनिले आफ्नो '**नाट्यशास्त्र**'मा यस शब्दको प्रयोग गरेकाछन् । त्यसपछि क्रमशः छैटौँ शताब्दीका भामहले '**काव्यालङ्कार**'मा, सातौँ शताब्दीमा दण्डीले '**काव्यदर्शन**'मा, दसौँमा '**दसरूपक**'मा, चौधौँ शताब्दीका विश्वनाथले '**साहित्य दर्पण**'मा उपन्यास शब्दको प्रयोग गरेका छन् । युरोपेली भूमिमा रमाइला छोटा खिस्साबाट सुरु भएको उपन्यास अठारौँ शताब्दीमा विकसित भएको हो । अङ्ग्रेजी साहित्यबाट हिन्दी वङ्गाली साहित्य हुँदै बिसौँ शताब्दीसँगै सुरु भएको आधुनिक नेपाली उपन्यासको पृष्ठभूमि पनि झन्डै पाश्चात्य साहित्यको जस्तै छ (बस्नेत, २०५९ :३७ ) । उपन्यासको पूर्वाधार कथा साहित्य नै हो । हाम्रोमा कथा वेद, ब्राह्मण, उपनिषद आदिमा पनि पाइएकाले उपन्यासलाई परम्परासँग जोड्ने प्रयास गरिन्छ (प्रधान, २०६१: १८) । संस्कृत साहित्यमा

देखिने कथालाई नै उपन्यासको पूर्व रूप मान्न नसकेपनि पूर्वाधार भने मान्न सकिन्छ । विभिन्न शिलालेखदेखि अघि बढेको नेपाली लेखन यात्रामा शक्तिबल्लभ अर्यालको '**विराटपर्व**'सम्मको अवधिलाई नेपाली उपन्यासको पृष्ठभूमि कालमानिन्छ ।

### २.५.२प्राथमिक तथा माध्यमिक आख्यान

शक्तिबल्लभको **महाभारत विराटपर्व** (१८२६) बाट गद्याख्यान क्षेत्रमा प्राथमिक काल सुरु भएको हो । यस अवधिको आख्यान **बहत्तरी सुगाको कथा**(१८५०),**लक्ष्मी धर्म संवाद**(१८५१), **त्रिरत्न सौन्दर्य गाथा,अध्यात्म रामायण**हुँदै अघि बढेको छ । **जंगबहादुरको बेलायत यात्रा**(१९५०) पछि प्राथमिक कालको अन्त्य भएको मानिन्छ । त्यस्तै नेपाली गद्याख्यान परम्परामा माध्यमिक कालको थालनी शिवदत्त शर्माको **वीरसिक्का**(१९५२) बाट भएको हो । संस्कृतबाट अनूदित भएपनि यसले तत्कालीन नेपाली समाजलाई समेट्न सफल भएको छ । यस समयमा दुई प्रकारका गद्याख्यान  लेखन परम्परा रहेको देखिन्छ ।

क) धार्मिक तथा वैदिक पौराणिक ग्रन्थबाट अनुवाद गरिएका नैतिक शिक्षा तथा उपदेश  दिने गद्याख्यान ।

ख) विभिन्न भाषाबाट अनुवाद गरिएका रामाख्यान तथा प्रेमाख्यानहरू ।

माध्यमिक काललाई अगाडि बढाउन देशविदेशबाट प्रकाशित साहित्यिक पत्रिकाहरूले महत्त्वपूर्ण भूमिका खेलेको पाइन्छ । वि.सं १९५८ मा प्राकाशित **गोरखापत्र** भारतमा प्रकाशन हुने **उपन्यास तरङ्गिणी**(१९५९),**सुन्दरी**(१९६३),**गोर्खाली**(१९७२) आदि पत्रिका पर्दछन् । यस समयका गद्याख्यानहरूमा गिरीश बल्लभ जोशीको**वीर चरित्र**(१९६०) ले गद्याख्यान लेखनको परम्परामा नयाँ आयाम थपेको देखिन्छ । यस समयका अन्य लेखकमा शदाशिव शर्मा, चक्रपाणि चालिसे, शम्भुप्रसाद ढुङ्गेल, पारसपणि प्रधान, आदि पर्दछन् । उनीहरूले गद्याख्यान उत्थानको लागि महत्त्वपूर्ण योगदान दिएका छन् । यस कालका गद्याख्यान परम्परालाई चरमोत्कर्षमा पुऱ्याउने काम विष्णुचरण श्रेष्ठको **सुमती**(१९९१) ले गरेको  देखिन्छ । रुद्रराज पाण्डेको **रूपमती**(१९९१) ले भने माध्यमिककालीन गद्याख्यान परम्परालाई तोड्दै नेपाली साहित्यमा आधुनिक नेपाली उपन्यास परम्पराको थालनी गऱ्यो ।

### २.५.३नेपाली उपन्यासको विकासमा विदेशी प्रभाव

उपन्यास विधाको उद्गम स्थल पश्चिमेली समाज हो । उद्गम स्थल पश्चिम भए पनि नेपाली उपन्यासमा यसको सोभै प्रभाव भने देखिँदैन । हाम्रा पुराना उपन्यास जासुसी तिलस्मी प्रकारका हुन्थे । यस्ता उपन्यासको इतिहास खोतल्दा अरबी फारसी साहित्यमा बढीमौलाएको देखिन्छ । यिनै अरबी फारसी उपन्यास हिन्दीमा अनुवाद हुन्थे । त्यसको सिको गर्दै हिन्दीमा नवीन सिर्जना पनि हुने गरेका थिए । राणाहरूको आँखाको तारो बनेर भागेर भारतमा शरण लिन जानेहरू र आफ्नो अध्ययनका लागि भारत जाने सबैले हिन्दी साहित्यको अध्ययन गर्थे । त्यसैको प्रभाव नेपाली साहित्यमा पनि परेको पाइन्छ । अतः

नेपाली उपन्यासमा सोझो प्रभाव हिन्दी साहित्यको परेको देखिन्छ । घुमाउरो प्रभाव भने अरबी र फारसीको पाइन्छ ।

बङ्गाली साहित्य हिन्दी साहित्य जस्तो थिएन । यसमाअङ्ग्रेजी साहित्यको नक्कल बढी गरिन्थ्यो । अङ्ग्रेजी भाषाको तुलनामा नेपालमा बङ्गाली भाषाको अध्ययन गर्ने बढी हुन्थ्ये । त्यसैले नेपाली उपन्यासमा बङ्गाली उपन्यासको पनि अनुवाद हुने गर्थ्यो ।यसरी नेपाली उपन्यासमा बङ्गालीको प्रत्यक्ष रअङ्ग्रेजी परोक्ष प्रभाव देखिन्छ । नेपाली उपन्यासमा हिन्दीको माध्यमबाट अरबी-फारसी भाषाका उपन्यासको प्रभाव देखिन्छ । बङ्गाली भाषाको माध्यमबाट अङ्ग्रेजी भाषका उपन्यासको प्रभाव परेको देखिन्छ ।

## २.६ उपन्यासको प्रकारगत वर्गीकरण

उपन्यास लेखनको इतिहास छोटो भएपनि विभिन्न तत्त्वका कारणले यसले आफूमा विविधता हासिल गर्न सफल भएको छ । यही विविधताका आधारमा उपन्यासलाई विभिन्न प्रकारले वर्गीकरणगर्नेगरिन्छ। साधारणतः कथानक, भाषाशैली,विषयवस्तु, स्रोत र विचारधारा,चिन्तनका आधारमा र औपन्यासिक प्रवृत्तिका आधारमा यसको वर्गीकरण गर्न सकिन्छ (बस्नेत २०५९ :३१) ।

### २.६.१ कथानकका आधारमा

कथानक उपन्यासको एक महत्त्वपूर्ण तत्त्व हो । कथानकका आधारमा उपन्यासलाई निम्न प्रकारले वर्गीकरण गर्न सकिन्छ ।

#### २.६.१.१ घटनाप्रधान उपन्यास

घटनाको वर्णनलाई बढी महत्त्व दिइएका उपन्यासलाई घटनाप्रधान उपन्यास भनिन्छ । यस प्रकारका उपन्यासमा चरित्रलाई भन्दा कथावस्तुको सङ्गठनलाई बढी ध्यान दिइएको पाइन्छ । साहसिक र जासुसी उपन्यासहरू यसभित्र पर्दछन् । यसमा घटनाको शृङ्खलितर व्यवस्थित संयोजन र विस्तार हुन्छ (बस्नेत, २०५९ :३१) । घटना प्रधान उपन्यासमा उपन्यासकारले पाठकको मनोरञ्जनकालागि र कुनै सामाजिक तथा राजनैतिक समस्याकालागि कथावस्तुको सङ्गठन गर्छन् । रूपनारायण सिंहको **भ्रमर** घटनाप्रधान उपन्यास हो ।

#### २.६.१.२ चरित्रप्रधान उपन्यास

यस्ता उपन्यासमा घटनालाई भन्दा चरित्रलाई महत्त्व दिइन्छ । पात्रको सक्रिय उपस्थिति र उसको मानसिक विश्लेषण भएका उपन्यासलाई चरित्रप्रधान उपन्यास भनिन्छ (बस्नेत २०५९ : ३१) । यस्ता उपन्यासमा मूल पात्रकालागि घटना सिर्जना गरिएको हुन्छ । उपन्यासको सम्पूर्ण घटना चरित्रको वरिपरि घुमेको हुन्छ । प्रायशः मनोवैज्ञानिक उपन्यासहरू यस कोटिमा पर्दछन् । लैनसिंह वाङ्देलको **लङ्गडाको साथी**,विजय मल्लको **अनुराधा**चरित्रप्रधान उपन्यास हुन् ।

### २.६.१.३चित्रात्मक उपन्यास (घटना र चरित्र मिश्रित उपन्यास)

चित्रात्मक उपन्यासमा कथावस्तुलाई अघि बढाउन घटना र चरित्रले उत्तिकै भूमिका खेलेका हुन्छन् । यस्ता उपन्यासमा कतै घटनाले चरित्रलाई डोऱ्याएकोहुन्छ भने कतै चरित्रले घटनालाई डोऱ्याउँदछ । त्यसैले यस्ता उपन्यासलाई मिश्रित प्रकारका उपन्यास पनि भनिन्छ । इन्द्रबहादुर राईको **आज रमिता छ** चित्रात्मक उपन्यास हो ।

## २.६.२ शैलीका आधारमा उपन्यासको वर्गीकरण ।

प्रत्येक साहित्यकारले साहित्य सिर्जना गर्दा आफ्नो छुट्टै शैली प्रयोग गरेका हुन्छन् । साहित्यका अन्य विधामा जस्तै उपन्यासमा पनि विभिन्न शैली प्रयोग भएको पाइन्छ । शैलीका आधारमा उपन्यासको वर्गीकरण निम्न प्रकारले गर्न सकिन्छ ।

### २.६.२.१वर्णनात्मक उपन्यास

वर्णनात्मक उपन्यासमा प्रयोग भएका घटना, पात्र, देश, काल, वातावरण, आदिको विश्लेषण उपन्यासकार स्वयंले गर्ने गर्दछन् । उपन्यासमा उपन्यासकारले घटना पात्र र परिवेशलाई सिलसिलबद्ध रूपमा वर्णन गर्दछ भने त्यस्ता उपन्यासलाई वर्णनात्मक उपन्यास भनिन्छ (बस्नेत,२०५९ : ३२) । यस्ता उपन्यास तृतीय पुरुष दृष्टिविन्दुमा लेखिन्छ ।उपन्यासका घटनाहरू इतिहासमा जस्तो सरल हुन्छन् । लैनसिहं वाङ्देलको **मुलुक बाहिर**,इन्द्रबहादुर राईको **आज रमिता छ**वर्णनात्मक उपन्यास हुन् ।

### २.६.२.२ आत्मकथात्मक उपन्यास

यस्ता उपन्यासमा पात्रले घटनालाई आत्मकथाकै रूपमा प्रस्तुत गर्दछन् । यी उपन्यासस्मरणात्मक शैलीमा लेखिन्छन् । यस्ता उपन्यासमा प्रथम पुरुष दृष्टिविन्दुको प्रयोग भएको हुन्छ । घटनालाई भन्दा चरित्रलाई बढी प्राथमिकता दिनु यस्ता उपन्यासको विशेषता हो । विजय मल्लको**अनुराधा**, कृष्ण धरावासीको**आधाबाटो**जस्ता रचनाहरू आत्मकथात्मक उपन्यासभित्र पर्दछन् ।

### २.६.२.३पत्रात्मक उपन्यास

पत्रात्मक उपन्यासमा पात्रको पत्र मार्फत कथानक अगाडि बढ्दछ । औपन्यासिक घटना, कार्यव्यपार चरित्र आदि पत्रकै आधारमा निर्धारण गरिएको हुन्छ । पत्रको नायक नै उपन्यासको प्रमुख पात्र हुन्छ । यस्ता उपन्यासमा लेखक प्रस्तोताको रूपमा आउँदछ । यस प्रकारका उपन्यासमा पात्रको वैयक्तिक भावनाको अभिव्यक्ति हुन्छ ।उपन्यासमा पत्रभित्र नै सम्पूर्ण औपन्यासिक तत्त्वहरू समेटिएका हुन्छन् । असित राईको **पहिरो जाने पहाड**यस्तै शैलीमा लेखिएको उपन्यास हो ।

### २.६.२.४ दैनिकी उपन्यास

व्यक्तिले आफ्नो दैनिक जीवनमा घटेका घटनालाई टिपोट गरेर राख्नुलाई दैनिकी भनिन्छ । यस्ता उपन्यासमा प्रमुख पात्रको दैनिकी उतारिएको हुन्छ । यस्ता उपन्यासमा दैनिकीकार मात्र मञ्चीय पात्र हुन्छन् । दैनिकी उपन्यासमा मुख्य पात्रको जीवनमा घटेका स्मरणीय घटनाहरूको सङ्कलन समेटिएको हुन्छ । पारिजातको **अन्तर्मुखी,** नारायण वाग्लेको**पल्पसाक्याफे,**देवेन्द्र भट्टराईको **रेगिस्तानकोडायरी**दैनिकी शैलीमा लेखिएका उपन्यास हुन् ।

### २.६.२.५नाटकीय उपन्यास

संवादका माध्यमबाट कथानकले गति पाउने उपन्यासलाई नाटकीय उपन्यास भनिन्छ । यस्ता उपन्यासमा घटनालाई चरित्रले र चरित्रलाई घटनाले अघि बढाएको हुन्छ । घटना र चरित्र एक अर्कामा निर्भर रहने उपन्यासमा चरित्रले संवादका माध्यमबाट कथानकलाई अघि बढाएको छ भने त्यस्तो उपन्यासलाई नाटकीय शैलीको उपन्यास भनिन्छ (बस्नेत २०५९ :३३) । यस्ता उपन्यासमा समय परिवर्तनशील हुनका साथै पात्रहरू गतिशील हुन्छन् । लीलबहादुर क्षेत्रीको **बसाइँ,** लीलाध्वज थापाको **मन** यसप्रकारका उपन्यास भित्र पर्दछन् ।

### २.६.२.६चेतनप्रवाह शैलीका उपन्यास

पात्रको असङ्गत कल्पना र चेतनाको प्रस्तुतिद्वारा उसको स्वभावको विश्लेषण गरी लेखिएका उपन्यासलाई चेतनप्रवाह शैलीका उपन्यास भनिन्छ ।यस्ता उपन्यासमा व्यक्तिको आन्तरिक जीवनको पाटो थाहा पाउन आन्तरिक एकालापको व्यवस्था गरिन्छ । यस्ता उपन्यासकारको स्मरणमा आएका कुरालाई जस्ताको तस्तै उतारिन्छ । स्वतन्त्र मन र चिन्तनद्वारा व्यक्तिको आन्तरिक जीवनलाई उपन्यासमा देखइएको हुन्छ । स्वतन्त्र अवस्थामा रहँदा हाम्रो चिन्तनको कुनै गोरेटो हुँदैन । कुनै तर्क हुँदैन भन्ने आधारमा चेतनप्रवाह शैलीको प्रयोग भएको हुन्छ (गौतम २०६० : २७) । मञ्जुलको **छेकुडोल्मा,** ध्रुवचन्द्र गौतमको**उपसंहार तथा चौथो अन्त्य** चेतनप्रवाह शैलीका उपन्यास हुन् ।

## २.७विषयवस्तुका आधारमा गरिएको वर्गीकरण

उपन्यासको एक प्रमुख तत्त्व कथानक बन्नकालागि आवश्यक पर्ने कच्चा पदार्थ नै विषयवस्तु हो । विषयवस्तुका आधारमा उपन्यासको वर्गीकरण निम्न प्रकारले गर्न सकिन्छ :

### २.७.१साहसिक उपन्यास

यथार्थभन्दा पर रहेर अतिमानवीय र स्वैरकल्पनात्मक विषयवस्तु समेटेर तयार पारिएका उपन्यासलाई साहसिकउपन्यास भनिन्छ । यस्ता उपन्यासमा लेखकीय कल्पना शक्तिको भूमिका महत्त्वपूर्ण हुन्छ । यस्ता उपन्यासमा रहस्य, रोमान्स, दैवी चमत्कार, साहसिक कार्य, तिलस्मी, ऐयासी जस्ता प्रवृत्तिहरू समेटिएका हुन्छन् । साहसिक उपन्यासमाठूलाठूला घटनालाई अपत्यारिलो तरिकाले साहसका साथ समाधान गरेको

देखाइएको हुन्छ । उत्साह र वीरताको नाममा मान्छेले धान्नै नसक्ने खालका आवेग, तिलस्मीपूर्ण क्रियाकलापहरू अद्‌भुत तवरबाट प्रस्तुत गरिएको हुन्छ (सुवेदी २०६४ : १९) । गिरीश बल्लभ जोशीको **वीर चरित्र,** शिवदत्त शर्माको**वीरसिक्का**साहसिक उपन्यासका उदाहरण हुन् ।

### २.७.२पौराणिक तथा मिथकीय उपन्यास

समाजमा रहदैं आएका विश्वास र प्रचलनमा आधारित भएर लेखिएका उपन्यासलाई पौराणिक तथा मिथकीय उपन्यास भनिन्छ । यस्ता उपन्यासमा पुराण दन्त्यकथाका साथै अन्य जनश्रुतिका घटनालाई लेखकले आफ्नो कल्पना शक्तिद्वारा आधुनिकतामा ढालेको हुन्छ । परापूर्वकालमा मानवीय स्वभाव तथा कार्यहरूको वर्णन गरिएका उपन्यास नै पौराणिक तथा मिथकीय उपन्यास हुन् (बस्नेत,२०५९ : ३४) । विश्वेश्वरप्रसाद कोइरालाको **सुम्निमा,**कृष्ण धरावासीको**राधा**पौराणिक तथा मिथकीय उपन्यास हुन् ।

### २.७.३ऐतिहासिक उपन्यास

लेखकको जन्मभन्दा अगाडि नै घटिसकेका घटनालाई आधार मानेर लेखिएका उपन्यासलाई ऐतिहासिक उपन्यास भनिन्छ । इतिहासमा घटेका कुनै यथार्थ घटनाहरूमा कोही व्यक्ति विशेषको भूमिका महत्त्वपूर्ण हुन्छ । इतिहासमा घटेका यस्तै घटनालाई तत्कालीन समयकै देश, काल, वातावरण र पात्रहरूको छनोट गरेर लेखिएका उपन्यास नै ऐतिहासिक उपन्यास हुन् । डायमन शम्सेरका **वसन्ती**, **सेतो बाघ**राम्रा ऐतिहासिक उपन्यास मानिन्छन् ।

### २.७.४ सांस्कृतिक उपन्यास

समाजम प्रचलित संस्कार, परम्परा, रीतिरिवाज, रहनसहन आदि जस्ता कुराहरूलाई विषयवस्तु बनाएर लेखिएका उपन्यासलाई सांस्कृतिक उपन्यास भनिन्छ । यस्ता उपन्यासमा समाजमा प्रचलित संस्कारहरूको विश्लेषण गरिएको हुन्छ । दौलत विक्रम विष्टको **ज्योति ज्योति महाज्योति,** कृष्ण धरावासीको**टुँडाल** आदि सांस्कृतिक उपन्यास हुन् ।

### २.७.५सामाजिक उपन्यास

सामाजिक उपन्यासले समाजका व्यक्तित्व तथा वर्गगत समस्या समेट्छ । यस्ता उपन्यासभित्रसमाजका सांस्कृतिक, धार्मिक, आर्थिक, राजनैतिक पक्ष लगायत समाजमा देखिने सुख, दुःख, अन्याय, अत्याचार, माया, मोह, प्रेम,बिछोड जस्ता कुराहरूलाई समेटिएको हुन्छ । समाजको यथार्थ चित्रण गर्दै आदर्श समाजको परिकल्पना गरेर सामाजिक उपन्यासहरू लेखिएका हुन्छन् । सामाजिक उपन्यासमा सामाजिक धरातलमा रहेर तृतीय पुरुष दृष्टिविन्दु प्रयोग गरिएको हुन्छ ।यस्ता उपन्यासको शैली वर्णनात्मक हुन्छ । रुद्रराज पाण्डेका**रूपमती,**रूपनारायण सिंहको **भ्रमर** जस्ता उपन्यासहरू राम्रा सामाजिक उपन्यास हुन् ।

### २.७.६ मनोवैज्ञानिक उपन्यास

व्यक्तिको अन्तर्मनको यथार्थ उद्घाटन गरेर लेखिएका उपन्यास मनोवैज्ञानिक उपन्यास हुन् । विशेष गरेर फ्रायड,युङ्ग अनि एडलरका सिद्धान्त अनुसार यस्ता उपन्यासको रचना गरिन्छ । यस्ता उपन्यासमा व्यक्तिको मानसिक विश्लेषणद्वारा अन्तरमनमा रहेका मनोविकृति र त्यसको कारण जस्ता कुराहरू चित्रण गरिएका हुन्छन् । मनोवैज्ञानिक उपन्यासमा व्यक्तिको आन्द्रा भुँडी खोतल्ने काम हुन्छ(बस्नेत, २०५९ : २३) । यस्ता उपन्यासले व्यक्तिभित्रका मानसिक विकृति, कुण्ठा, नैराश्यता, असामान्य स्थिति, विभिन्न मनोग्रन्थिहरूलाई आफ्नो विषयवस्तु बनाएका हुन्छन् । गोविन्दबहादुर मल्ल गोठालेको **पल्लो घरको झ्याल,** विजय मल्लको**अनुराधा**, विश्वेश्वरप्रसाद कोइरालाका **तीनघुम्ती, नरेन्द्र दाइ,** कृष्ण धरावासीको **टुँडाल**उत्कृष्ट मनोवैज्ञानिक उपन्यासभित्र पर्दछन् ।

### २.७.७आञ्चलिक उपन्यास

कुनै निश्चित सानो परिवेशलाई आधार बनाएर लेखिने उपन्यासलाई आञ्चलिक उपन्यास भनिन्छ । यस्ता उपन्यासहरूमा निश्चित क्षेत्रमा रहेका स्थानीय परम्परा संस्कार, जीविकोपार्जनको उपय, त्यहाँको भू-बनोट आदिको उल्लेख गरिएको हुन्छ । शङ्कर कोइरालाको **खैरेनीघाट**,कृष्ण धरावासीको **टुँडाल** आञ्चलिक उपन्यासका उदाहरण हुन् ।

### २.७.८वैचारिक उपन्यास

कुनै विचारधारा, चिन्तन आदिलाई प्रस्तुत गर्ने उद्देश्यले रचिएका उपन्यासलाई वैचारिक उपन्यास भनिन्छ । वैचारिक उपन्यासभित्र प्रगतिवादी, आदर्शवादी, यथार्थवादी आदि जस्ता उपन्यासहरू पर्दछन् । हृदयचन्द्रसिंह प्रधानको **एक चिहान,** पारिजातको **शिरीषको फूल**उत्कृष्ट वैचारिक उपन्यास हुन् ।

### २.७.९ वैज्ञानिक उपन्यास

आधुनिक युगमा विज्ञानले गरेको चमत्कारलाई देखाउने उद्देश्यले त्यसैलाई आफ्नो विषयवस्तु बनाएर लेखिएका उपन्यास वैज्ञानिक उपन्यास हुन् । वैज्ञानिक उपन्यासमा विज्ञानको महत्त्व दर्शाउँदै नवीन र रोचक आविष्कारका सम्भावना देखाइएको हुन्छ । त्यस्तै यस्ता उपन्यासमा विज्ञानले गरेका र गर्न सक्ने सम्भावनालाई उपन्यासकारले आफ्नो कल्पनाद्वारा रोचकता प्रदान गरेका हुन्छन् । सरुभक्तको **एउटा अभिनय आत्मकथा**वैज्ञानिक उपन्यासभित्र पर्दछ ।

### २.७.१०जीवनीमूलक उपन्यास

कुनै एक व्यक्ति विशेषको जीवनमा घटेका घटनालाई आधार बनाएर लेखिएका उपन्यासलाई जीवनीमूलक उपन्यास भनिन्छ । यस्ता उपन्यासमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा ख्यातिप्राप्त व्यक्तिको जीवनमा घटेका दुःखद घटनालाई कथावस्तु बनाएर लेखिएको

हुन्छ । लैनसिंह वाङ्देलको**रेम्ब्रान्ट**जीवनीमूलक उपन्यास हो । यसमा सत्रौँ शताब्दीका महान कलाकार रेम्ब्रान्टको दुःखी जीवनलाई यथार्थ रूपमा प्रस्तुत गरिएको छ (गौतम, २०६०: २५ ) । कृष्ण धरावासीको **आधाबाटो**पनि जीवनीमूलक उपन्यासको उत्कृष्ट नमुना हो ।

## २.८ आधुनिक नेपाली उपन्यासका धारा तथा प्रवृत्तिहरू

आधुनिक भन्नाले वर्तमानको सेरोफेरोलाई बुझिन्छ । उपन्यास साहित्यको नवीन विधा भएपनि आफ्नो छुट्टै पहिचनकासाथ अगाडि बढेको छ । आधुनिक नेपाली उपन्यासको इतिहास हेर्दा एक शतक पनि पुगीनसकेको अवस्था छ । विक्रम संवत् १९९१ मा लिखित विष्णुचरण श्रेष्ठको **सुमती**र १९९१ सालमा प्रकाशित रुद्रराज पाण्डेको **रूपमती**उपन्यासले आधुनिक नेपाली उपन्यासको प्रवर्तन गरेको मानिन्छ (प्रधान, २०६४ :५५) ।

१९९१ सालमा स्थापित भएको आधुनिक उपन्यास लेखन परम्पराले आजसम्म विभिन्न घुम्ती तथा मोडहरू पार गरिसकेको छ । यसबीच विभिन्न धारा तथा प्रवृत्तिहरूको प्रयोग हुँदै आएकोछ । आधुनिक नेपाली उपन्यासको क्षेत्रमा देखिएका प्रमुख धारा र प्रवृत्तिहरू यसप्रकार छन् ।

### २.८.१आदर्शवादी धारा

आधुनिक उपन्यास लेखनको थलनी आदर्शवादी धाराबाट भएको हो । यस धारामा लेखिएका उपन्यासमा समाजमा विद्यमान घटनाबाट कथावस्तु लिइन्छ । यस्ता उपन्यासमा सत्पात्रको विजय र असत् पात्रको पराजय देखाइन्छ । नैतिकता, अनुशासन, आदर्श र शिष्टताका पक्षहरू उपन्यासभित्र गम्भीर दायित्व स्विकार्ने प्रवृत्तिका बनेर बसेका छन्(सुवेदी, २०६४ :६८) । समाजका नैतिक मूल्य मान्यता, पाप, धर्म, संस्कार, रीतिरिवाज आदिलाई विषयवस्तु बनाइएको हुन्छ । नैतिकता धर्म संस्कार रीतिरिवाजको अनुसरण गर्ने व्यक्तिलाई उपन्यासको नायक अथवा नयिका बनाइएको हुन्छ । नायक नायिकाको विजय यस्ता उपन्यासको प्रमुख लक्ष्य हो । उपन्यासका अन्य पात्रले पहिले जस्तोसुकै भूमिका निभाएको भए पनि अन्त्यमा नायक नायिकाको शरणमा पर्नै पर्ने बाध्यकारी परिस्थितिको सिर्जना गरिएको हुन्छ । रुद्रराज पाण्डेको**रूपमती**, तोयानिधि कोइरालाको**समर्पण र प्राप्ति** आदर्शवादी उपन्यासभित्र पर्दछन् ।

आदर्शवादी उपन्यास पूर्वीय चिन्तनमा रहेका आध्यात्मिक आस्थालाई टेकेररचना गरिएकोहुन्छ । आदर्शवादी उपन्यासको मूल लक्ष्य सामाजिक विकृतिको निराकरण र चारित्रिक परिष्कार गर्नु रहेको देखिन्छ ।

### २.८.२ स्वच्छन्दतावादी धारा

यथार्थ जीवनदेखि भागेर स्वतन्त्र र स्वच्छन्द जीवनको कल्पनामा लेखिएका उपन्यास स्वच्छन्दतावादी उपन्यास हुन् । यस्ता उपन्यासमा प्रकृतिको मनमोहक चित्रण र ईश्वरीय रहस्यको प्रतिस्थापन पाइन्छ । यो धारा आधुनिक नेपाली उपन्यासको दोस्रो उपलब्धि हो । भाव पक्षलाई जोड दिँदै वैयक्तिक पक्षको चित्रण गर्नु यस धाराको मूल प्रवृत्ति हो ।

बन्धनलाई जाँचेर स्वतन्त्र र स्वच्छन्द जीवनको वकालत गर्नु तथा त्यसमा उन्मुक्त प्रेमको स्वरूप प्राप्त गर्नु स्वच्छन्दतावादका मूल लक्षणहुन् (बराल र एटम, २०५९ : १०१) । रूपनारायण सिंहको**भ्रमर**(१९९३) बाट नेपाली उपन्यासमा स्वच्छन्दतावाद भित्रिएको हो । यो धारा हालसम्मपनि आफ्नो अस्तित्व बचाइराख्न सफल भएको छ । मोहनबहादुरमल्लको**उजेली छायाँ,**अच्छा राई रसिकको**लगान,**लीलाध्वज थापाको**मन** उत्कृष्ट स्वच्छन्दतावादी उपन्यास हुन् ।

प्रथम तथा दोस्रो विश्व युद्धमा भाग लिन गएका युवाहरूले भोग्नु पर्ने कारुणिक मानसिकताको उजागर गर्ने काम स्वच्छन्दतावादी उपन्यासमा भएको छ ।

### २.८.३ सामाजिक यथार्थवादी धारा

यस प्रकारका उपन्यासमा समाज, व्यक्ति र जीवन जे जस्तो छ त्यस्तै रूपमा देखाइन्छ । यस्ता उपन्यासमा कथ्य भाषाको प्रस्तुति पाइन्छ । महत्त्वहीन ठानिएका घटना, पात्र र स्थानको सूक्ष्म विश्लेषण गरिएको हुन्छ । यस धाराका उपन्यासमा दैवी शक्तिलाई विश्वास गरिन्छ । नियन्त्रित इन्द्रीय शक्तिलाई प्राथमिकता दिँदै उन्नत समाजको निर्माण यसको उद्देश्य हुन्छ । आत्मजगतलाई भन्दा बाह्य यथार्थलाई प्रकट गर्ने काम यस्ता उपन्यासले गर्दछन् । लैनसिंह वाङ्देलको**मुलुक बाहिर**(२००४) बाट भित्रिएको यो धारा हालसम्म पनि प्रचलनमा रहेको छ । लीलबहादुर क्षेत्रीको **बसाइँ,** पूर्णप्रकाश नेपाल यात्रीको **आँधीमय जीवन**सामाजिक यथार्थवादी उपन्यासभित्र पर्दछन् ।

भारतीय भूमिमा जन्मिएको समाजिक यथार्थवादमा जातभात, छुवाछुत, बिहाबारी, धर्म, संस्कार काजक्रिया आदि जस्ता कुरा समेटिएका हुन्छन् । यस्ता उपन्यासले वर्तमान समाजका यथार्थ घटनालाई कथावस्तु बनाएको हुन्छ ।

### २.८.४ ऐतिहासिक यथार्थवादी धारा

इतिहासमा घटेका महत्त्वपूर्ण घटना, चरित्र, अवस्था आदिलाई कथावस्तु बनाएर लेखिएका उपन्यास ऐतिहासिक यथार्थवादी उपन्यास हुन् । इतिहास यथार्थमा लेखिने भएकोले इतिहासको यथार्थविहीन घटनालाई कल्पनाले साँध्ने काम गर्दा त्यो उपन्याससफल हुन सक्दैन । यसर्थ ऐतिहासिक उपन्यास इतिहास जस्तै यथार्थ हुनुपर्दछ । ऐतिहासिक उपन्यास पनि त्यस्तै ऐतिहासिक कालको यथार्थ सामाजिक परिस्थिति अथवा घटना र व्यक्ति विशेषलाई नै अङ्गीकार गरेर समयको यथार्थ जीवन धारामा समाहित भएको हुनुपर्छ (प्रधान, २०६१ :१२६ ) । आधुनिक नेपाली उपन्यासमा ऐतिहासिक धाराको थालनी डायमन शमशेर राणाको **वसन्ती**(२०००) बाट भएको हो । श्री कृष्ण श्रेष्ठको**जंगबहादुर**, डायमन शमशेरकै **सेतो बाघ**उत्कृष्ट ऐतिहासिक यथार्थवादी उपन्यास हुन् ।

ऐतिहासिक घटनालाई जस्ताको तस्तै नउतारेको भए पनि यस्ता उपन्यासमा इतिहासको मूल मर्म भने अनिवार्य समेटिएको हुन्छ ।ऐतिहासिक यथार्थवादी उपन्यासले इतिहास जस्तो बिरसिलो विधालाई पनि रसिलो बनाइदिन्छ ।

### २.८.५आलोचनात्मक यथार्थवादी धारा

समाजको यथार्थ चित्रण गर्दै त्यसमा देखा पर्ने कुरीति, अन्याय, अत्याचार, शोषण, अन्धविश्वास आदिको आलोचना गरेर लेखिएका उपन्यास आलोचनात्मक यथार्थवादीउपन्यास हुन् । यस्ता उपन्यासमा बिछोडको बाटो उठाए पनि स्थायी समाधानको बाटो भने खोजेको भेटिँदैन । उभो लाग्न नदिएर गतिरुद्ध गर्ने समाजका अहितकार कार्यहरू तथा दूषित तत्त्वहरू अन्धविश्वास, शोषण र सामाजिक कुप्रथाहरू अध्ययन गरेर तिनीहरूको विवेचना, आलोचना गर्ने प्रवृत्ति विशेषलाई आलोचनात्मक यथार्थवादको संज्ञा दिइन्छ(प्रधान, २०६१ : १४९) । हृदयचन्द्र सिंहको **स्वास्नीमान्छे**(२०११) उपन्यासबाट आधुनिक नेपाली उपन्यासमा यसधाराले प्रवेश गरेको हो । खड्गबहादुर सिंहको **विद्रोह** भाग एक र दुई, दौलत विक्रम विष्टको **भोक र भित्ताहरू** यसप्रकारका उपन्यास अन्तर्गत पर्दछन् ।

आलोचनात्मक यथार्थवादले साहित्यलाई कल्पनाका आधारमा नभएर उपयोगिताका आधारमा मूल्याङ्कन गर्ने गर्दछ । यो समाजमा विद्यमान समस्या समाधान गर्न पट्टि नलागेर आलोचनामा लाग्दछ ।

### २.८.६ विसङ्गतिवादी अस्तित्ववादी धारा

विसङ्गतिवादी र अस्तित्ववादी धारा छुट्टाछुट्टै तर एक अर्काका परिपूरक धारा हुन् । विङ्गतिका बीच अस्तित्वको खोजी गरिने हुनाले यी दुवै विधालाई एउटै धारा अन्तर्गत चर्चा गरिएको छ (बस्नेत, २०५९ : ५१) । यस्ता उपन्यासमा सामाजिक तथ्य भन्दा टाढा बसेर वैयक्तिक मनका कुण्ठा र जीजिविषालाई आत्मसात गरिएको हुन्छ । यस धाराका उपन्यासमा जीवनको निस्सारता र शून्यताको विश्लेषण गरिएको पाइन्छ । यस्ता उपन्यासले सामाजिक संस्कार, नैतिक मूल्य मान्यतालाई अस्वीकार गरी व्यक्तिगत स्वतन्त्रतालाई महत्त्व दिन्छन् । मानव जीवनमा एक अर्का व्यक्ति र वस्तुको कुनै न कुनै तादात्म्य हुनु, बेग्लै व्यक्तिका जीवन गतिका विसङ्गत क्रियामा कुनै न कुनै तादात्म्य मिल्न पुग्नु, मृत्युमय विवशता, प्रशन्नता, निराशा जस्ता वैषमिक स्थितिको पनि नजानिदो शृङ्खलाको तन्तुबाट जीवन तयार हुनु अस्तित्ववादको अस्मिता हो । यही अस्तित्ववादभित्रको व्यष्टीकरणहरूको सङ्घात विसङ्गतिवाद हो । व्यष्टिहरूको एकत्रित अवस्थामा अर्थ्याइने व्यवस्थिति चाहिँअस्तित्व हो (सुवेदी, २०६४ : २९६) । मानवीय जीवनका समस्याहरू केलाएर जस्ताको तस्तै उतार्नेकाम यस्ता उपन्यासमा गरिन्छ । आधुनिक उपन्यास लेखन परम्परामा यस धाराको प्रवेश इन्द्रबहादुर राईले गराएका हुन् । उनको **आज रमिता छ**(२०२१) उपन्यास नै प्रथम विसङ्गतिवादी अस्तित्ववादी उपन्यास हो । विश्वेश्वरप्रसाद कोइरालाको**बाबु आमा र छोरो**,सरुभक्तको **पागलबस्ती** जस्ता उपन्यास यस धारा अन्तर्गत पर्दछन् ।

मानव जीवनका निस्सारता, शून्यता निरीहतामय सन्त्रास आदि देखाइने यस्ता उपन्यासमा विशृङ्खलितभाषा शैलीको प्रयोग गरिन्छ ।

### २.८.७ प्रगतिवादी धारा

मार्क्सको द्वन्द्वात्मक भौतिकवादलाई मुख्य आधार मान्ने प्रगतिवादी धारालाई **मार्क्सवादी धारा** पनि भनिन्छ । यस्ता उपन्यासमा पुँजीपति वर्गको विरोध गर्दै श्रमिक वर्गलाई नायक नायिका बनाइएको हुन्छ । सामाजिक कुप्रथाको विरोध र त्यसको समाधानको खोजी पनि उपन्यासमा गरिएको हुन्छ । यस धाराका उपन्यासमा आर्थिक पक्षलाई बढी जोड दिएको पाइन्छ। प्रगतिवादी धाराका उपन्यासलाई दुई चरणमा विभाजन गरेर हेर्ने गरेको पाइन्छ । पहिलो चरणमा मुक्ति तिमल्सेनाको**को अछूत**र हृदयचन्द्र सिंह प्रधानको**स्वास्नी मान्छे**जस्ता उपन्यास पर्दछन् । दोस्रो चरणको पहिलो उपन्यास डी.पी. अधिकारीको **आशामाया**(२०५५) हो ।

### २.८.८प्रयोगवादी धारा

प्रयोगवादी धाराका उपन्यास परम्पराभन्दा भिन्न शैली नवीन कथ्य संरचना आदि प्रयोग गरेर लेखिन्छन् ।प्रयोग यथार्थमा विभिन्न तथ्यहरूले परीक्षण एवं अन्वेषण गर्ने विधि हो । यसैका आधारमा लेखिएका उपन्यास प्रयोगवादी उपन्यास हुन्(गौतम, २०६० :३१) । ध्रुवचन्द्र गौतमको **अन्त्यपछि**,जगदीश घिमिरेको **सावित्री**साम्रा प्रयोगवादी उपन्यासका रूपमा चिनिन्छन् ।

स्थापित मर्यादाका आवश्यक तत्त्वहरूलाई स्वीकार गर्नका साथै यस्ता उपन्यासमा नवीन मर्यादाका सम्भावनाहरूलाई पनि विकसित गरिएको हुन्छ ।

## २.९नेपाली साहित्यमा मनोविश्लेषणात्मक उपन्यास लेखन परम्परा

चिकित्सा क्षेत्रबाट विकसित भएको मनेविश्लेषणवादलाई साहित्यमा ढाल्नेकाम पनि पाश्चात्य जगतबाट नै भएको हो । फ्रायडका अनुसार साहित्य भनेको मान्छेको अचेतन मनमा रहेका कुण्ठाको सिर्जनात्मक प्रकटीकरण हो । यसमा विभिन्न बिम्ब र प्रतीकको प्रयोग गरेर आफ्नो दमित कामेच्छालाई प्रकट गरिएको हुन्छ (अनु.श्रेष्ठ ३०५१ : ११५) ।

एडलरलेजैविक शक्तिलाई भन्दा सामाजिक शक्तिलाई आफ्नो सिद्धान्तको आधार बनाएकाछन् । उनका अनुसार कुनै पनि व्यक्ति जन्मजात सम्पूर्ण गुणले सक्षम नभएर कुनै न कुनै कुरामा अपूर्ण हुन्छ । साहित्य भनेको यिनै व्यक्तिमा हुने कम्जोरीहरूले पैदा गराएको, समाजमा आफू श्रेष्ठ बन्ने इच्छा पूर्तिका लागि तयार पारिएको रचना हो (अनु.श्रेष्ठ २०५१ : ११६ ) ।

कार्ल गुस्ताव युङ्गका अनुसार साहित्य सिर्जना गर्दा सर्जकले सामूहिकअचेतन मनमाअनन्त समयदेखि सञ्चित अनुभव वा संस्कार लगायत व्यक्तिका अन्तर्मुखी र बहिर्मुखी वृत्तिका बीच सामञ्जस्य गराएर बिम्ब र प्रतीक आदिलाई माध्यम बनाइएको हुन्छ ( अनु.श्रेष्ठ २०५१ : ११७ ) ।

यसरी साहित्यमा प्रयोग गरिने मनोविज्ञानका बारेमा आफ्ना धारणा राख्ने प्रमुख विद्वानहरूमा फ्रायड अचेतन मनलाई महत्त्व दिँदै कामेच्छा पूर्तिको परिणामलाई साहित्य

भनेका छन् । एडलरले सामाजिक शक्तिलाई महत्त्व दिँदै आफू समाजमा श्रेष्ठतर बन्ने लक्ष्यको परिणाम हो भनेका छन् । युङ्गले सामूहिक  अचेतनको परिणामलाई मानेका छन् ।

चेतन र अचेतन मनबीच द्वन्द्व देखाउँदै मान्छेको मनको विश्लेषण गरेर लेखिएका उपन्यासलाई मनोविश्लेषणवादी उपन्यास भनिन्छ । यस्ता उपन्यासहरूमा मनोजगतको चित्रण गर्दै सामान्य र यौन दुवै मनोविज्ञानलाई प्राथमिकता दिइन्छ । मनोविश्लेषणवादी उपन्यासमा बिम्ब तथा प्रतीकको प्रयोग गरिन्छ । यस्ता उपन्यासमा आख्यानलाई भन्दा चरित्रचित्रणलाई बढी जोड दिएको पाइन्छ । अचेतन मन, दमित इच्छा, चेतन मन, कुण्ठा, तृष्णा आदिको विश्लेषण गरेर पाठक सामु पुऱ्याउनु नै यस्ता उपन्यासको लक्ष्य देखिन्छ । मनोविश्लेषणवादी उपन्यासमा मानिसका चेतन र अचेतन मनबीच द्वन्द्व देखाइएको हुन्छ । यस्ता उपन्यासमा मानवीय गुणलाई भन्दा पाशविक गुणलाई महत्त्व दिएको पाइन्छ ।

पाश्चात्य जगतबाट सुरु भएको मनोविश्लेषणवादले छोटो समयमा नै आफ्नोप्रभाव विश्वभर जमाइसकेको देखिन्छ । नेपाली साहित्य पनि यसबाट अछुतो रहेको छैन । १९औं शताब्दीमा सुरु भएको उपन्यास साहित्यमा पनि यसले राम्रै प्रभाव पारेको देखिन्छ । नेपाली साहित्यमा मनोविश्लेषणात्मक उपन्यास लेखन परम्पराको थालनी गोविन्दबहादुर मल्ल 'गोठाले' ले गरेका हुन् । उनको **पल्लो घरको झ्याल** (२०१६) उपन्यास न प्रथम नेपाली मनोवैज्ञानिक उपन्यास हो । यस उपन्यासमा गोठालेले एक विवाहित नारीको मनको सूक्ष्म अध्ययन गरेका छन् । गोठालेको यस प्रवृत्तिलाई अनुसरण गर्ने अन्य साहित्यकारहरूमा विजय मल्ल, विश्वेश्वरप्रसाद कोइराला, तारिणीप्रसाद कोइराला, भवानी भिक्षु,वानीरा गिरी, कृष्ण धरावासी,मोहनराज शर्मा आदि उपन्यासकारहरू पर्दछन् ।

गोठालेले प्रारम्भ गरेको मनोविश्लेषणात्मक उपन्यास लेखन परम्पराआजसम्म पनि नेपाली उपन्यासमा प्रचलित पाइन्छ । यस धारालाई अगाडि बढाउन विभिन्न लेखक तथा साहित्यकारहरूले सहयोग गरेका छन् । नेपाली उपन्यासको विकास प्रक्रियामा मनोविश्लेषणात्मक प्रयोग परम्परा गोविन्दिबहादुर मल्ल 'गोठाले'कोपल्लो घरको **झ्**याल( २०१६) देखि प्रारम्भ भएको छ । यस परम्परालाई उत्तरवर्ती साहित्यकारहरूले अघि बढाएकाले  हालसम्म  पनि गतिशील पाइन्छ(घर्ती,२०६७ : ९६) ।

नेपाली साहित्यमा प्रकाशित केही प्रमुख मनोविश्लेषणात्मक उपन्यासहरू यसप्रकार छन् । गोविन्द बहादुर मल्लका पल्लो घरको **झ्**याल(२०१६),अर्पणा(२०५३),पीयानानी (२०५६), विजय मल्लका **अनुराधा**(२०१८), कुमारी शोभा(२०३९),श्रीमती शारदा(२०५६),शङ्कर कोइरालाको खैरिनी घाट(२०१८) भवानी भिक्षुका सुभद्राबज्यै(२०१९), आगत(२०३२), पाइप नं. २(२०३४) इन्द्रबहादुर राईको आज रमिता **छ**(२०२१)पारिजातकोशिरीषको फूल( २०२२),विश्वेश्वरप्रसाद कोइरालाका तीन घुम्ती(२०२५), नरेन्द्र दाइ(२०२७), सुम्निमा ( २०२७), मोदिआइन (२०३६), हिटलर र यहुदी (२०४०), बाबु आमा र छोरो ( २०४५),तारिणीप्रसाद कोइरालाका सर्पदंश (२०२६) रफालिएको सामान (२०४२), दौलतविक्रम विष्टको **एक** पालुवा अनेकौं याम(२०२६), लीलबहादुर क्षेत्रीको अतृप्त(२०२६) वानीरा गिरीकाकारागार (२०३५),शब्दातीत सन्तनु (२०५६), लाटो साथीको हामीभित्रको म(

२०३६), ध्रुवचन्द्र गौतमको कट्टेल सरको चोटपटक (२०३७), वासु शशीका फूल ओइलाएपछि (२०३९),संसारमा सबभन्दा एक्लो जीवन (२०५२), मदनमणि दीक्षितको माधवी (२०३९), सरूभक्तकोपागल–बस्ती (२०४८), नयनराज पाण्डेको अतिरिक्त(२०५०), विनोदप्रसाद धितालको योजनगन्धा (२०५२), इन्दिरा प्रसाईकाविश्वामित्र(२०५५),रनमाया( २०५८),शिखा(२०५९), उसको लोग्ने र बिरालो (२०६०),राजेश्वर देवकोटाको डबली( २०५९), जगदीश शमशेर राणाको सेतो ख्याकको आख्यान (२०६०), कृष्ण धरावासीको राधा (२०६२), मोहनराज शर्माको सलिजो (२०६६)आदि (डा. घर्ती, २०६७ : ९६–१८२) ।

माथि उल्लेख गरिएका मनोविश्लेषणात्मक उपन्यास मध्ये केहीको चर्चा तल प्रस्तुत गरिएको छ ।

गोविन्दबहादुर मल्लको**पल्लो घरको झ्याल**लाई नेपाली साहित्यको प्रथम मनोविश्लेषणात्मक उपन्यास मानिन्छ । यसमा लेखकले प्रमुखपात्र एक नारीलाई बनाएका छन् । उसैको चेतन र अचेतन मनको सङ्घर्षलाई यस उपन्यासमा प्रस्तुत गरिएको छ । यहाँ लेखकले नायिका मिसरीको माध्यमबाट तत्कालीन समयका नेपाली नारीको मनोविश्लेषण गर्ने प्रयास गरेका छन् । यसमा नेपाली समाजमा प्रचलित नारी यातना र त्यसले एक बालीकामा पार्ने प्रभाव देखाइएको छ । नायिका मिसरीका घरमा श्रीमानले श्रीमतीलाई कुट्ने गरेको, सासूले बुहारीलाई सानुसानु कुरामा गाली गर्ने गरेको हुन्छ । मिसरी यही वातावरणमा हुर्केकी हुन्छे । नायिकाले आफ्नो हुनेवाला श्रीमान दाजु जस्तै श्रीमतीलाई यातना दिने कल्पना गरेकी हुन्छे । भाउजूले पाउने पिटाइ आफूलेपनि विवाह पश्चात पाउने कल्पनामा बसेकी हुन्छे । त्यस्तै उसले सबै सासूलाई आफ्नी आमा जस्तै ठान्दछे । आफूले पनि भाउजूले जस्तै बुहार्तन सहनु पर्ने मनस्थितिमा बसेकी हुन्छे । जब नायिकाको विवाह हुन्छ उसको श्रीमान दाजु जस्तो कठोर नभएर मायालु पर्दछ । उसले नारी जातिलाई आमाको जस्तो सम्मान दिने गर्दछ । त्यसैले मिसरीलाई श्रीमानले आफूसित सधैं मायाको याचना गरेको अनुभव हन्छ । सासूको पनि कुनै बुहार्तन उसले सहनु पर्दैन । ऊ आफ्नो कल्पनाभन्दा बिल्कुलै नयाँ परिवेशमा पुग्दछे । फ्रायडले बताउने आजको हाम्रो व्यक्तित्वका पछाडि बाल्यकालीन  व्यक्तित्व विकासको भर पर्ने सिद्धान्त मिसरीको जीवनमा पनि लागु भएको छ । यसैका कारण ऊ आफ्नो नयाँ जीवन आफू प्रतिकूल भएको ठान्छे ।

यता माइतीको घर छेउमा बस्ने गुन्डो अनुहार गरेको, खाइलाग्दो हिरामानले उसलाई पच्छ्याइ रहेको हुन्छ । यसबीचमा नायिकाको चेतन मन पतिलाई माया र आदर्श ठान्दछ । अचेतन मनले कमजोर लुते सम्झन्छ । त्यस्तै चेतन मनले हिरामानलाई गुन्डो, बदमास, अर्काकी श्रीमतीलाई आँखा लगाउने नीच चरित्रको मान्दछ । अचेतन मनले भने खाइलाग्दो, हृष्टपुष्ट, विवाह पश्चात आफूलाई यातना दिन सक्षम व्यक्ति ठान्दछ । उसको चेतन मनले बारम्बार पति र उसको आफूप्रतिको माया सम्झन्छ । गुन्डोको आँखाबाट जाहेर हुने अव्यक्त मागले नायिकालाई अचेतन अभिप्रेरणाद्वारा उत्सुक र व्याकुल गराइ रहन्छ(रेग्मी,२९५० :६८) । यहाँ मिसरीको इदमको इच्छालाई उच्चाहम्को नैतिकताले रोकिदिएको छ । यसैले उसको इदमको स्वाभाविक इच्छा र उच्चाहम्को नैतिकताबीच अन्तर्द्वन्द्व भएको देखाइएको छ । उसकोयो अन्तर्द्वन्द्व उपन्यासमा लामो समयसम्म देखाइएको

छ । अन्त्यमा नायिकाले गुन्डोलाई आफ्नो कायिक स्व सुम्पन्छे र इदमलाई विजयी तुल्याउँछे । उपन्यासमा नयिकाको अचेतन मनलाई विजयी बनाइएको छ । नायिकाको इदमलाई उच्चाहम् भन्दा शक्तिशाली बनाइएको छ ।

विजय मल्लको अनुराधाउपन्यास एक उत्कृष्ट मनोवैज्ञानिक उपन्यास हो । यस उपन्यासमा पनि लेखकले नायिकालाई नै प्रमुख पात्र बनाएका छन् । उपन्यासकी नायिका अनुराधाको नामबाट उपन्यासको शीर्षक निर्धारण गरिएको छ । यो उपन्यासको सम्पूर्ण कथावस्तु अनुराधाकै जीवनको सेरोफेरोमा घटेको छ । अनुराधा रूपकी राम्री छ र उसको पढाइ पनि राम्रो छ । क्याम्पसमा भएका अतिरिक्त क्रियाकलापमा पनि ऊ भाग लिन्छे । रूप र क्षमता दुवै बलियो भएकाले ऊ केही घमन्डी पनि छे । उसले आफूलाई आएका अनेकौं प्रेम प्रस्तावलाई लत्याउँदै आएकी हुन्छे । आफ्नो  हुनेवाला पति आफू अनुकूलको नै कल्पना गरेकी हुन्छे । अनुराधा आत्मस्वाभिमान भएकी केटी हो । ऊ पढाइको सिलसिलामा बाबुसँग विदेशमा बसेकी हुन्छे । यसले गर्दा नायिकाको सम्बन्ध परिवारका अन्य सदस्यसँग खासै राम्रो रहँदैन । आफ्नो श्रीमान छोरीसँगै विदेशमा काम गरेर बसेको हुनाले आमाले त अनुराधालाई आफ्नो भागको माया खोस्ने प्रतिद्वन्दीका रूपमा लिने गरेकी हुन्छिन् । उसका दिदी र आमाले ऊ प्रति अप्रत्यक्ष रूपमा इर्श्याको भावना पाल्दै गएका हुन्छन् । त्यो इर्श्या त्यतिखेर पूरा हुन्छ जतिखेर उसलाई माग्न रत्नमान आउँदछ ।ऊ अनुराधाका भिनाजुहरूको हाकिम हो । उसले अनुराधाको विवाह आफूसँग गरिदिएउनीहरूको पदोन्नति गरिदिने आश्वासन दिन्छ । रत्नमान अनुराधाका परिवारका अन्य सदस्य अनुकूल बन्छ । अनुराधाको सोच भन्दा त्यो प्रतिकूल देखिन्छ । अनुराधाले विवाहअस्वीकार गर्छे । उसको अस्वीकृतिमा नै उनीहरूको स्वयंवरको तयारी हुन्छ । अनुराधाले स्वयंवरको माला चुडाएर घर जान्छे । रत्नमानले विवाह पछि अनुराधा माइतीमा नै गएको भनेर गाउँमा हल्ला गर्छ । रत्नमानको व्यवहारले अनुराधा विद्रोही बन्छे । उसँग बदला लिन ऊ राती रत्नमानको घर जान्छे । रत्नमानलाई मार्न खुकुरी हान्छे तर लाग्दैन । उसले त्यो रात त्यही घरमा बिताउँछे यसले रत्नमानले विवाह भइसकेको भनेर चलाएको हल्ला सही ठहर्छ । ऊ परिबन्दमा परेर रत्नमानलाई पति स्विकार्न बाध्य हुन्छे ।यसले उसमा मानसिक कुण्ठा अत्यधिक भएको छ ।विजय मल्लको **अनुराधा** उपन्यासमा किशोर वयदेखि नै आफ्नो मन अनुकूल पतिको आकृति मनोरचनामा तयार गरेकी नायिका अनुराधाले यथार्थमा त्यस आकाङ्क्षाको विपरीत पति स्विकार्नु पर्दा क्षुब्ध भाव व्यक्त गरेकी छ (सुवेदी, २०६४ :२४८) ।

**अनुराधा**मा फ्रायडको परपीडक ग्रन्थिको शक्ति प्रबल देखिएको छ । यसै ग्रन्थिका कारण उसले आफ्नो रत्नमानलाई मार्न खोजेकी हुन्छे । देवर समुद्रमानलाई प्रेम गरेजस्तो गरेर पति र देवर दुवैलाई पीडित तुल्याउँछे । रत्नमानले समुद्रमानलाई कुट्दा उसलाई जोगाउन रत्नमानलाई छुरी हान्छे। छुरी रत्नमानलाई नलागेर आफैलाई लाग्दछ । गाउँका भलाद्मीले समुद्रमान र अनुराधालाई दोषी देखाएपनि रत्नमानले नछोडेकाले ऊ पागल हुन्छे । उपचारका लागि रत्नमानले भारत लान्छ । उपचारपछि बाबुले आफैसित लिएर जान्छ । उसको बदलाको भावना मरिसकेको हुँदैन । त्यसैका लागि काठमाडौँ जाने क्रममा रेलभित्र

मूर्छित भएर ढल्छे । कोमलमानले भेटेर घरमा लान्छ । यो कथा अनुराधाले स्मरणको रूपमा कोमलमानलाई सुनाएकी हो ।

अनुराधामा इदम र उच्चाहम्का बीच लामो अन्तर्द्वन्द्व भएको छ । यहाँ उसको अहम्ले काम गर्न सकेको छैन ।उसभित्र मानसिक कुण्ठाहरूको मात्रा अत्यधिक भएर मनोविक्षिप्त भई रेलमा ढल्न पुग्दछे । यस उपन्यासमा अनुराधा र रत्नमान दुवैको उच्चाहम् भन्दा इदम बलियो भएको देखाइएको छ । दुवै जना जसरी पनि आफ्नो इच्छा पूर्तिमा लागि परेका छन् । त्यसका लागि दुवैले धेरै दुःख उठाएका छन् । दुवैमा बदलाको भावना देखिन्छ । अन्तिम अवस्थासम्म पनि दुवै एक अर्कालाई बदला लिने सोचमा नै छन् ।

**तीन घुम्ती**विश्वेश्वरप्रसाद कोइरालाको प्रथम उपन्यास हो । यस उपन्यासमा नायिका इन्द्रमायाले आफू अनुकूलको व्यक्ति ठानेर परिवारको असहमतिमा नै भागेर पीताम्बर सित विवाह गर्छे । विवाह अगाडि परिवारले खोजेको केटोसित गर्ने कि आफूले खोजेकोसित भनेर उसको इदम र उच्चाहम्बीच निकै अन्तर्द्वन्द्व भएको हन्छ । उसको अहम्ले पनि काम गर्न सकेको हुँदैन यसैले उसमा धेरै तनाव भएको छ । पछि अहम्को सक्रियतामा भएको पीताम्बरसितको विवाहले उसको तनाव हट्छ । यो उसको जीवनको पहिलो घुम्ती हो ।

विवाहको लामो समयसम्म पनि बच्चा नभएपछि इन्द्रमायामा आमा बन्ने इच्छा प्रबल भएर आउँछ । ऊ पीताम्बरको साथी रमेशसँग आकर्षित हुँदै जान्छे । पीताम्बर श्रीमतीलाई भन्दा राजनीतिलाई नै बढी महत्त्व दिन्छ । ऊ जेलमा परेको समयमाइन्द्रमायाले सन्तान प्राप्तिका लागि रमेशलाई आफ्नो कायिक स्व सुम्पन्छे । यो उसको जीवनको दोस्रो घुम्ती हो । छोरीकी आमा बनेपछि उसले पीताम्बरलाई आफ्नो सम्बन्धका बारेमा बुझाउन धेरै प्रयत्न गर्छे । तर उसलाई पीताम्बरले पति र सन्तान मध्ये एकलाई चुन्न भनेपछि ऊ पतिलाई छोडेर छोरीसित एक्लै बस्छे ।

यस उपन्यासमा नायिकालाई अत्मबल प्रबल भएकी देखाइएको छ । उसले आफ्नो अहमको सुरक्षाका लागि विभिन्न कदम चालेकी छ । आफ्नो अहम्लाई भने निहुरन लगाएकी छैन । उसले अहम् रक्षा कै लागि बाबु आमाको घर छोडेकी हुन्छे । त्यसैका लागि पतिगृहपनि त्याग्न पुग्दछे । इन्द्रमाया आफ्नो निर्णयमा सधैँ अटल रहन्छे । ऊ निडर साहसी आत्मसन्तुष्टिमा रमाउने पात्रका रूपमा आएकी छे । उपन्यासकारले उसैको सेरोफेरोमा नै उपन्यासको सम्पूर्ण कथावस्तु घुमाएका छन् । नायिकाले कहीँपनि आफ्नो निर्णयप्रति पश्चात्ताप गरेको देखाइएको छैन । उपन्यासमा अन्य पात्रलाई खासै महत्त्व दिइएको छैन । रमेशलाई भने अवसरवादी पात्रका रूपमा चिनाइएको छ ।

**सर्पदंश** तारिणीप्रसाद कोइरालाको बाल मनोवैज्ञानिक उपन्यास हो । यसमा लेखकले १२-१३ वर्षको बालकको यौन मनोविज्ञानको विश्लेषण गरेका छन् । उपन्यासमा नायक कम्मु त्यस्तै १३ वर्ष जतिको केटो छ । ऊ विपरीतलिङ्गीप्रति अत्यन्त आकर्षित देखिन्छ । आमाको कपालको गुजुल्टो सुँग्ने, बहिनीले पिसाब फेरेको आवाज सुन्ने कम्मुको दिनचर्या बनेको छ ।कम्मुको स्वभाव अनौठो र असामान्य किसिमको देखिन्छ । उसले विभिन्न वस्तुको

अङ्ग तथा ध्वनि विशेषलाई छोएर, सुँघेर, हेरेर, चाटेर आदि कार्यबाट सन्तुष्टि लिने गर्दछ । ऊ आमा दिदी र बहिनीका शारीरिक अङ्ग  र कपाल छोएर आनन्द लिने गर्दछ । बहिनीसँग अरूले खेलेको मन पराउँदैन । उसकी बहिनीले कुनै दिन अन्य साथीसँग खेलीभने ऊ रिसाएर घर जान्छ । दिनभरि बहिनी र आमासँग नै ऊ रमाएको हुन्छ । बन्देज गरिएको ठाउँमा जान उसलाई  मन लाग्छ । परिवारले बन्देज गरेको ठाउँमा गएर एक दुलोमा हात हाल्दा सर्पले टोकेर उसको मृत्यु हुन्छ ।

यस उपन्यासमा कम्मुको माध्यमबाट लेखकले बालकमा हुने यौन मनोविज्ञानको चर्चा गरेका छन् । व्यक्तिको विपरीतलिङ्गी प्रतिको आकर्षण यौवन अवस्थामा मात्र हुने होइन । यो त जन्मनासाथ हुन्छ । बाल्य अवस्थामा नै मान्छे विपरीतलिङ्गीप्रति आकर्षित हुन्छ । यही उमेरमा नै उनीहरूविपरीतलिङ्गीसँग समय बिताउन रमाउँछन् भन्ने फ्रायडको मनोलैङ्गिक सिद्धान्तलाई यहाँ प्रस्तुत गरेका छन् । यस उपन्यासमा बालकमा हुने विपरीतलिङ्गीप्रतिको आकर्षण देखाउन लेखकले कम्मुलाई रोजेका छन् । कम्मुले आमाको कपालको गुजुल्टो खेलाउनु, बहिनीले पिसाब फेरेको सुन्नु यसैका करणले भएको हो । अन्त्यमा स्त्री यौनको प्रतीक दुलोमा हात हालेर उसको मृत्यु हुन्छ ।कम्मुको इदम अहम् र उच्चाहम्बीच तालमेल नभएको देखाइएको छ ।  उसलाई पढ्न जान मन लाग्दैन, अरूसँग खेल्न मन लाग्दैन । कसैले उसलाई माया नगरे जस्तो लाग्छ । यस्तो स्थितिमा उसको अहम्ले इदमलाईबाहिरी वातावरणसँग घुलमिल हुने कुनै काम गराउँदैन । उसको उच्चाहम् पनि निष्क्रिय बसेको छ । सबैकाम उसको इदम अनुसार भएको छ (घर्ती, २०६७ : २७५) ।

उपन्यासकार वानीरा गिरीको प्रथम उपन्यास **कारागार**हो । यस उपन्यासमा पात्रहरूको औपचारिक नाम दिइएको छैन । सबैलाई म पात्रले वर्णन गरेको छ । उपन्यासकी म पात्र हीनताभाव र अन्तर्द्वन्द्वमा घेरिएकी छ । त्यसैलाई उसले कारागार भनेकी छ । ऊ अधिकृत हो । ४० वर्षकी भइसक्दा पनि विवाह भएको छैन । ४० वर्षकी हुनजेल विवाह नभएको र आमा बन्न नपाएको कुण्ठा उसमा छ । विवाह नभए पनि  उसले एक विवाहित पुरुषसँग सम्बन्ध गाँसेकी छ । शारीरिक सुख यसबाट प्राप्त भएको छ तर आमा बन्ने मानसिक सुख भने प्राप्त हुन सकेको छैन । ऊ र उसको प्रेमी सामाजिक मर्यादा नाघ्न सक्दैनन् ।

उसको प्रेमी टुहुरो हो । ऊ सानैदेखि काका काकीसँग बसेको थियो । पत्नी पनि उद्दण्ड, छाडा र हैकमवादी प्रवृत्तिकी छे त्यसैले उसमा हीन भाव ग्रन्थिछ । ऊ पत्नीलाई भन्दा प्रेमिकालाई माया गर्छ तर पत्नीलाई छोड्न र प्रेमिकालाई पत्नी बनाउन सक्दैन । ऊ समाजसँग डराउँछ । उसको मृत्युसँगै म पात्रका इच्छा पनि सेलाएका छन् र ऊ कारागारबाट पनि मुक्त भएकी छे ।

म पात्रले प्रस्तुत गरेको थापा जोडी मातृरति ग्रन्थिले युक्त छ । सानैमा थापाको बाबु मरेको हुन्छ र आमाले अत्यन्त लाडप्यार गरेर हुर्काएकी हुन्छे । ऊ ठूलो भएपछि विवाह गर्न मान्दैन । यसमा आमा खुसी हुन्छे । विवाहपछि  बुहारी गर्भवती भएको आमालाई मन पर्दैन र उसले पत्नीलाई गर्भपतन गर्न भन्छ । पछि आमाले आफ्नै घरमा

बसेको केटासित यौन सम्पर्क गरेको थाहा पाएपछि  दुवैले आत्महत्या गर्दछन् । यहाँ आमा र छोरा दुवै मातृरति ग्रन्थिबाट प्रभवित पात्र हुन् । दुवैले एक अर्काले अन्य व्यक्तिसित सम्पर्क गरेको सहन सक्दैनन् । आमाले परपुरुषसँग सम्बन्ध राखेको छोराले विवाह गर्नाले हो । छोराको आत्महत्या पनि आमाको सम्बन्धका कारणले हो ।

इन्दिरा प्रसाईको विश्वामित्रउपन्यास नायिका मेनकाको केन्द्रमा तयार पारिएको छ । यसमा महिला समस्या र यौन चिन्ता देखाइएको छ । यसले यौन मनोविज्ञानलाई प्राथमिकता दिएको छ । यसमा सौता सौताबीचको कटु संवेदना र सन्तानप्रतिको कोमल भावना देखाइएको छ । यसमा विश्वामित्रका दुईजना सुमित्रा र मेनका श्रीमती छन् । जेठी पत्नी सुमित्राबाट ओजस्वी नाम गरेकीछोरी जन्मिसकेपछि विश्वामित्रले मेनकासित विवाह गरेकोहुन्छ । मेनकाबाट पनि मेनवी नामकी छोरीको जन्म हुन्छ । विश्वामित्र बिस्तारै मेनकाबाट टाढा हुन थाल्दछ । ऊ सुमित्राप्रति नै पुनः आकर्षित भएको छ । अन्तिममा ग्यासको चुलो पड्केर मेनकाको मृत्यु भएको देखाइएको छ । यस उपन्यासमा हाम्रो समाजका नारीले भोग्दै आएको यौन पीडालाई राम्रोसँग केलाइएको छ । पुरुषले आफ्नो इच्छा अनुसार नारीको उपभोग गर्ने गर्छन् । महिलाहरूले पुरुषको जस्तोसुकै व्यवहार पनि सहनु पर्ने हुन्छ । उनीहरू सधैँ पुरुषको आशै आशमा बस्नुपर्ने हुन्छ भन्ने देखाइएको छ ।

मोहनराज शर्माको **सलिजो**मनोवैज्ञानिक उपन्यासहो। यसको संरचना र शैली दुवैमा नवीनता पाइन्छ । यसमा ज्वाला र रूपा नारी समलिङ्गीजोडीको कथा प्रस्तुत गरिएको छ । उपन्यासको शीर्षक समलिङ्गी जोडी पदावलीको संक्षिप्त रूपबाट राखिएको छ । ज्वाला पात्रले केटाको भूमिका निभाएकी छ । उसका सबै क्रियाकलाप र पहिरन केटाको जस्तै हुन्छ । रूपा पात्रले केटीको भूमिका निभाएकी छ उसका सबै क्रियाकलाप र पहिरन केटीको जस्तै हुन्छ ।

उपन्यासमा यी पात्रहरू समलिङ्गी बन्नुको कारण पुरुषप्रति भएको वितृष्णाले बताइएको छ । ज्वालालाई जन्मेको भोलिपल्टै आफ्नै बाबुले बेच्न लगेको र प्रहरीले फेला पारेर बाबुलाई जेलमा र उसलाई अनाथालयमा राखेका हुन्छन् । अफूमा घटेको यो घटना थाहा पाएपछि उसलाई पुरुष वर्गप्रति घृणा लागेर आएको हो । रूपामा परिवारका सदस्यले दाइजोको निहुँमा, छोरी जन्माएको निहुँमा लगायतका विभिन्न कारणले केटीलाई दुःख दिने गरेका घटना सुनाएपछि केटाहरूप्रति वितृष्णा पलाएको हो ।

उपन्यासमा विभिन्न प्रतीकहरूको प्रयोग भएको छ । तिनीहरू फ्रायडको मनोविज्ञानको सिद्धान्तसँग मेल खान्छन् । सिरानतिरको भित्तामा परस्पर घाँटी घोट्दै र टोक्तै गरेका एक जोडी घोडाका जगर जगर सम्मको ठूलो पोस्टर राखिएको छ । खुट्टातिरको भित्तामा एक जोडी नाङ्गो खुकुरी राखिएको छ । घोडालाई देख्दा ज्वालामा र खुकुरीलाई देख्दा रूपामा यौन उत्तेजना बढ्ने उपन्यासमा उल्लेख गरिएको छ । घोडा स्त्री यौनको प्रतीक हो र खुकुरी पुरुषको जननेन्द्रियको प्रतीक हो ।

उपन्यासमा स्वप्न र दिवास्वप्नको पनि उल्लेख गरिएको छ । रूपाको सपनामा धेरै बच्चा जन्मेका र सबै बच्चा सकिएपछि बाँकी रहेको एक बच्चाले उसैलाई खान थालेको

देख्छे । त्यो बच्चाबाट जोगिन त्यसलाई तल झार्दा त्यो बेलुन जस्तो फुटेर रगत नै रगत भएको देख्छे । यो सपना उसभित्रको आमा बन्ने चाहनाका कारण देखिएको हो । ज्वालाको खुन पिसाब फेर्दा जान्छ यसले ज्वालाको अचेतन मनमा भएको आफू पुरुष हुँ भन्ने धारणाका कारणले भएको हो (घर्ती, २०६७ :१८०) ।

## २.१० कृष्ण धरावासी र समकालीन मनोविश्लेषणवादी नेपाली उपन्यासकारहरू

कृष्ण धरावासीकोटुँडाल उपन्यास र मोहनराज शर्माको सलिजो उपन्यास एकै समयावधिमा आएका हुन् । दुवै मनोविश्लेषणात्मक उपन्यास हुन् । मनोविश्लेषणको प्रयोग **टुँडाल**मा भन्दा **सलिजो**मा बढी भएको देखिन्छ । बिम्ब र प्रतीकको प्रयोग पनि सलिजोमा नै बढी प्रयोग भएको छ । टुँडालको शीर्षक हाम्रा संस्कृतिका धरोहर मानिने मन्दिरका टुँडाललाई आधार बनाइएको छ । **सलिजो** को शीर्षक नवीन शैलीका साथ पदावलीको संक्षिप्त रूपबाट राखिएको छ । **टुँडाल**उपन्यासमा मन्दिरका टुँडालमा मनोविज्ञान खोजिएको छ र **सलिजो**मा समलिङ्गीको मनोविज्ञान खोजिएको छ ।**टुँडाल**मा प्रचीनतासँग वर्तमानलाई जोड्न खोजिएकोछ । **सलिजो**मा वर्तमान कै सेरोफेरोमा रहेर उपन्यास लेखिएको छ । कृष्ण धरावासी अन्य उपन्यासकारभन्दा भिन्न शैली प्रयोग गर्ने उपन्यासकार हुन् । उनका उपन्यासमा संस्कृतिको चर्चा गरेर त्यसमा मनोविज्ञानमा खोजिएको हुन्छ । अन्य उपन्यासकारका उपन्यासमा वर्तमान समाज मनोविश्लेषण गरिएको हुन्छ । धरावासीका पात्रहरू कतै न कतै संकृतिसँग सम्बन्धित हुन्छन्, धार्मिक आस्था भएका हुन्छन् । उनका उपन्यासमा अध्यात्मवादलाई स्थान दिइएको हुन्छ । अन्य उपन्यसकारले संस्कृतिर अध्यात्मका तर्फ ध्यान दिइएको देखिदैन । धरावासीका उपन्यासमा भद्र तरिकाले यौनको विश्लेषण गरिएको हुन्छ । अन्यमा त्यो भद्रता नपाउन सकिन्छ ।

## २.११ निष्कर्ष

उपन्यास आधुनिक नेपाली साहित्यको एक नवीन विधा हो । उपन्यास शब्दको प्रयोग संस्कृत साहित्यमा पनि भएको देखिन्छ । संस्कृतमा यसले मात्र मनोरञ्जनलाई समेट्ने गर्दथ्यो । आज भोलि यसले जीवनको सम्पूर्ण पक्षलाई समेट्दछ । त्यसैले आधुनिक उपन्यास र परम्परित उपन्यासको अर्थमा मेल खाएको देखिदैन ।आधुनिक उपन्यास पाश्चात्य नोवलको नेपाली अनुवाद हो । नेपाली साहित्यमा उपन्यास लेखन परम्पराको थालनी१९औं शताब्दीबाट मात्रै भएको हो । थालनीको इतिहास लामो नभए पनि  यसले छौटै समयमा धेरै ख्यातिकमाउन सफल भएको छ । आज नेपाली साहित्यमा एक समृद्ध विधाको रूपमा उपन्यास विधा उभिएको छ । यस बीचमा उपन्यासमा धेरै वाद धारा तथा प्रवृत्तिहरूको प्रयोग हुने गरेको छ । नेपाली उपन्यासमा मनोविश्लेषणवादी धारा २०१६ सालमा भित्रिएको हो । यस धरालाई नेपाली उपन्यासमा भित्र्याउने काम गोविन्दबहादुर मल्ल 'गोठाले'ले गरेका हुन । उनको पल्लो घरको **झ्**याल उपन्यास नै प्रथम मनोविश्लेषणात्मक उपन्यास हो । गोठालेको पल्लो घरको **झ्**यालबाट भित्रिएको मनोविश्लेषणवादलाई विभिन्न विद्वानहरूले  हालसम्म  पनि प्रयोगमा ल्याई रहेका छन् । वर्तमान समयका मोहनराज शर्मा कृष्ण धरावासी जस्ता साहित्यकारले यस धारालाई डोऱ्याईरहेका छन् । कृष्ण धरावासीका सबै उपन्यासमा मनोविश्लेषण गर्ने प्रयास गरिएको छ । उनको **टुँडाल** उपन्यास यौन मनोविज्ञानको सेरोफेरोमा घुमेको उपन्यास हो । यहाँ यही उपन्यासका बारेमा चर्चा गरिएको छ ।

# परिच्छेद तीन

# कृष्ण धरावासीका साहित्यिक रचना धर्मिता र औपन्यासिक प्रवृत्ति

## ३.१ जन्म, वासस्थान र शिक्षा

कृष्ण धरावासीको  जन्म मेची अञ्चलको पाँचथर जिल्लाको अमरपुर गा.वि.स. वडा नं. ९ स्थित फलाटे भन्ने ठाउँमा २०१७सालश्रावण दुई गते आइतबार भएको हो । धरावासीका बाबुको नाम टीकाराम भट्टराई र आमाको नाम अम्बिकादेवी हो । उनी परिवारका जेठा छोरा हुन् ।

धरावासीको जन्म विकट पहाडी जिल्लामा भएको थियो । उनका बाबु शारीरिक रूपमा अशक्त थिए । बाबुले शिक्षाको महत्त्व भने बुझेका थिए । उनी छोराछोरीको पढाइकालागि भनेर नै झापाको शनिश्चरेमा बसाइँ सरेर आएका थिए । शनिश्चरेमा नै उनका बाबुको मृत्यु भएको थियो ।  धरावासी  बैंकको जागिरे भएपछि शनिश्चरेको बसाइ आफू अनुकूल नदेखेर झापाकै चन्द्रगढीमा बसाइँ सरेका थिए । चन्द्रगढीमा उनकी आमाको मृत्यु भयो ।धरावासीको पारिवारिक आर्थिक अवस्था अत्यन्त दयनीय थियो । जीवनको दुःखद भोगाइले नै धरावासी  लाई संघर्षशील बनायो । बाल्यावस्थादेखि नै संघर्षलाई प्राथमिकता दिने  धरावासी हाल काठमाडौँस्थित चन्डोलमा घर बनाएर बसेका छन् । चन्डोलमा आएपछि उनले आफ्नी श्रीमती गुमाउनु पऱ्यो । धरावासीले श्रीमतीको मृत्युपछि केही समय एक्लो जीवन बिताए ।अहिले उनी दोस्रो विवाह गरेर चन्डोलस्थित आफ्नो घरमा छोराछोरी र कान्छीश्रीमतीका साथ अवकाश जीवन बिताइरहेका छन्( धरावासी सँग भएको प्रत्यक्ष कुराकानीकाआधारमा) ।

कृष्ण धरावासीका बुबा आर्थिक रूपमा कमजोर रशैक्षिक रूपमा बलिया देखिन्छन् । उनका बुबा ज्योतिष र गणितमा निपूर्ण थिए । छोराछोरीको शिक्षाकै लागि भनेर बाबुले पुर्ख्यौली थलो छोडेका थिए । धरावासीले अनौपचारिक शिक्षातीन वर्षको उमेरदेखि नै बाबुबाट लिन सुरु गरेका थिए । उनको औपचारिक शिक्षारम्भ भने नौ वर्षको उमेरमा २०२६ सालबाट भएको थियो । उनी झापाको शनिश्चरे मा.वि.मा एकैचोटी कक्षा दुईमा भर्ना भएका थिए।  धरावासीले २०३४ सालमा सोही विद्यालयबाट द्वितीयश्रेणीमा एस.एल.सी. पास गरेका थिए । उनले २०३६ सालमा महेन्द्र बहुमुखी क्याम्पस इलामबाट आइ.एड. उत्तीर्णगरेका थिए । घरको कमजोर आर्थिक अवस्थाका कारण धरावासीले स्नातकसम्मको अध्ययन गर्न भने २०४५ सालसम्म कुर्नु परेको थियो ।

कृष्ण  धरावासीले एस.एल.सी पास भएपछि आफूले अध्ययन गरेकै विद्यालयमा स्वयंसेवकका रूपमा अध्यापन गर्न थालेका थिए । पछि २०३८ सालको अन्त्यतिर लियन पदमा नियुक्त भएर पारिश्रमिकसहित शिक्षण सुरु गरेका थिए । २०४३ साल असारदेखि

कृषिविकास बैंकमा स्थायीजागिर खान थालेका थिए (धरावासीसँगको प्रत्यक्ष कुराकानीका आधारमा) ।

## ३.२ उपनाम

कृष्ण धरावासीको  वास्तविक नाम कृष्ण प्रसाद भट्टराई हो । २०३४ सालको मोती जयन्तीमा उनले कृष्ण धरावासी उपनामबाट कविता वाचन गरेका थिए । आफ्नो यस उपनामको सम्बन्धमा उनको धारणा यस्तो रहेको देखिन्छ : 'ममा सोच आयो कि म भट्टराई, नेपाली, हिन्दू केही होइन, म धर्तीमा बस्ने एउटा मानव अरू सबै जस्तै',त्यसैले आफ्नो वास्तविक थरलाई त्यागेर  धरावासी उपनाम राखेको हुँ(शोध नायकबाट प्राप्त जानकारी) ।

## ३.३ साहित्यमा प्रवेश र प्रेरणा

सानै उमेरदेखि साहित्यमा रूचि राख्ने  धरावासी औपचारिक रूपमा २०२८ सालमासाहित्यमा प्रवेशगरेका हुन् । उनी कक्षा पाँचमा अध्ययनरत रहँदा कक्षामा भएको साहित्यिक गोष्ठीमा कृष्णप्रसाद पराजुलीले लेखेको बालपाठ्यपुस्तक **/माइला नानी**बाट एउटा कथा कापीमा सारेर सुनाएका थिए । सुरुमा अर्काको रचना सारेर साहित्यिक क्षेत्रमा प्रवेश गरेका उनले राम्रो प्रेरणा र सुझाव नपाएका भए यति उचाइमा पुग्ने थिएनन् । यस सम्बन्धमा  धरावासी भन्छन् : मैले नेपाली गद्यसङ्ग्रह भन्ने पुस्तकबाट एउटा दन्त्य कथा सारेर सुनाउँदा सञ्जीवले अरूले लेखेका कुरा सुनाउने हो ? आफैले लेखेर पो सुनाउनु पर्छ नभनेका भए आज म सिर्जनशील साहित्यकार नबनेर चोर साहित्यकार बन्ने थिएँ( धरावासीसँगको प्रत्यक्ष कुराकानीमा आधारित) ।

धरावासीको पहिलो मौलिक रचना**धानमा घुन कसरी लाग्यो**शीर्षकको कविता हो । यस कविताले विद्यालयको वार्षिकोत्सवमा तृतीय स्थान प्राप्त गरेको थियो । कृष्ण धरावासी नामबाट छापिएको उनको पहिलो रचना चाहिँ**महत्त्वाकाङ्क्षा विनासको प्रतीक** निबन्ध हो । यो निबन्ध कन्दरा मासिकमा २०३५ सालमा छापिएको थियो ।

धरावासी शनिश्चरे मा.वि.मा नेपाली विषय पढाउने शिक्षक शिवप्रसाद दाहालबाट प्रभावित भई साहित्यिक क्षेत्रमा प्रवेश गरेका हुन् । कविता लेखनमा सञ्जीव उप्रेती र उनका कविताबाट प्रेरणा पाई प्रवेश गरेको र उनैबाट कविता लेख्न पनि सिकेको धरावासी बताउँछन् ।स्थापित लेखकहरूमा भने उनी लक्ष्मीप्रसाद देवकोटाका कविता र विश्वेश्वरप्रसाद कोइरालाका कथा र उपन्यासबाट विशेष प्रभावित भएका देखिन्छन्(पोखेल २०५४ : १०) । यसका अतिरिक्त विभिन्न पत्रपत्रिकामा प्रकाशित लेखरचना पनि उनकालागि प्रेरणाका स्रोत बनेका छन् ।घरको आर्थिक अवस्था कमजोर भएको र आफू सानै छँदा पितृशोक पनि बेहोर्नु परेको हुनाले धरावासीको बाल्यकाल दुःखपूर्ण तरिकाले बितेको थियो । यही दुःखको परिणाम स्वरूप नै उनीभित्र बाल्यकालदेखि नै अचेतन मनमा विद्रोहको भाव उठेको देखिन्छ । आफ्नो दुःखद अनुभव र भोगाइबाट नै उनले जीवन र समाजलाई यथार्थ रूपमा बुझ्ने मौका पाए । जीवन भोगाइ नै उनको वास्तविक पाठशाला बनेको देखिन्छ ।बाल्यकालमा अनेक दुःख र हन्डर बेहोरेका धरावासी सानामा भावुक स्वभावका

थिए । अर्काको दुःखलाई पनि आफ्नै जस्तो ठान्ने हुनाले उनका प्रारम्भिक रचनामा मानवतावादी भाव बढी देखिन्छ । धरावासीले समाजमा हुने गरेका घटनालाई नै आफ्ना रचनाको विषयवस्तु बनाउँछन् । उनले आफ्ना रचनामा समाजमा हुने गरेका अन्याय र अत्याचारलाई सजीव  रूपमा प्रस्तुत गरेका छन् ।

## ३.४कृति लेखनका विविध विधाहरू

धरावासी २०३२ सालमा सूर्योदय साप्ताहिकमा **धानमा घुन कसरी लाग्यो** शीर्षकको कविता प्रकाशित भएपछि औपचारिक रूपमा कविता सिर्जनामा लागेका हुन् । विस्तारै उनले साहित्यका विविध विधामा कलम चलाउने गरेको पाइन्छ ।धरावासीका कृति लेखनका विधाहरू निम्न अनुसार छन् ।

### ३.४.१ कविता विधा

कृष्ण धरावासीको  औपचारिक साहित्यिक यात्राको थालनी कविता विधाबाट भएको हो । २०३२ सालमा भद्रपुर झापाबाट साप्ताहिक रूपमा प्रकाशन हुने सूर्योदय पत्रिकामा उनको पहिलो कविता प्रकाशित भएको थियो । उक्त कविताको शीर्षक **धानमा घुन कसरी लाग्यो** भन्ने थियो । धरावासीको साहित्यिक साधनाको सबैभन्दा प्रौढ र व्यापकता ओगटेको विधा कविता नै हो ।**उन्मुक्तिका आवजहरू**(२०५०)कवितासङ्ग्रह र **कान्छी राधा**(२०६२) काव्य नैधरावासीका हालसम्म प्रकाशित काव्यकृति हुन् । धरावासीका कविताहरूमा प्रकृति प्रेम, राष्ट्रियताको भावना, मानवतावाद, सामाजिक विकृति र विसङ्गतिप्रति व्यङ्ग्य, मिथकको प्रयोग आदि पाइन्छ ।

**उन्मुक्तिका आवाजहरू** ३० ओटा फुट्कर कविताहरूको सङ्ग्रह हो । यसभित्र सङ्गृहीत उनका कविताहरूमा सामाजिक विकृति र विसङ्गतिमाथि तीखो व्यङ्ग्य प्रहार भएको छ । यस कवितामा धरावासीले स्वतन्त्रताका पक्षमा आफ्नो आवाज ओकलेको पाइन्छ ।

**कान्छी राधा**मिथक प्रयोग गरिएको प्रेम कविताहरूको सङ्ग्रह हो । यस कवितामा सत्य प्रेम र मानवताको गहिराइमा पाठकलाई भुलाउने प्रयास गरिएको छ । यस काव्यमा पुराणका कथाहरूलाई भत्काएर पाठकमा भ्रम सिर्जना गराउन कोसिस गरिएको देखिन्छ । यस कृतिमा क्रमभङ्गता देखाएर लीलालेखनको नमुना पनि प्रस्तुत गरिएको छ ।

### ३.४.२कथा विधा

धरावासी सबैभन्दा पहिले कथा लेखनबाट साहित्यिक सिर्जनामा प्रवेश गरेका हुन् । कक्षा पाँचमा अध्ययनरत रहँदा नै उनले कथा लेखेका थिए । सुरुमारमाइला नानीशीर्षक भएको पुस्तकभित्र रहेको एउटा कथा सुनाएर उनले यस क्षेत्रमा आफ्नो रुचि रहेको सङ्केत गरेका थिए । यस विधामा धरावासीको औपचारिक प्रवेश भने २०३५ सालमा भएको हो । उषा नामक पत्रिकामा प्रकाशित **गुनासो** कथा नै उनको प्रथम प्रकाशित कथा हो ।

धरावासीका कथाहरूमा लीलालेखन, मनोविश्लेषण, मानवतावादी चिन्तन पाइन्छ । उनका कथामा वास्तविक जीवनमा घट्ने घटनालाई कथावस्तु बनाइएको हुन्छ । उनले आफ्ना कथामा पुरानो मूल्य मान्यतालाई भत्काएर नवीन शिल्प र शैलीको प्रयोग गरेका छन् । उनका कथामा सामाजिक विकृति विसङ्गतिको चित्रण गर्दै सामाजिक विपन्नता र यौनजन्य समस्यालाई देखाइएको छ ।

धरावासीले हालसम्म दुईओटा कथा सङ्ग्रह प्रकाशित गरेका छन् । उनको पहिलो कथा सङ्ग्रहको नाम **झोला**(२०६०)हो ।यसमा प्रस्तुत भएका कथामा लीलालेखन र फ्रायडवादी चिन्तन पाइन्छ । सङ्ग्रह भित्रको **झोला** शीर्षकको कथामा पुरानो समयमा हुने गरेको सती प्रथाको द्वन्द्व र आत्म सङ्घर्षलाई वर्तमानमा उतारिएको छ । यस सङ्ग्रह भित्रका अन्य कथामा पनि धरावासीले आफ्नो नारीवादी धारणालाई प्रस्तुत गरेका छन् । धरावासीको दोस्रो कथा सङ्ग्रहको नाम **आमा**(२०६८) हो । यसमा प्रस्तुत कथामा पनि धरावासीले लीलालेखन र मनोविश्लेषणको प्रयोग गरेका छन् । सङ्ग्रहभित्रको आमा कथामा आमाको ममताको चित्रण गरिएको छ ।

### ३.४.३ निबन्ध विधा

साहित्यका प्रायः सबै विधामा कलम चलाएका धरावासीको निबन्ध विधा पनि उत्तिकै सशक्त रूपमा अगाडि बडेको विधा हो । उनको पहिलो निबन्ध**महत्त्वाकाङ्क्षा विनासको प्रतीक** हो । २०३६ सालमा प्रकाशित यस निबन्धबाट नै धरावासीको औपचारिक निबन्ध यात्रा सुरु भएको हो । उनका **बालक हराएको सूचना**(२०४८),**नारीभित्र त्यस्तो के छ हजुर**(२०५३),**उत्तमजङ्ग सिजापतिको आलु** (२०५६)जस्ता निबन्ध सङ्ग्रह प्रकाशित छन् । धरावासीले पुनः २०६५ सालमा आफ्ना तीनओटै निबन्ध सङ्ग्रह भित्रका निबन्धहरूलाई समेटेर **कृष्ण धरावासीका चर्चित निबन्धहरू** नामक निबन्ध सङ्ग्रह पनि प्रकाशनमा ल्याएका छन् ।

धरावासीले पाठक समक्ष अत्यन्त छोटा निबन्ध प्रस्तुत गर्दछन् । उनका निबन्धमा सामान्य विषयवस्तुलाई पनि चामत्कारिक ढङ्गले प्रस्तुत गरिएको पाइन्छ । यसै कारण उनका निबन्धहरू पाठक सामु निकै लोकप्रिय बनेका छन् ।धरावासीका निबन्धका शीर्षकमा नै प्रतीकात्मक र यथार्थवाद पाइन्छ । उनका निबन्धमा हाम्रो समाजमा भइरहेका सामाजिक राजनैतिक विकृति, विसङ्गतिलाई देखाइएको छ । धरावासीले नारीवर्गको सङ्घर्षप्रति पनि आवाज उठाएको पाइन्छ ।

धरावासीका निबन्ध मध्ये **बालक हराएको सूचना**मा सामाजिक कुप्रवृत्तिमाथि व्यङ्ग्यपाइन्छ । **नारीभित्र त्यस्तो के छ हजुर**मा नारीले समाजमा भोग्नु परेका समस्याहरूलाई देखाइएको छ । उनको अर्को निबन्ध सङ्ग्रह **उत्तमजङ्ग सिंजापतिको आलु**मा यथार्थको नजिक रहेर त्यसभित्रका समस्यालाई उतारेका छन् । यस निबन्धमा कृषकहरूले आफ्नो गुनासो सुन्ने कोही नहुँदा कसरी आवाज विहीन भएर बस्नु परेको छ भन्ने देखाइएको छ ।

### ३.४.४सामालोचना विधा

समालोचनाका रूपमा पनि उत्तिकै परिचित धरावासीको पहिलो समालोचना **टाँगिदै गरेको आकाश र दुर्गा दाहाल**(२०४६)हो । चन्द्रगढी झापाबाट प्रकाशन हुनेविचार भन्ने साप्ताहिक पत्रिकामाउक्त समालोचन प्रकाशित भएको थियो । हालसम्म उनका चारओटा समालोचनात्मक कृति प्रकाशित छन् । **विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासहरू**(२०४८),**लीलालेखन**(२०५३),**पाठकको अदालतमा मुद्दा**(२०६२) र**तेस्रो आयाम र वैरागी काइँला**(२०६३) उनका समालोचनात्मक कृति हुन् ।

धरावासी सूक्ष्म अध्ययनमा रूचि राख्ने समालोचक हुन् । उनको **विश्वेश्वरप्रसाद कोइरालाका उपन्यास**समालोचनामा उपन्यासमा पाइने मनोविज्ञान र मौलिकतालाई प्रस्ट रूपमा राखेका छन् । त्यस्तै उनले**लीलालेखनमा** पाठक सामु बौद्धिकताको द्योतक मानिएको लीलालेखनलाई सरल भाषमा उतारेकाछन् ।**पाठकको अदालतमामुद्दा**भन्ने समालोचनात्मक कृतिमा पनि लीलालेखनकै चर्चा गरिएको छ । धरावासीको सबैभन्दा पछाडि प्रकाशित भएको समालोचनात्मक कृति **तेस्रो आयाम र बैरागी काइँला**हो । उनले यसमा आयमेली आन्दोलनका नायक**बैरागी काइँलाका कविताहरू** नामक कृति भित्रका १० ओटा कविताहरूको गहन रूपमा विश्लेषण गरेका छन् ।

समग्रमा भन्नुपर्दा धरावासी कुनै पनि गम्भीर विषयमा निर्धक्क भई कलम चलाउने समालोचक हुन्। यसै कारणले नै उनी पाठक समक्ष आफ्नो छुट्टै पहिचान बनाउन सफल भएकाछन् ।

### ३.४.५ उपन्यास विधा

धरावासीले साहित्य लेखनको क्रममा सबैभन्दा पछाडि कलम चलाउन सुरु गरेको विधा उपन्यास हो । उनलाई सबैभन्दा उचाइमा पुर्‍याउने विधा पनि यही हो । हालसम्म उनका छ ओटा उपन्यास प्रकाशित भइसकेका छन् । ती हुन् :**शरणार्थी** (२०५६), **आधाबाटो**(२०५९),**राधा**(२०६२),**तपाईं**(२०६३),**टुँडाल**(२०६५) र **पाण्डुलिपि**(२०६९)।

कृष्ण धरवासी नेपाली उपन्यासमा लीलालेखनको आरम्भकर्ता हुन् ।उनले यस विधालाई नौलो पहिचानका साथ अघि बढाएका छन् । उनको प्रकाशित सबैभन्दा पहिलो उपन्यास **शरणार्थी** हो । यो लीलालेखन प्रयोग भएको प्रथम उत्कृष्ट नेपाली उपन्यास पनि हो । यथार्थ र काल्पनिकताको मिश्रण गरी पाठकमा भ्रम पैदा गराउनु नै लीलालेखन हो । यस उपन्यासमा पनि यसै गरेर औपन्यासिक जगतमा नयाँ प्रयोग गरिएको छ । यसमा पुराना कृतिका पात्रहरू समावेश गरेर सामाजिक यथार्थ घटनालाई प्रस्तुत गरिएको छ । यस उपन्यासमा आफ्नो छुट्टै पहिचानका साथ विभिन्न ठाउँमा बसोबास गर्दै आएका नेपालीहरूलाई पुनः शरणार्थी बनाएर नेपालमा नै फर्काइएको घटनालाई समेटिएको छ । यो नेपाली साहित्यमा स्थापित त्रासद मिथक र पात्रहरूको नवीकरणसहित लेखिएको उपन्यास हो (ढकाल २०५७ : २५) ।

कृष्ण धरावासीको **आधाबाटो** उपन्यास नभएर आत्मकथा भन्न सुहाउने कृतिहो । यसमा काल्पनिक कथा र पात्र दुबैको प्रयोग गरिएको छैन । २०५९ र २०६६ गरी दुई पटक प्रकाशन भइसकेको यस उपन्यासमा लेखकका जीवनमा बाल्यकालदेखि आमाको मृत्यु हुँदासम्म घटेका घटनालाई समेटिएको छ । यस उपन्यासमा आएका कतिपय घटनाहरू लेखकको जीवनभन्दा बाहिरका पनि छन् । भोगीको प्रसङ्ग, रामुको प्रसङ्ग यसभित्र समेटिएको छ । धरावासीकै भनाइका आधारमा पनि निबन्ध, यात्रा संस्मरण, राजनीति, साहित्य, पत्रकारिता, आदि अनेक विधाको रूपमा यसलाई लिन सकिन्छ (धरावासी २०५८ भूमिका) ।

धरावासीको सबैभन्दा चर्चित उपन्यास **राधा** हो । यस उपन्यासले उपन्यास जगतमा मिथकीय उपन्यासको रूपमा ख्याति कमाएको छ । यो २०६२ सालको मदन पुरस्कार प्राप्त उपन्यास पनि हो । पौराणिक कथालाई वर्तमानमा उतारिएको यो उपन्यास पाठक सामु राम्रै भ्रम सिर्जना गर्न सफल भएको छ । पौराणिक पात्र राधालाई आधुनिक नारीमा रूपान्तरित गरिएको छ । हिन्दू धर्ममा प्रेमको प्रतीक ठानिएको राधा र कृष्णको सम्बन्धलाई मानवीकृत गर्दै त्यसको महत्त्वलाई शून्य बनाइएको छ । उपन्यास लेखनको क्रममा नवीन शिल्प पद्धति प्रयोग गरिएको हुनाले पनि यो उपन्यास आफ्नो छुट्टै पहिचान बनाउन सफल भएको छ ।

**तपाईं** धरावासीको चौथो प्रकाशित औपन्यासिक कृति हो । यसमा आख्यान र समालोचनाको मिश्रण गरिएको छ । यो द्वितीय पुरुष दृष्टिविन्दुमा लेखिएको उपन्यास हो । यस शैलीमा लेखिएको प्रथम नेपाली उपन्यास पनि**तपाईं**हो ।उपन्यासमालेखक पात्र र पाठक सँगसँगै छन् । विषयवस्तुमा देखिने कमजोरी उपन्यासभित्र नै समेटिएको छ । कमजोरी सच्याउन लेखक र पाठक दुवै तयार देखिँदैनन् । लेखकका कमजोर पक्ष पात्र र पाठकले देखाएका छन् (अनमोल मणि, २०६४ : घ) ।

**तपाईं**उपन्यासँगै पाठक प्रतिक्रिया पनि समावेश गाएिको छ । लेखकले यस उपन्यासमा पनि आफ्नो नवीन प्रयोगलाई निरन्तरता दिएका छन् । यस उपन्यासमा प्रयोग भएका आधा पात्र काल्पनिक र आधा यथार्थ छन् । सुन्ने र सुनाउने दन्त्य कथात्मक शैलीमा अघि बढ्नु पनि यस उपन्यासको अर्को नवीन प्रयोग हो ।

धरावासीको अर्को उपन्यास नाम**टुँडाल**हो । शरणार्थी उपन्यासबाट भित्रिएको लीलालेखन परम्परालाई यस उपन्यासमा लेखकले उत्कर्ष रूपमा प्रस्तुत गरेका छन् । यो २० दिनको अवधिमा तयार परिएको उपन्यास हो । यस उपन्यासमा मन्दिरमा कुँदिएका टुँडाललाई विषयवस्तु बनाइएको छ । उपन्यासमा प्राचीन नेपाली समाजमा भएका यौनस्वतन्त्रताको चर्चा गरिएको छ । धरावासीको **टुँडाल**लीलालेखनले भरिपूर्ण भएको यौनमनोविज्ञानमा आधारित उपन्यास हो ।

धरावासीको **पाण्डुलिपि**पनि आत्मवृत्तान्त जस्तो उपन्यास हो ।धरावासीको नवीन प्रयोग नभएको प्रथम उपन्यास पाण्डुलिपि हो । यसलाई आधाबाटो कै निरन्तरता भनिएको

छ । यसमा लेखकले आफ्नी पहिली श्रीमतीको स्मरणलाई उतारेका छन् । यसलाई स्मरणात्मक कृति पनि भन्न सकिन्छ ।

यसरी हेर्दा साहित्यका धेरै विधामा कलम चलाएका धरावासीले उपन्यास विधालाई भने बढी नै तिखारेको देखिन्छ । प्रत्येक उपन्यासमा विषयवस्तु र शैलीको नवीन प्रयोग गर्न धरावासी सफल भएका देखिन्छन् ।

## ३.४.६सम्पादन विधा

साहित्यका विविध क्षेत्रमा कलम चलाउने धरावासी एक सर्जक मात्र नभएर सफल सम्पादक पनि हुन् । उनले विभिन्न पत्रपत्रिकादेखि लिएर समसामयिक सङ्कलनहरू र केही पुस्तकाकार कृतिहरू पनि सम्पादन गरेका छन् । धरावासीले सम्पादन गरेका समसामायिक सङ्कलन पत्रपत्रिका र पुस्तकाकार कृतिहरू निम्न प्रकारका छन् :

| | |
|---|---|
| १ **कन्दरा**,इलाम-साहित्यिक सङ्कलन | (२०३६) |
| २ **आजको कविता**, साहित्यक सङ्कलन | (२०३८) |
| ३ **खितिति**, (हास्यव्यङ्ग्य), साहित्यिक सङ्कलन | (२०३९) |
| ४ **माइबेनी**,इलाम साहित्यिक सङ्कलन | (२०४४) |
| **५सासंक**, त्रैमासिक | (२०५०) |
| ६**सी. के प्रसाईका विचारहरू,** साहित्यिक सङ्कलन | (२०५३) |
| ७**भुटानी शरणार्थी र वातावरण,** साहित्यिक सङ्कलन | (२०५५) |
| ८**अभिलेख**,साहित्यिक सङ्कलन | (२०५५) |
| ९**राष्ट्रिय प्रतिभा गङ्गानाथ बाास्तोला,**साहित्यिक सङ्कलन | (२०५७) |
| **१०केशव आचार्यका कविता**, | (२०५९ ) |
| **११लीला प्रस्तावना**, | (२०५९) |
| **१२ वनिता त्रैमासिक र लीलालेखन विशेषाङ्क,** | (२०६२) |
| **१३लीला विमर्श स-सम्पादन,** | (२०६३) |
| **१४ दुवसु क्षेत्रीका प्ररम्भकालीन कविताहरू,** | (२०६२) |
| **१५समष्टि द्वैमासिक साहित्यिक पत्रिका** | (२०६२–६८) |

### ३.४.७पुरस्कारहरू

धरावासी बाल्यावस्थादेखि नै नेपाली साहित्य सिर्जनामा सक्रिय हुँदै आएका देखिन्छन् । उनको यो सक्रियता अझै पनि उस्तै देखिन्छ । उनको सक्रियताको कदर गर्दै विभिन्न व्यक्ति र संघसंस्थाले पुरस्कारहरू प्रदान गरेका छन् । उनले प्राप्त गरेका विभिन्न पुरस्कारहरू यहाँ क्रमशः राखिएका छन् :

| | |
|---|---|
| १) **महानन्द पुरस्कार** | (२०४६) |
| २) **देवकोटा स्मृति पुरस्कार २०५२ (झापा)** | (२०५२) |
| ३) **उत्कृष्ट राष्ट्रिय युवा पुरस्कार**(नेपाल जेसिस) | (२०५२) |
| ४) **राष्ट्रिय प्रतिभा पुरस्कार** | (२०५३) |
| ५) **उत्तम शान्ति पुरस्कार** | (२०५४) |
| ६) **युवा वर्ष मोती पुरस्कार** | (२०५६) |
| ७) **प्रतिभा (विराटनगर) पुरस्कार** | (२०५६) |
| ८) **रामराजा पन्त स्मृति पुरस्कार** | (२०५९) |
| ९) **ज्योतिष पत्रकारिता पुरस्कार** | (२०५९) |
| १०) **विसाप स्रष्टा पुरस्कार** | (२०५९) |
| ११) **एस.एल.सी. सृजनशील पत्रकारिता पुरस्कार** | (२०६२) |
| १२) **धरणीधर वाणी पुरस्कार** | (२०६२) |
| **१३ मदन पुरस्कार** | (२०६२) |
| **१४ प्रतिभा पुरस्कार (बेलायत)** | (२०६५) |

### ३.४.८ सम्मान तथा कदर पत्र

नेपाली साहित्य र समाजमा उल्लेखनीय योगदान गरेवापत कृष्ण धरावासीलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरबाट विभिन्न सम्मान तथा कदरपत्रहरू प्रदान गरिएको छ । जुन यस प्रकार छन् :

| | |
|---|---|
| १) **नगर प्रतिभा विकास शाखा (इलाम)** | (२०४४) |
| २) **देवकोटा स्मृतिभवन, भद्रपुर (झापा)** | (२०५२) |

३) **सांसक प्रतिष्ठान(झापा)** (२०५३)

४) **नवरङ्ग साहित्यिक प्रतिष्ठान(झापा)** (२०५३/२०६२)

५) **अभ्यर्थना समिति (झापा )** (२०५३)

६) **वातावरण युवा समूह,शनिश्चरे (झापा)** (२०५३)

७) **कन्काई प्रतिभा प्रतिष्ठान,सुरुङ्गा (झापा)** (२०५३ )

८) **शनिश्चरे गा.वि.स. शनिश्चरे (झापा)** (२०५३)

९) **अर्जुनधारा गा.वि.स. अर्जुनधारा (झापा)** (२०५७ )

१०) **वर्तमान साहित्य प्रतिष्ठान, चन्द्रगढी (झापा)** (२०५७)

११) **नेपाल वित्तीय सास्था कर्मचारी संघ**, (कृषीविकास बैंक झापा) (२०५७)

१२)**लेखनाथ वाचनालय, चन्द्रगढी (झापा)** (२०५८ )

१३) **मेची नगरपालिका, चन्द्रगढी (झापा)** (२०५८)

१४)**नेपाली साहित्य समाज मोरङ** (२०५९)

१५)**जुही साहित्यिक त्रैमासिक, चन्द्रगढी (झापा)** (२०५९)

१६) **त्रिफला राष्ट्रिय पुस्तकालय, धुलाबारी (झापा)** (२०५९)

१७)**बृहत्तर गुवाहटी साहित्यिक अतीथि सदन(आसाम)** (१९९६)

उपर्युक्त विवरणका आधारमा धरावासीले नेपाली साहित्यमा पुऱ्याएको योगदानको कदर राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा भएको देखिन्छ । हाम्रा कति साहित्यकारहरू आफू उत्कृष्ट हुँदाहुँदै पनि समाजमा अपहेलित भएर बाँच्न बाध्य छन् । धरावासीले भने यो समस्या बेहोर्नु परेको देखिँदैन ।

### ३.४.९ संलग्नता

धरावासी समाज सुधारक व्यक्ति हुन् । उनी साहित्यिक क्षेत्रमा मात्र आबद्ध नरहेर समाज सुधारका लागि जनचेतना फैलाउने विभिन्न काममा सक्रिय सहभागी भएकादेखिन्छन् । धरावासी सम्बद्ध भएका संघसंस्थाहरू यस प्रकार छन् :

**१) आदर्श साहित्यिक तथा सांस्कृतिक दोभान, शनिश्चरे, झापा अध्यक्ष**

२) **सी.के. चिन्तन प्रतिष्ठान, झापा** **अध्यक्ष**

**३) नेपाली साहित्यिक विकास समिति, मेची** **अध्यक्ष**

४) **नियात्रा प्रकाशन, झापा** **अध्यक्ष**

**५) सासंक प्रतिष्ठान धुलाबारी, झापा** **महासचिव**

**६) बसुन्धरामान प्रतिष्ठान, काठमाडौं** **उपाध्यक्ष**

**७) जयन्द्रप्रसाद प्रसाई सहित्यिक सेवा कोष, झापा** **महासचिव**

**८) नेपाल साहित्यकार संघ** **केन्द्रीय सदस्य**

**९) नेपाली लेखक संघ, पूर्वाञ्चल** **उपाध्यक्ष**

**१०) नेपाल प्रेस युनियन** **केन्द्रीय सल्लाहकार**

**११) साहित्य चौतारी, झापा** **सल्लाहकार**

यसरी समाजको उत्थानकालागि भन्दै कलम चलाउने धरावासीले व्यावहारिक रूपमा पनि आफूलाई समाज सुधारतर्फ लगाएको देखिन्छ । उनले आफ्ना साहित्यका माध्यमबाट पाठकलाई संघर्षशील बन्ने प्रेरणा दिँदै आएका छन् । आफू पनि साहित्य लेखनसहित विभिन्न संघसंस्थामा आबद्ध रहेर सक्रिय रूपमा अघि बढ्ने व्यक्तित्व देखिन्छन् ।

## ३.५ कृष्णधरावासीका औपन्यासिक प्रवृत्ति परिचय र पृष्ठभूमि

वि सं १८२७ मा शक्ति वल्लभ अर्यालको महाभारत विरटपर्वगद्याख्यानबाट नेपाली उपन्यास लेखन परम्पराको थालनी भएको हो । यसै गद्याख्यानबाट नै नेपाली उपन्यास लेखनमा प्रथमिक कालसुरु भएको मानिन्छ । यसै समयदेखि नै नेपाली गद्य साहित्यको जग बसाल्ने काम भएको हो । प्राथमिक कालीन नेपाली उपन्यासमा नैतिक, धार्मिक, पौराणिक आख्यान परम्परालाई समेटिएको पाइन्छ । यो परम्परा१९४६ सम्म यथावत रहेको पाइन्छ । शिवदत्त शर्माको **वीरसिक्का**(१९४६)बाट नेपाली गद्याख्यान परम्परामा माध्यमिक कालको थालनी भएको हो । नेपाली उपन्यास लेखनको माध्यमिक कालको समयावधी १९९१ सम्मलाई मानिन्छ । माध्यमिक कालीन नेपाली उपन्यासमा रोमाञ्चक, सहासिक, तिलस्मी, जासुसी, अतिरञ्जनात्मक कथाहरू पाइन्छन् ।

१९९१ सालमा रुद्रराज पाण्डेको**रूपमती**उपन्यास प्रकाशितभएपछि नेपाली साहित्यमा आधुनिक कालको उदय भएको हो । आधुनिक नेपाली उपन्यासको इतिहासमा पनि विभिन्न धारा ताथा उपधाराहरूको प्रयोग हुँदै आएको देखिन्छ । विश्व साहित्यमा प्रचलित विभिन्न मूल्य मान्यतालाई पनि नेपाली उपन्यासमा उतार्ने काम हुँदै आएका छन् । यस समयमा विभिन्न उपन्यासकारहरूले आ-आफ्नै किसिमका प्रवृत्तिको प्रयोग गरेर उपन्यास लेख्दै आएका छन् । कृष्ण धरावासीले पनि उपन्यास लेखनमा अफ्नैछुट्टै प्रवृत्तिको प्रयोग गर्दै आएका छन् ।अनेकौं प्रयोग सिद्धान्त, नियम, परम्परा भइरहेको लेखनमा कृष्ण धरावासी स्वयं एउटा नयाँ प्रयोग भएका छन् । विश्वसाहित्यमा आएका नयाँ नयाँ लेखनधर्मिता, शिल्प र विधाहरूको प्रवाहमा उनले आफूलाई प्रवाहित गराका छन् ।

बहुमुखी प्रतिभाका धनी कृष्ण धरावासीको  सबैभन्दा फापेको विधा उपन्यास हो । आफ्ना सबै उपन्यासहरूमा नयाँ नयाँ प्रवृत्तिहरूको प्रयोग गर्न चाहने धरावासीका मुख्य औपन्यासिक प्रवृत्तिहरू यसप्रकार छन् ।

### ३.५.१लीलालेखन

लीलालेखन धरावासीको मुख्य प्रवृत्ति हो । नेपाली उपन्यासमा लीलालेखनको प्रथम प्रयोकर्ता धरावासी नै हुन् । उनका प्रकाशित प्रायः सबै उपन्यासहरू लीलालेखनलाई नै आधार बनाएर लेखिएका छन् । उनको प्रथम उपन्यास **शरणार्थी**(२०५६) मालीलालेखनको प्रचूर मात्रामा प्रयोग भएको छ । यस उपन्यासको भूमिकामा कृति लीलालेखनमा आधारित छ भनिएको छ । शरणार्थी उपन्यासमा  धरावासीले**डाक बङ्गलारब्रम्हपुत्रको छेउ**देखि लिएर **मुग्लान**, **नोयो**,**जयमायाआफूमात्रलिखापानी आइपुगी**सम्मका साहित्यिक कृतिका चरित्रकथाकोपुनर्लेखन गर्दै नयाँ लीलामय कृतिको सिर्जना गरेका छन् (भट्ट, २०६६ : ५१) ।

धरावासीको अर्को उपन्यास **आधाबाटो**(२०५९) मा पनि परम्परागत लेखन शैलीलाई भत्काउँदै नवीन मान्यताका साथ उपस्थित भएका छन् । यस उपन्यासमा प्रयोग भएका पात्रहरू वास्तविक छन् । धरावासीका अनुसार पात्रहरूले गरेको काम आफ्नै इच्छाले गरेका थिएनन् । ती त कठपुतली जस्तो लुरु लुरु सांसारिक मञ्चमा अभिनीत थिए ।

मदन पुरस्कार प्राप्त **राधा**(२०६२)उपन्यासमा पनि धरावासीले लीलाको प्रयोग प्रचूर मात्रामा गरेका छन् । यस उपन्यासकी नायिकामा लीलाको प्रयोग गरिएको छ । राधाले आजसम्म परिमार्जित भएका लीलालेखनका अवधारणालाई स्वीकार गरेकी छे । उसले अर्थको बहुलता सोच्नका साथै व्यक्त पनि गरेकी छे । यस उपन्यासमा स्वैर कल्पना, मिथक, प्रगतिवाद, अनीश्वरवाद आदि विभिन्न दर्शनहरूको प्रयोग भएको छ ।

**तपाईं**सडक समस्याका विशृङ्खलित कथालाई लिएर रचना गरिएको उपन्यास हो । यसको पाठभित्र नै उपन्यासको समालोचना गरिएको पाइन्छ । यो उपन्यास भन्ने र सुन्ने क्रममा तयार पारिएको छ । उपन्यासभित्र नै भन्ने र सुन्ने परम्परामा लेखिएको यो पहिलो चोटि हो । यस उपन्यासभित्र कथा, निबन्ध, समालोचना जस्ता छुट्टाछुट्टै विधाहरूसमेटिएका छन् । यसरी विधामिश्रण गरेर यस उपन्यासमा लीलालेखनलाई घुसाइएको छ ।

**टुँडाल** उपन्यास धरावासीले परियोजनाका क्रममा लेखेको उपन्यास हो । यसमा कथाहरू छरिएका छन् । वास्तविक पात्र र काल्पनिक पात्र दुवैको समिश्रण गरिएको छ । यो उपन्यासमा यौनलाई बढी देखाइएको छ । यौनलाई उल्लेख गर्ने क्रममा हाम्रो समाजले पचाउन गाह्रो पर्ने घटनालाई पनि हलुका रूपमा प्रस्तुत गरिएको छ । विभिन्न सिद्धान्तहरूको समिश्रण पाइने यो उपन्यास लीलालेखनमा आधारित छ ।

उनको सबैभन्दा पछिल्लो समयमा आएको उपन्यास **पाण्डुलिपि**(२०६९) हो । यो उपन्यास **आधाबाटो**कै निरन्तरता भएकाले **आधाबाटो**मा अपनाइएका सबै प्रवृत्तिहरू यसमा पनि लागु भएका छन् । यसको कथावस्तु धरावासीकी आमाको मृत्युपछि सुरु हुन्छ र पत्नीको मृत्युसंस्कार सकेर काठमाडौंको घरमा आएपछि समाप्त हुन्छ ।

### ३.५.२विनिर्माणवाद

कृष्ण धरावासी विनिर्माणवादी उपन्यासकार हुन् । उनका प्रत्येक उपन्यासमा विनिर्माणको प्रयोग भएको छ । विनिर्माणवादीले बताउने जीवन भ्रम हो । यहाँ सत्य केही हुँदैन भन्ने मान्यतालाई  धरावासीले आफ्ना प्रत्येक उपन्यासमा समेट्ने प्रयास गरेका छन् । **शरणार्थी** उपन्यासमा विधाको विनिर्माण भएको छ । यस उपन्यासमा पूर्वकृतिहरू:**डाक बङ्गला** र **ब्रम्हपुत्रको छेउ**देखि लिएर **मुग्लान**, **नोयो**,**जयमाया आफू मात्र लिखापानी आइपुगी**को विनिर्माण गरिएको छ । पूर्व प्रकाशित कृतिमा कथावस्तु सिद्धिएको ठाउँबाट यसको कथावस्तु सुरु भएको छ ।**राधा** उपन्यासमा पौराणिक कथाको विनिर्माण गरिएको छ । यसको कथा र पुराणको कथाबीच मेल नहुने गरी यस कृतिको विनिर्माण भएको छ । **टुँडाल** उपन्यासमा पनि  धरावासीले काल्पनिक र वास्तविक पात्रहरूको मिश्रण गरेका छन् । त्यस्तै उपन्यासमा टुँडाल सम्बन्धीचल्दै आएका किंवदन्तीको विनिर्माण गरी उपन्यासमा समावेश गरिएको छ । यस उपन्यासकी नायिकाको जीवनमा सुरुदेखि अन्त्यसम्म नै भ्रम देखाइएको छ ।

### ३.५.३प्रयोगशीलता

धरावासी प्रयोगवादी साहित्यकार हुन् । उनले आफ्ना प्रत्येक कृतिमा नयाँ नयाँ प्रयोग गरेका छन् ।**शरणार्थी**उपन्यासमा उनले लीलालेखनको प्रयोग गरेका छन् । **शरणार्थी**नै लीलालेखन प्रयोग भएको प्रथम नेपाली उपन्यास हो । यस उपन्यासमा उनले पूर्वकृतिबाट कथा, पात्र, परिवेश, संवाद जस्ता कुराहरू लिएका छन् । उनले आफूले लिएका पूर्व कृतिका सन्दर्भलाई पहिले उभिएकै ठाउँबाट अगाडि बढाएका छन् ।

**आधाबाटो** उपन्यासमा कुनै खास विषयवस्तु नसमाइकन आफ्नो जीवनमा घटेका घटनालाई उपन्यासको रूपमा उतारेका छन् । यो उपन्यास आत्मवृत्तान्त जस्तोपनि बनेको छ । यस उपन्यासमा धेरै(एकहज्जार तीस जना) पात्रहरू राखिएका छन् । यसमा बोकालाई राम भनेर व्यक्तिमा रूपान्तरण गरिएको छ ।**राधा**  एक मिथकीय उपन्यास हो । यस उपन्यासमा लेखकले महाभारतकालीन पात्र कृष्ण र राधाबीचको सम्बन्धलाई वर्तमान समयसापेक्ष बनाएका छन् । यस उपन्यासमा महाभारतकालका समय सापेक्ष घटना र वर्तमान घटनाको मिश्रण गरिएको छ । **राधा** उपन्यासमा भएको नवीन प्रयोग भनेको मिथक हो ।

**तपाईं** उपन्यासमा धरावासीले आफ्नो लेखन परम्परालाई तोडेका छन् । यो उपन्यास द्वितीय पुरुष दृष्टिविन्दुमा लेखिएको छ । यसभन्दा अघिका उनका उपन्यास प्रथम र तृतीय पुरुष दृष्टि बिन्दुमा लेखिएका छन् । धरावासीले यसमा उपन्यासभित्रै उपन्यासको समालोचना पनि गराएका छन् । सुन्ने र सुनाउने दन्त्य कथाको शैली यस उपन्यासको नौलो प्रयोग हो ।

**टुँडाल** उपन्यासमा वास्तविक र काल्पनिक पात्रको मिश्रण गरिएको छ । यसको कथावस्तु पनि वास्तविक र काल्पनिकको मिश्रणमा नै अगाडि बढेको छ । छुट्टै

साहित्यकारका कविता जस्ताको तस्तै उपन्यासमा उतार्नु यसको अर्को विशेषता हो । **टुँडाल** सांस्कृतिक मनोवैज्ञानिक उपन्यास हो । यसमा वर्षौ अगाडिदेखि मन्दिरमा कुँदिएका टुँडालको सम्बन्धमा विस्तृत चर्चा भएको छ । यो पनि उनको नवीन प्रयोग नै हो ।

### ३.५.४कारुणिकताको चित्रण

कारुणिकताको चित्रण धरावासीको अर्को विशेषता हो । उनका उपन्यासमा शोषित, पीडित जनताको कारुणिक जीवन उतारिएको हुन्छ । धरावासीले पात्रका कारुणिक घटनाका माध्यमबाट पाठकलाई पनि कारुणिक बनाएका छन् । उनी नारीहरूको कारुणिक अवस्थाको चित्रण गर्न मन पराउँछन् ।

**शरणार्थी**उपन्यासमा बर्मा, मेघालय, भुटान आदि देशबाट विस्थापित भएर नेपाल आई बसेका शरणार्थीहरूको पीडा, व्यथा, वेदना, रोदन आदिलाई समेटिएको छ ।

**राधा**उपन्यासमा हाम्रो समाजमा प्रचलित पुरुषवादी सोचका कारण नारीले भोग्नु परेका समस्यालाई बडो कारुणिक ढङ्गले उतारेका छन् । कृष्णका कारणले राधाले भोग्नु परेको पीडा, एक ऋषिपत्नीले पतिका हातबाट जिउँदै जल्नाकोपीडा उत्तिकै कारुणिक छन् ।

**तपाईं** उपन्यासमा कालीकी आमा र सम्झनाको माध्यमबाट समाजमा नारी भएकै कारणले भोग्नु परेका समस्यालाई देखाइएको छ । नारी भएकै कारण आफ्ना नजिकका भनाउँदाबाट नै भोगेको शोषणलाई बडो कारुणिक तरिकाले उतारिएको छ ।

**टुँडाल** उपन्यासमा मन्दिरमा कुँदिएका टुँडालको उदाहरण दिँदै परापूर्व कालदेखि नै नारीमाथि अन्याय अत्याचार हुने गरेको बताएका छन् । त्यस्तै यस उपन्यासकी मूल नायिका सुस्मिता, श्यामल, आमा, बुबा, उमा, भद्रिका, अमर आदिको समस्यालाई कारुणिक रूपमा उतारिएको छ ।

### ३.५.५अध्यात्मवादी अवधारणा

धरावासी अध्यात्मवादी लेखक पनि हुन् । उनका उपन्यासमा कहीं न कहीं अध्यात्म चिन्तन पाइन्छ । **शरणार्थी** उपन्यासका प्रायः सबै पात्रलाई अध्यात्मवादी बनाएका छन् ।

**राधा** उपन्यास पौराणिक कथाको मिथक हो । उपन्यासको शीर्षक नै पौराणिक पात्रका नाममा राखिएको छ । यसका पात्रहरू पौराणिक छन् । पौराणिक पात्रलाई वर्तमान परिप्रेक्ष्यमा ढालेर **राधा** उपन्यास तयार पारिएको छ ।

**टुँडाल** उपन्यास पनि अध्यात्मकै सेरोफेरोमा रचिएको छ । यस उपन्यासको शीर्षक पनि अध्यात्मसँग सम्बन्धित छ । मन्दिरको छानामा राखिएका टुँडालको वरिपरि यो उपन्यास घुमेको छ । उपन्यासभित्र विभिन्न जात्राहरूको बारेमा लेखिएको छ ।

### ३.५.६अस्तित्ववादी चेत

कृष्ण धरावासी अस्तित्ववादी साहित्यकार हुन् । विसङ्गतिका बीचबाटै अस्तित्व खोज्नु नै अस्तित्ववाद हो । हाम्रो जीवन विसङ्गति नै विसङ्गतिले भरिएको छ । यस्तो विसङ्गत जीवनमा पनि निराश नभएर आफ्नो अस्तित्व बचाइराख्नु नै अस्तित्ववाद हो । धरावासीका पात्रहरू पनि जस्तोसुकै आपत आइपरे पनि आफ्नो अस्तित्व रक्षाका लागि अटलदेखिन्छन् ।

**शरणार्थी** उपन्यासमा जयमाया परिवारका सबै सदस्य गुमाएर नेपालमा शरणार्थी जीवन बिताइरहेकी छे । ५० वर्षको उमेर नाघिसक्दा पनि उसलाई जीवनसँग कुनै गुनासो छैन । ऊ अझै बाँच्न चाहन्छे । **आधाबाटो** उपन्यासमा पनि लेखक आफैले आफ्नो जीवनमा अनेक हन्डर खाएको उल्लेख गरेका छन् । उनकी आमाले पनि विभिन्न कष्टहरू पार गरेकी छन् । आमा र लेखक दुवैलाई जीवनदेखि विरक्त भएको कहीं देखाइएको छैन । उनीहरू आफ्नो अस्तित्व रक्षाका लागि संघर्ष गरिरहेका छन् ।

**राधा** उपन्यासकी मूलपात्र राधा तीर्थाटनमा निस्केकी छ । यो उसले आफ्नो अस्तित्व रक्षाकै लागि गरेकी हो । **तपाईं** उपन्यासकी सम्झना माओवादी कार्यकर्ता बन्नु पनिअस्तित्वकै खोजी हो । टुँडालकी सुस्मिता जीवनमा अनेक दुःख सहेर पनि कसैलाई दोष नदिईनयाँतरिकाले जीवन बिताउने सङ्कल्पगर्दछे । उमाले आफ्नो प्रेमीले विवाह गर्न नमान्दा एक्लै संघर्ष गरेर आफ्नो अस्तित्व बचाउँछे ।

### ३.५.७यथार्थवादी दृष्टिकोण

यथार्थवाद पनि कृष्ण धरावासीको अर्को प्रवृत्ति हो । उनले आफ्ना उपन्यासमा कल्पनाको भन्दा यथार्थको प्रयोग गर्न बढी रुचाएको देखिन्छ । धरावासीले कुनै न कुनै तवरले समाजका यथार्थ घटनालाई आफ्ना उपन्यासका कथावस्तु बनाएका छन् । **शरणार्थी** उपन्यासमा उनले नेपालमा रहेका लाखौं शरणार्थीहरूको जीवनलाई उतारेका छन् । यसमा शरणार्थीहरूले भोग्दै आएका दुःख, पीडा, तिरस्कार आदिलाई मार्मिक ढङ्गले प्रस्तुत गरिएको छ ।

**आधाबाटो** उनको आफ्नै जीवनको सेरेफेरोमा घटेका यथार्थ घटनालाई अधार बनाएर लेखिएको उपन्यास हो । यसका सबै पात्रहरू यथार्थ हुन् । घटनाहरू यथार्थ हुन् । यस कुराको स्वीकार उपन्यासमा नै भएको छ । **राधा** पनि पौराणिक यथार्थ घटनामा स्वैर कल्पना थपेर लेखिएको उपन्यास हो । उपन्यासमा प्रयोग भएका पात्रहरू पुराणका पात्रहरू हुन् ।

**तपाईं** उपन्यासमा पनि उनले समाजको यथार्थ घटना नै उतारेका छन् । सम्झनालाई आफ्नै दाजुको हातबाट बेचाइएको छ । उपन्यासमा पैसा र यौनको लागि आमा, दिदी, बहिनी केही नभन्ने वर्तमान नेपाली समाजको चित्रण यथार्थ रूपमा प्रस्तुत भएको छ ।

**टुँडाल** प्राचीन मन्दिरमा सजाइएका यौनजन्य टुँडालको केन्द्रविन्दुमा रहेर लेखिएको उपन्यास हो । यस उपन्यासमा नेपालमा रहेका विभिन्न सांस्कृतिक स्थलहरूको विश्लेषण गरिएको छ । यस उपन्यासमा देखाइएको कोसी समस्या पनि यथार्थ समस्या नै हो । यसमा उतारिएका कविताहरू वास्तविक हुन् ।

### ३.५.८प्रेमको व्याख्या

धरावासीले आफ्ना सबै उपन्यासमा प्रेमलाई केन्द्रमा राख्ने गरेका छन् । प्रेमकै वरिपरि उपन्यासको कथा घुम्ने गरेको छ । उनका उपन्यासमा शारीरिकभन्दा मानसिक प्रेमलाई बढी महत्त्व दिइएको हुन्छ । **शरणार्थी** उपन्यासमा जयबहादुर र जयमायाको अशारीरिक प्रेम, **आधाबाटो**मा उपन्यासकार अफैले भुल्न नसकेको प्रेम, **राधा**मा राधा र कृष्णबीच भएको प्रेमले लेखकमा भएको मानस प्रेमको सबल चरित्रको उद्घाटन हुन्छ ( मिश्र, २०६३ : ७४) ।

**तपाईं** उपन्यासकी सम्झना प्रेमकै अभावमा माओवादीको सशस्त्र युद्धमा सामेल भएर हतियार समाउँछे । तर उसको म पात्रप्रतिको मानसिक प्रेम भने मरेको हुँदैन । **टुँडाल** उपन्यासमा पनि प्रेमलाई नै मुख्य विषयवस्तु बनाइएको छ । यस उपन्यासमा शारीरिक र मानसिक दुवै प्रेमले पात्रलाई दुःखी तुल्याएको छ । उमाले शारीरिक प्रेमको कारण दुःख पाएकी छ । सुस्मिताले मानसिक प्रेमका कारण दुःख पाएकी छ । सुस्मिताकी आमा आफ्नो पुरानो पतिप्रतिको मानसिक प्रेमका कारण नयाँ पतिसित भएको शारीरिक र मानसिक दुवै प्रेममा खुस छैन । भद्रिकाले प्रेमकै कारण जीवन गुमाउन पुगेकी छ । श्यामलले प्रेमकै कारण मानसिक तनाव झेल्नु परेको छ ।

### ३.५.९आञ्चलिकता

कुनै निश्चित क्षेत्रलाई वातावरण बनाएर लेखिएका उपन्यास आञ्चलिक उपन्यास हुन् । आञ्चलिक उपन्यासमा स्थानीयताले प्राथमिकता पाएको हुन्छ । यस्ता उपन्यास स्थानीय परिवेश, संस्कार, संस्कृति, रहन सहन आदिप्रस्ट्याउने उद्देश्यले लेखिएका हुन्छन् ।

धरावासीको **टुँडाल** उपन्यास आञ्चलिक उपन्यास हो । यसमा भक्तपुरलाई उपन्यासको परिवेश बनाइएको छ । भक्तपुरमा रहेको धर्म, संस्कृति, रहन सहन देखाउनु यसको मुख्य उद्देश्य देखिन्छ । यसमा भक्तपुरका मन्दिरमा रहेका टुँडालहरूको चर्चा गरिएको छ । त्यहाँ प्रचलित जात्राहरू, बलि प्रथा आदिको उल्लेख गरिएको छ ।

### ३.५.१०मनोवैज्ञानिक उपन्यास

कृष्ण धरावासी एकसशक्त मनोवैज्ञानिक साहित्यकारका रूपमा परिचित नाम हो । उनका प्रायः सबै उपन्यास तथा कथाहरूमा मनोविज्ञानको प्रभाव परेको देखिन्छ । **शरणार्थी** उपन्यासमा उनले भुटानी शरणार्थीको मनोविज्ञान खोतल्ने काम गरेका छन् । **राधा**उपन्यासमा लेखकले राधाको मनोविश्लेषण गरेका छन् । **तपाईं** उपन्यासमा पनि सम्झनाको मनोविश्लेषणमा उपन्यासकारले धेरै समय खर्चेका छन् । उसको

बाल्यकालदेखि मृत्युसम्मको घटना उपन्यासमा उतारिएको छ । सम्झनाले यौवन आवस्थामा भोग्नु परेको पीडाकै कारण माओवादी छापामारमा लागेर जीवनलीला समाप्त गरेको घटना प्रस्तुत गरिएको छ ।

**टुँडाल**धरावासीको सांस्कृतिक मनोवैज्ञानिक उपन्यास हो । यस उपन्यासमा लेखकले हाम्रा सांस्कृतिक धरोहरको मनोविज्ञानसँग कस्तो सम्बन्ध रहेको छ भन्ने कुराको उल्लेख गरेका छन् । यो उपन्यास मन्दिरका टुँडाललाई आधार बनाएर तयार पारिएको छ । उपन्यासले प्राचीन टुँडालको प्रभाव वर्तमान जीवनमा कस्तो परेको छ भन्ने देखाएको छ । यो उपन्यास यौनको सेरोफेरोमा घुमेको छ । उपन्यासका सम्पूर्ण पात्रहरू कहीं न कहीं मनोविज्ञानसँग सम्बन्धित रहेको देखाइएको छ । सबैको मनोविज्ञान खोतल्ने काम उपन्यासमा भएको छ ।

### ३.५.११पुरुषवादी चिन्तन

कृष्ण धरावासीले आफ्ना सबै रचनालाई नारीवादी भएको बताउने गरेका छन् । यथार्थमा उनका उपन्यास नारीवादी नभएर पुरुषवादी बन्न पुगेका छन् । उनका उपन्यासमा नारीलाई कतै पनि इज्जत दिइएको छैन । **आधाबाटो** उपन्यासमा उपन्यासकारले अस्मितामाथि नैतिक र आर्थिक प्रश्न उठाउँदै विवाह गरेका छैनन् । **राधा** उपन्यासमा राधालाई आत्म निर्णयमा अडिन नसक्ने बनाएका छन् । उसले बीच बीचमा कृष्णप्रतिको आफ्नो धारणा परिवर्तन गरिरहेकी हुन्छे । धरावासीको चेतन मनले राधालाई स्वाभिमानी बनाएको छ । अचेतन मनले भने राधाले कृष्णको आशामा रहने बताएको छ । राधा कृष्णका कारणले बुढी भएकी आमालाई एक्लै छोडेर तीर्थाटनमा निस्केकी छ । उसले आमाप्रतिको कर्तव्य भुलेकी छ ।

**तपाईं** उपन्यासमा सम्झनाको कुनै गल्ती नहुँदा नहुँदै पनि लेखकले म पात्रलाई उबाट भाग्ने बनाएका छन् । सम्झनालाई ऊ आफूले केही गर्न नसकेर एउटा जँडिया दाइको आशमा बस्नु परको देखाएका छन् । सम्झना आफूलाई दाइले वेश्यालयमा बेचिदिंदा पनि चुपचाप बसेकी छ ।

धरावासीले **टुँडाल**लाई नारीवादी उपन्यास भनेका छन् । यथार्थमा यस उपन्यासमा नारीलाई अत्यन्त कमजोर बनाइएको छ । उपन्यासकारले नारीलाई विश्वास गर्न लायककै बनाएका छैनन् । विवाहलाई उच्च आदरका साथ हेर्ने हाम्रो समाजिक परम्पराका विपरीत उपन्यासका नारीले जतिसुकै माया गर्ने पति भए पनि परपुरुषसँग प्रेम गर्ने देखाएका छन् । सुस्मिताले आफूमा रूप र क्षमता दुवै हुँदा हुँदै पनि पुरुषप्रति एकतर्फी प्रेममा फसेर दुःख पाएकी छ । उपन्यासका प्रायः सबै पुरुष पात्रलाई भलाद्मी, अल्पभाषी, सही निर्णय गर्ने देखाएका छन् । नारीलाई उच्छृङ्खल, निर्णय क्षमतामा कमजोर, व्यवहारमा अपूर्ण हुने बताएका छन् ।

## ३.६ निष्कर्ष

कृष्ण धरावासी नेपाली साहित्यका चम्किला तारा हुन् । उनी साहित्यमा कविता विधाबाट प्रवेश गरेका हुन् । उनले नेपाली साहित्यका प्रायः सबै विधामा कलम चलाएका छन् । उपन्यास विधा उनको सबैभन्दा कान्छो विधा हो । यो विधा नै उनको सबैभन्दा विस्तृत विधा पनि बन्न पुगेको छ । उनले उपन्यासमा नवीन शैलीको प्रयोग गरेका छन् । उनका प्रत्येक उपन्यासमा नयाँ शैलीको बीजारोपण पाइन्छ । उनलाई मदन पुरस्कार दिलाउने विधा पनि उपन्यास नै हो । उनका उपन्यासमा अर्काको नक्कलको मात्रा कम भेटिन्छ ।

धरावासीले समाजमा आफूले देखेको भोगेको यथार्थलाई उपन्यासको विषयवस्तु बनाएका छन् । उनका उपन्यासमा लीलालेखनको प्रयोग, कारुणिकता, शैलीमा नवीन पन, अस्तित्वको खोजी गरिएको हुन्छ । उनले पूर्वीय अध्यात्मवादलाई पनि उपन्यासको कथावस्तुबनाएका छन् । प्रेम शारीरिक मात्र नभएर मानसिक पनि हुन्छ । धरावासी मानसिक प्रेमको वकालत गर्दछन् । धरावासीले विश्व साहित्यमा आएको नवीन शैली र शिल्पको प्रयोग आफ्ना उपन्यासमा गर्ने गरेका छन् । विनिर्माण पनि उनका उपन्यासको विशेषता हो । उपन्यासमा मिथकको प्रयोग गर्नु उनको अर्को प्रवृत्ति हो ।धरावासीका उपन्यासमा पात्रको मनोविश्लेषण गरेरउनीहरूमा भएको मनोविकार पत्ता लगाइएको हुन्छ । हरेक सृजनामानवीन शैली प्रयोग गर्न रुचाउने धरावासीले औपन्यासिक यात्रामा अझै नयाँ बाटो खोजेर अगाडि बढ्ने सम्भावना प्रबल छ ।

# परिच्छेद चार

# टुँडाल उपन्यासको मनोविश्लेषणात्मक अध्ययन

## ४.१मनोविज्ञान

अमूर्त तत्त्वहरूको अध्ययन र विश्लेषणका माध्यमबाट मूर्तवस्तु र कार्यात्मक रूप उद्घाटन गर्ने विज्ञान हो मनोविज्ञान (सुवेदी २०६४ :१४५)। मान्छेका हरेक क्रियाकलाप उसको अन्तर्मनबाट निर्देशित हुन्छ । मान्छेका मनभित्र विभिन्न इच्छा आकाङ्क्षाहरू लुकेर बसेका हुन्छन् । जसलाई बाहिर प्रकट गर्न नसक्नाका कारण ऊ विक्षिप्त बन्दछ । मनोविज्ञानले मान्छेको यही विक्षिप्त मनबाट उसका इच्छा आकाङ्क्षाहरू पत्ता लगाउने काम गर्दछ । जीवन सरल र सोझो छैन । जीवनमा मान्छे आ-आफ्ना स्वभावका कारण जटिल र विपरीत परिस्थितिमा अल्झेको छ । परिणाम स्वरूप मानिस विकृति संघर्ष, वैमनस्य, अविश्वास आदिमा बाँचिरहेको छ । मनेविज्ञानले मानव जीवनमा यस्तो हुनुको कारण पनि पत्ता लगाउने काम गर्दछ । बाह्य परिस्थितिको अध्ययनबाट निष्कर्षित हुने प्रचलित सिद्धान्तका विपरीत अथवा त्यसलाई मात्र सम्पूर्ण नमानेर अन्तःस्थलको गुणतम पर्यावलोकन र खोजी गर्ने दिशातर्फ मनोविज्ञान अग्रसर भयो (प्रधान २०६३ :१७०) ।

मान्छेका अन्तरमनमा रहेका अति सूक्ष्म र गम्भीर विषयको पहिचान गर्न प्राचीनकालदेखि हालसम्म विभिन्न विद्वानहरू लागिपरेकाछन् । मनोविज्ञानको अध्ययनबाट मान्छेका अर्न्तमनका केही तथ्यहरू पहिल्याउन पनि सफल भएका छन् । मनोविज्ञानको क्षेत्र भने अझै व्यापक र जटिल बन्दै गइरहेको छ ।

पूर्वीय दर्शनमा मनको बारेमा चर्चा प्राचीनकालदेखि नै हुँदै आइरहेको देखिन्छ । त्यस समयमा योगीसन्तहरूले मनलाई नियन्त्रण गर्ने कुराको उल्लेख गरेको पाइन्छ । पूर्वीय प्राचीन जगतका आत्मचिन्तक, महापुरुष, योगी र समाधिस्थ महर्षि पनि मनलाई अनियन्त्रित गतिवान् रथका रूपमा ग्रहण गर्दथे । जीवनको बद्ध र मोक्षको परिणति मनबाट व्यक्त हुन्छ भन्ने कुरा वेद र महाभारतका माध्यमबाट प्रस्तुत भएको छ (सुवेदी, २०६४ :१४५ ) ।

मनोविज्ञानका सम्बन्धमा पश्चिमी जगतमा प्राचीन युगदेखि नै चर्चा परिचर्चा हुँदै आएको पाइन्छ । मान्छेको सम्पूर्ण शारीरिक क्रियाकलाप उसको मनको प्रेरणाको उपज हो । यसले मान्छेलाई व्यक्त गर्ने काम गर्दछ । मनलाई शरीरको केन्द्रमा राखेर अध्ययन गर्ने काम पश्चिममा अरस्तुको पालादेखि नै हुँदै आएको देखिन्छ । मनको शमन र तुष्टिका विधिहरू प्लेटो र अरस्तुकै युगदेखि प्रचलनमा आएको कुरा उनीहरूका विचारको अध्ययनबाट प्राप्त हुन सक्छ (सुवेदी, २०६४ : २४६) ।

अतः मनोविज्ञानको प्रयोग अथवा मनको महत्त्वका बारेमा पूर्व र पश्चिम दुवैतिर चर्चा भएको पाइन्छ । दुवैतिर मान्छेको बाह्य क्रियाकलापलाई भन्दा मानसिक

क्रियाकलापलाई जोड दिएकोदेखिन्छ । भौतिकविज्ञानले समेट्न नसकेका कुरालाई मनोविज्ञानले समेट्ने मान्यता दुवैतिर रहेको पाइन्छ ।

## ४.२ मनोविश्लेषण

भौतिकविज्ञानले समेट्न नसकेको ज्ञानलाई समेटेर अगाडि बढेको मनोविज्ञानको एक शाखालाई मनोविश्लेषण भनिन्छ । उन्नाइसौं शताब्दीको अन्त्य र बिसौँशताब्दीको सुरुतिर विश्वमा विज्ञान र मानवशास्त्रका क्षेत्रमा नयाँ नयाँ आविष्कारहरू भएका थिए । जसमा डार्विनको विकासवाद, काल मार्क्सको द्वन्द्वात्मक भौतिकवाद र फ्रायडको मनोविश्लेषणवाद मुख्य पर्दछन् । वैज्ञानिक क्षेत्रबाट विकसित यी सिद्धान्तले विस्तारै साहित्यमा पनि प्रवेश गरेको देखिन्छ । मनोविज्ञानको प्रयोग विभिन्न अर्थमा गरिन्छ जसमध्ये शास्त्रको र साहित्यको निरीक्षणको आधारमा प्राप्त तथ्यको प्रयोगात्मक वा सैद्धान्तिक व्याख्या गर्नमा पनि गरिन्छ (रेग्मी, २०५० :१) ।

मनोविज्ञानका जन्मदाता भियनाका मनोचिकित्सक सिग्मन्डफ्रायड हुन् । उनले रोगीहरूको उपचारका क्रममा यस सिद्धान्तको प्रतिपादन गरेको मानिन्छ । मनोविश्लेषण सिद्धान्तका अवधारणाका सम्बन्धमा इतिहासविद्हरूले यसलाई दुई काल खण्डमा विभाजन गर्ने गरेका छन्: फ्रायड पूर्वकालीन मनोवैज्ञानिक सिद्धान्त र फ्रायड उत्तर कालीन मनोवैज्ञानिक सिद्धान्त ।

फ्रायड पूर्वकालीन मनोवैज्ञानिक सिद्धान्त अन्तर्गत अचेतन, मानसिक नियतिवाद, अहम् एवं काम शक्ति (लिविडो), दमन, शैशव कालीन कामुकता, मातृप्रेम ग्रन्थि आदि पर्दछन् ।

फ्रायड उत्तरकालीन मनोवैज्ञानिक सिद्धान्त अन्तर्गत (क) आत्ममोह (ख) इदम्,अहम्, एवं उच्चाहम् र (ग) मूल प्रवृत्तिहरू पर्दछन् (अनु भण्डारी, २०५८ :१३) ।

मनोविश्लेषण सिद्धान्तका बारेमा फ्रायड पूर्व चर्चा हुने गरेको भए पनि यस सिद्धान्तको प्रतिपादकका रूपमा सिग्मन्डफ्रायडलाई नै लिइन्छ । फ्रायडको जीवनकालमा मनोविश्लेषण सिद्धान्तलाई दुई भागमा विभाजन गरेको देखिन्छ । पहिलो भागमा यिनले **मनोविश्लेषण सिद्धान्त** एवं **मनोविश्लेषण चिकित्सा** लाई विकसित गरेको देखिन्छ । दोस्रो भागमा यिनले मनोविश्लेषण सिद्धान्तलाई **धर्म, समाज मनोविज्ञान, बालमनोविज्ञान, मनोवविज्ञान र सभ्यताका अन्य समस्याहरूमा** प्रयोग गरेको देखिन्छ (अनु, भण्डारी, २०५८ : १३) ।

फ्रायडको मनोविश्लेषण सिद्धान्तले व्यापक र विस्तृत क्षेत्र ओगटेको छ । समग्रमा यसको अध्ययन गर्न धेरै कठिन देखिन्छ । यस सिद्धान्तलाई विभिन्न बुँदामा विभाजन गरेर अध्ययन गर्न सकिन्छ :

## ४.२.१ मूल प्रवृत्तिको सिद्धान्त

जुनसुकै प्राणीमा दुई प्रकारका प्रवृत्तिहरू पाइन्छन् । एक प्रकारको प्रवृत्ति उसले जन्मजात रूपमा प्राप्त गरेको हुन्छ भने अर्को प्रकारको प्रवृत्ति समाजमा रहने क्रममा प्राप्त गरेको हुन्छ । जन्मजात प्राप्त गर्ने गुणलाई मूल प्रवृत्ति सिद्धान्त भनिन्छ । मूल प्रवृत्ति सिद्धान्तका प्रतिपादक प्रसिद्ध अङ्ग्रेज मनोवैज्ञानिक विलियम मैक्डुगल हुन् । उनका अनुसार मूल पवृत्ति परम्परागत वा जन्मजात शारीरिक प्रवृत्ति हो जसले प्राणीलाई कुनै विशेष वस्तुलाई हेर्न, त्यससित ध्यान दिन, त्यसलाई हेरेर एक विशेष प्रकारको संयोगात्मक उत्तेजनाको अनुभव गर्न,त्यससँग सम्बन्धित एक विशेष ढङ्गले कार्य गर्न वा यस्तो गर्ने प्रबल इच्छाकालागि बाध्य पार्दछ (अनु भण्डारी २०५८ : १५) । भय, क्रोध, घृणा वात्सल्य, कामुकता, आश्चर्य, एक्लोपन, भोक, प्रसन्नता आदि मूल प्रवृत्ति अर्न्तगत पर्दछन् ।

फ्रायडका अनुसार मूल प्रवृत्ति एक प्रकारको जन्मजात अनार्जित मनको शक्ति हो । यसलाई मानसिक शक्तिहरूको जन्मजात तात्विक योग पनि भन्न सकिन्छ । फ्रायडले व्यक्तिको सबै रचनात्मक एवं विध्वंसात्मक क्रियाहरूको आधार मूल प्रवृत्ति नै हुने बताएका छन् । उनले स्रोत, लक्ष, वस्तु, गतिशीलतालाई मूल प्रवृत्तिका विशेषताहरू मानेका छन् ।

फ्रायडले निम्नलिखित दुई मूल प्रवृत्तिहरूको वर्णन गरेका छन् ।

### ४.२.१.१ जीवन मूलप्रवृत्ति

फ्रायडको पहिलो व्यक्तित्व सिद्धान्त जीवन मूलप्रवृत्ति सिद्धान्त हो । मानवले आफ्नो र आफ्नो जातिकोअस्तित्व कायम राख्नका लागि गर्ने विभिन्न कार्यहरू जीवनमूल प्रवृत्तिबाट प्रभावित भएको देखिन्छ । यस प्रवृत्तिकै कारण मान्छेमा अहम् र यौन प्रवृत्ति पाइन्छ । फ्रायडलेजीवन मूलप्रवृत्तिसँगै एउटा मानसिक शक्तिको रूपमा जीवनशक्ति (लिबिडो) पनि प्रस्तुत गरेका छन् । लिबिडोले मान्छेलाई कार्य गर्न उर्जा दिन्छ । लिबिडोलाई फ्रायडले महत्त्वपूर्ण हुने बताएका छन् । उनका अनुसार लिबिडो जीवनमा अंशमात्रमा व्यक्तिको आत्मामा व्याप्त हुन्छ र शेष भागमा भौतिक संसारका अन्य व्यक्तिहरू, विषयहरू र घटनाहरूमा निहित हुन्छन् । यसको मात्रा प्रायः स्थायी हुन्छ । यसको मात्रा तलमाथि भएमा व्यक्तिमा असामान्य अवस्था देखिन्छ । मानिसमा यसको मात्रा धेरै भएमा व्यक्ति आत्मप्रेमी बन्दछ । लिबिडोको मात्राबाह्य वस्तुमा बढी भए आफूलाई भन्दा अन्य वस्तुलाई बढी चाहन्छ । लिबिडोले व्यक्तिलाई सहीमार्गमा हिँडाउँदछ । व्यक्तिले गर्ने हरेक क्रियाकलापमा लिबिडोको नै भूमिका हुन्छ । फ्रायडले लिबिडोलाई चिनाउँदै भनेका छन् : जसरी तुफानका समयमा नाउ वा जहाजको रक्षा त्यसलाई बलियो डोरीले उस्तै बलियो कीलामा बाँध्नाले गर्छ, ठीक त्यसै गरी जीवनशक्तिले व्यक्तिको धार्मिक आदर्शहरूका प्रति दृढ आस्था एवं विश्वासहरू बन्दछन् र जीवनको सङ्कट, कठिनाइ र विफलताहरूका समयमा पनि व्यक्तिको मनलाई स्थिर राख्दछ । जीवन मूलप्रवृत्तिलाई कार्य गराउन लागाउने शक्ति नै लिबिडो हो । जे. एफ. ब्राउनका अनुसार शारीरिक दृष्टिले जीवन मूल प्रवृत्ति शारीरिक रक्षा र वृद्धिका रूपमा अभिव्यक्त हुन्छ । मनोवैज्ञानिक दृष्टिकोणले कामजनित आवेगहरू, सुरक्षात्मक आवेगहरू तथा रचनात्मक क्रियाहरू जीवन मूलप्रवृत्तिका अभिव्यक्ति हुन् ।

#### ४.२.१.२ मृत्यु मूल प्रवृत्ति

फ्रायडले प्रथम विश्व युद्धपछि प्रतिपादन गरेको व्यक्तित्व सिद्धान्त मृत्यु मूल प्रवृत्ति सिद्धान्त हो । आफ्नो जीवन मूलप्रवृत्तिले मानव जीवनलाई सम्पूर्ण रूपमा समेट्न नसक्ने देखेर नै फ्रायडले यस सिद्धान्तको प्रतिपादन गरेका हुन् । विभिन्न विनाशकारी घटनाहरूले नै मानिसलाई विनाश वा मृत्युका तर्फ अग्रसर गराउँछ र यिनै विनाशकारी प्रवृत्तिलाई फ्रायडले मृत्युमूल प्रवृत्तिको नाम दिएका छन् । घृणा, झैझगडा, क्रोध, विनाश, मृत्यु आदिका रूपमा मृत्युमूल प्रवृत्ति देखा पर्दछ ।

जीवन मूल प्रवृत्ति र मृत्युमूल प्रवृत्ति परस्पर विरोधी प्रवृत्ति हुन् । जीवन मूलप्रवृत्तिको विरोधी काम मृत्युमूल प्रवृत्तिले गर्दछ । यसले जीवनलाई सर्वनाश गराउनपट्टि आफ्नो शक्तिको प्रयोग गर्दछ । मनोवैज्ञानिकहरूका अनुसार मृत्युमूल प्रवृत्तिले व्यक्तिलाई शत्रुतापूर्ण आक्रामक कामुक व्यवहार तथा आफू र आफ्नो प्रजातिलाई विनाशका तर्फ लान्छ । यसको मूल उद्देश्य मृत्यु देखिन्छ ।

फ्रायडले मृत्युमूल प्रवृत्तिका साथ कुनै मानसिक शक्तिको नाम राखेको देखिँदैन । अन्य मनोवैज्ञानिकहरूले यस शक्तिलाई दुईओटा नाम दिएका छन् । कसैले यसलाई मृत्यु शक्ति र कसैले आक्रामक शक्तिको नाम दिएका छन् । सबै सजीवलाई निर्जीव गर्नकालागि प्रेरित गर्ने शक्तिलाई मृत्युमूल प्रवृत्ति भनिन्छ । बच्चाहरूले आफ्ना वा अरूका सामानहरू तोडफोड गर्नु यही शक्तिका कारणले हो ।

### ४.२.२ मनको सिद्धान्त

मनको सिद्धान्त मनोविश्लेषण सिद्धान्तमा सबभन्दा बढी चर्चा भएको सिद्धान्त हो । व्यक्तिको संरचानाप्रति तार्किक र आकर्षणका अतिरिक्त व्यावहारिक जीवनमा पनि यो सिद्धान्त अति लोकप्रिय देखिन्छ ।

मनकोबारेमा चर्चा प्राचीन कालदेखि नै हुँदै आइरहेको देखिन्छ । प्रारम्भमा मनलाई अपरिवर्तनशील मानिन्थ्यो । बच्चा जन्मेपछि उसको मृत्यु नहुन्जेल शरीरमा मात्रै परिवर्तन हुने मन स्थिर रहने मान्यता प्राचीन कालमा देखिन्छ । धार्मिक मान्यतामा पनि शरीरलाई परिवर्तित र मनलाई अपरिवर्तित रहने बताइन्छ । वैज्ञानिकहरूले अनेक खोज अनुसन्धान गरेर मन बेला बेलामा परिवर्तन भइरहने कुरा बाहिर ल्याएका हुन् । अतः अध्यात्मवादी चिन्तकले मनलाई प्रमुख मानेर शरीरलाई गौण स्थान दिएको पाइन्छ । भौतिकवादी चिन्तकहरूले शरीरलाई प्रमुख स्थान दिएर मनलाई दोस्रो स्थानमा राखेका छन् । तत्त्ववादीहरूले भने मन र शरीर दुवैलाई एउटै तत्त्वका रूपमा स्वीकार गरेका छन् । द्वैतवादीहरूले दुवैलाई अलगअलग तत्त्व मानेका छन् ।

फ्रायडले माथि उल्लिखित कुनै पनि चिन्तनलाई नमानेर अरस्तुको चिन्तनलाई स्वीकार गरेको देखिन्छ । अरस्तुका अनुसार मन र शरीरको अलगअलग अस्तित्व  हुँदैन । सम्पूर्ण शरीरको प्रक्रियाको नाम मन हो । कुनै पनि कुराको चिन्तन, सिकाइ, स्मरण,

कल्पना आदि मन र शरीर दुवैको एक प्रक्रिया हो । मनलाई हामी देख्न सक्दैनौं । यो एक अमूर्त वस्तु हो । मनका विभिन्न पक्षको ज्ञान भने प्रस्ट  देख्न सकिन्छ ।

फ्रायडका अनुसार मनका मुख्य दुई पक्षहरू हुन्छन् : आकारात्मक र गत्यात्मक । आकारात्मक पक्ष अन्तर्गत चेतन मन, अवचेतन मन र अचेतन मन पर्दछन् । गत्यात्मक पक्ष अन्तर्गत इदम्, अहम् र उच्चाहम् पर्दछन् ।

## ४.२.२.१ आकारात्मक पक्ष

आकारात्मक पक्ष अन्तर्गत मनका तीन अवस्था पर्दछन् : चेतन मन, अवचेतन मन र अचेतन मन । आत्मा र मनको विज्ञानको रूपमा देखापरेको मनोविज्ञान क्रमशः मनको चेतनाको रूपमा विकसित भएको देखिन्छ । मनको चेतनाको रूपमा मनोविज्ञानलाई हेर्दा मनको सतही कुराहरूको मात्र अध्ययन हुन्थ्यो । मनको चेतन, अवचेतन र अचेतन तीनै अवस्थाको अध्ययन गर्ने काम सर्वप्रथम भियनाका मनोचिकित्सक सिग्मन्ड फ्रायडले गरेका हुन् । उनका अनुसार अचेतन मन मानिसको सम्पूर्ण मनको एउटा प्रमुख भाग हो । मनको प्रत्येक आन्तरिक एवं बाह्य क्रियाहरूको सञ्चालक पनि अचेतन मन नै हो । अचेतन मनको प्रभाव प्रत्येक व्यक्तिको वैयक्तिक तथा सामाजिक जीवनमा सधैं परिरहेको हुन्छ ।

### चेतन मन

चेतन मन मनको माथिल्लो भाग हो । फ्रायडको मनको आकारात्मक पक्षमा यसले सबैभन्दा थोरै भाग ओगटेको हुन्छ । यसको सम्पर्क सिधै बाह्य वातावरणसँग हुन्छ । चेतन मनप्रति हामी तत्कालै जागरुक भएर लाग्दछौँ । फ्रायडका अनुसार यो मनको त्यो भाग हो जसको सम्बन्ध तत्कालीन ज्ञानसँग रहन्छ । यस मनकाबारेमा हामीलाई पूर्ण ज्ञान हुन्छ । फ्रायडले मनका पक्षलाई पानीमा तैरिरहेको बरफको पहाडसँग तुलना गरेर देखाएका छन् । उनले पहाडको चुचुरो जहाँ सूर्यको किरण सिधै पर्छ त्यसलाई चेतन मनसँग तुलना गरेका छन् । त्यस्तै तैरिरहेको बरफको सतहीभागलाई पनि चेतन मनलाई नै चिनाउन प्रयोग गरेको देखिन्छ । सूर्यको किरण क्रमशः पहाडको बीचतिरको भागमा सर्दै जान्छ त्यसै गरी चेतन मनले आफ्ना स्मरणहरूलाई अवचेतन र अचेतन तर्फ धकेल्दै लग्दछ । वर्तमानबाट हेर्दा अतीत बनेर रहन्छ  ।

### अवचेतन मन

यो मनको दोस्रो स्थानमा रहेको भाग हो । यसले फ्रायडको मनको आकारात्मक पक्षमा चेतनको भन्दा धेरै भाग ओगटेको हुन्छ र अचेतनको भन्दा थोरै भाग । यस भागमा रहेका विचाररूलाई आवश्यक पर्नासाथ चेतनमनमा ल्याउन सकिन्छ । आवश्यक नपरेको समयमा आफ्नै स्थानमा फर्किहाल्दछ । फ्रायडले यो अचेतन मनको तुलना पहाडको बीचको भागसँग गरेका छन् । जुन भागमा सूर्यको किरण छिट्टै जाँदैन र ढिलोसम्म पनि रहँदैन । त्यसै गरी उनले यसलाई बरफको पनि बीचको भागसँग नै तुलना गरेका छन् । जुन भागलाई हेर्न नदीको किनारासम्म जानुपर्छ ।

**अचेतन मन**

अचेतन मन फ्रायडको मनको आकारात्मक पक्षको तेस्रो र सबैभन्दा ठूलो भाग हो । यो मनको अन्तिम स्थानमा रहेको हुन्छ । अचेतन मनमा रहेका विचार अथवा स्मरणहरू व्यक्तिको इच्छाले प्रकट हुँदैन यसलाई प्रकट गर्न लामो समय लाग्दछ । यो सपना,सम्मोहन, सम्मोहनपछिको अवस्था लगायतका विभिन्न माध्यमबाट मात्र प्रकट हुने गर्दछ । फ्रायडपूर्वका मनोवैज्ञानिकहरूले यस मनमा निष्क्रिय र काम नलाग्ने मानसिक क्रियामात्र रहने कुरा बताएका छन् । फ्रायडले यस कुराको खण्डन गर्दै भनेका छन् अचेतन मनका घटकहरू निष्क्रिय एवं व्यर्थ नभै तीव्र रूपमा सक्रिय हुन्छन् र त्यसको प्रभाव व्यक्तिको व्यवहारमा प्रत्यक्ष पर्दछ । फ्रायडले यस भागलाई पहाडको सबैभन्दा तलको भागसँग तुलना गरेका छन्। यो भाग पहाडको सबैभन्दा ठूलो हुन्छ तर कहिले पनि सूर्यको किरण पुग्दैन । त्यस्तै उनले बरफको पनि अन्तिम भागसँग तुलना गरेकाछन् । यो सबैभन्दा ठूलो भाग हो तर देख्न सकिँदैन ।

चेतनमनले अनुभवहरूलाई ग्रहण गरेर अवचेतन एवं अचेतन मनमा जम्मा गरेर राख्दछ । सबै अनुभवहरू चेतन मनको माध्यमबाट नै अवचेतन र अचेतन मनमा पुग्दछन् । धेरै प्रयोगमा ल्याउनु पर्ने अनुभवहरू अवचेतन मनमा रहेका हुन्छन् । जसलाई हामी सजिलै चेतन मनमा ल्याउन सक्छौँ । प्रयोगमा ल्याउनु नपर्ने अनुभवहरू अचेतनमा रहेका हुन्छन् । कहिलेकाहीँ तिनलाई प्रयोगमा ल्याउनु पर्दा हाम्रो चेतन मनसम्म ल्याउन धेरै कठिन पर्दछ ।

## ४.२.२.२गत्यात्मक पक्ष

गत्यात्मक पक्ष अन्तर्गत मनका तीन अवस्था पर्दछन् । मनकोगत्यात्मक पक्षको वैज्ञानिक अध्ययन फ्रायडले गरेका हुन । यसै पक्षले मूल प्रवृत्तिमा उत्पन्न हुने मानसिक अन्तर्द्वन्द्वलाई समाप्त पार्दछ । व्यक्तिको सामान्य र असामान्य अवस्था दुवै व्यवहारमा संघर्षको ठूलो भूमिका देखिन्छ । संघर्ष किन उत्पन्न हुन्छ ? त्यसलाई कसरी समाधान गर्न सकिन्छ ? यसले व्यक्तिको  व्यक्तित्वमा कस्तो प्रभाव पार्दछ भन्ने कुराको सही जानकारी प्राप्त गर्नकालागि नै फ्रायडले गत्यात्मक पक्षको उल्लेख गरेको देखिन्छ । यसलाई बुझाउन उनले इदम्, अहम् र उच्चाहम् गरी मनलाई तीन भागमा विभाजन गरेका छन् । फ्रायडका अनुसार मनका गत्यात्मक पक्षका यी तीन ओटै भागको अस्तित्व को आभास हामीले आफ्नो चिन्तनमा प्राप्त गर्दछौँ । हाम्रो मनमा एकै समयमा विभिन्न किसिमका भावहरू उत्पन्न भइरहेका हुन्छन् । ती परस्पर विरोधी पनि हुन सक्छन् र समान पनि । हाम्रा मनका यस्ता भावनाहरूलाई मिलाएर बाहिर प्रकट गर्ने काम मनको गत्यात्मक पक्षले गर्दछ ।

**इदम**

फ्रायडका अनुसार व्यक्तिको  व्यक्तित्वको प्रारम्भिक मूल आधार जैविक हुने हुँदा जैविक आधारका साथ मनोवैज्ञानिक पक्ष पनि अभिन्न रूपले जोडिएको हुन्छ । इदम जैविक पक्ष नभएर मनोवैज्ञानिक पक्ष हो ।यो जैविक रूपले बन्धित हुन्छ । मूल प्रवृत्तिहरूको आधारमा इदमको उत्पत्ति हुन्छ।अतः नवजात शिशुको स्वाभाविक मानसिक रचनाको स्वरूप

पनि जन्मजात नै हुन्छ । कामवृत्तिलाई मानिस भित्रको पशु र सैतान को रूपमा पनि लिने गरिन्छ । एक पशु र शिशुका आवश्यकताहरू समान देखिनु मूल प्रवृत्ति कै कारणले हो । हल एवं लिन्डजेका अनुसार : यो व्यक्तिको अत्यन्त अस्पष्ट, अगम्य एवं अव्यवस्थित भाग हो (अनु भण्डारी, २०५८ : ४७) । यसको सम्बन्ध आन्तरिक जगतसँग हुन्छ । बाह्य वास्तविक जगतसँग यसको सीधा सम्बन्ध देखिदैन । हामीमा  नैतिक एवं अनैतिक इच्छा इदम कै कारण उत्पन्न हुन्छन् । नाइसका अनुसार : इदम मनको त्यो अदृश्य आदिम भाग हो जसमा जन्मजात प्रेरणहरू, मूल प्रवृत्तिहरू, इच्छाहरू एवं अभिलाषाहरू जो उचित माग र नियन्त्रणबाट मुक्त रहन्छ ।

मूल प्रवृत्तिको वासस्थानका रूपमा इदम रहेको हुन्छ । यसको प्रवृत्ति कामवासनामा लिप्त रहेको देखिन्छ । यो अतार्किक असङ्गत एवं अस्थिर हुन्छ । यसका लागि कुनै सीमा हुँदैन । यसको उद्देश्य सुख प्राप्ति देखिन्छ । अचेतन यसको अर्को विशेषता हो । यसलाई दमित विचारहरूको सङ्ग्रह पनि भनिन्छ ।

**अहम्**

व्यक्तित्वलाई इदम र उच्चाहम्सँग जोड्ने सेतुलाई अहम् भनिन्छ । नाइसले यसलाई चिनाउँदै भनेका छन् : अहम्  व्यक्तित्वको त्यो भाग हो जो एकातर्फ बाह्य जगतको सम्पर्कमा रहन्छ र अर्कातर्फ इदमको सम्पर्कमा हुन्छ । यो भौतिक बन्धनमा हुन्छ । फ्रायडका अनुसार भौतिक एवं सामाजिक वास्तविकताहरूका साथ भिडन्त वा तनावद्वारा नै मानसिक संरचनामा अहम्को उत्पत्ति हुन्छ । यो व्यक्तिको सचेत र सामान्य बुद्धिको एक भाग हो । यसको सम्बन्ध वास्तविक जगतसँग हुन्छ । यसले उच्चाहम्को नैतिक माग र इदमको अनैतिक मागलई बाह्य जगतको यथार्थताका आधारमा समन्वय गर्ने काम गर्दछ ।

अहम्ले व्यक्तिको मनमा स्वतन्त्र भूमिका खेल्ने भन्दा पनि इदम र उच्चाहम् कै सहजकर्ताको भूमिका खेल्दछ । यसको संरचना इदममा नै आधारित हुन्छ । यो तर्कसङ्गत हुन्छ । यो इदमलाई नियन्त्रण र उच्चाहम्बाट नियन्त्रित हुन्छ । यसले पूर्तिगर्न असम्भव इदमका इच्छालाई दमन गरिदिन्छ । यहाँ सम्म कि यसले सपनालाई पनि प्रतिबन्ध लगाउने काम गर्दछ ।

**उच्चाहम्**

उच्चाहम्ले व्यत्ति विवेकलाई चिनाउँदछ । यसको रचना अहम्को रचना पछि हुन्छ । मानिसलाई सभ्यताको मार्गमा हिडाउने काम उच्चाहम्ले नै गर्दछ । यसले इदमका अनैतिक इच्छाहरूलाई नैतिकताको आधारमा प्रतिबन्ध लगाइदिन्छ । यसको विकास समाजमा प्रचलित सामाजिक बन्धनहरूका कारण हुने गर्दछ । उच्चाहम् सकरात्मक र नकरात्मक गरी दुई प्रकारका हुन्छन् । सकरात्मक उच्चाहम् आदर्श हुन्छ । यसले व्यक्तिलाई सभ्यता संस्कृति धर्म र नैतिकताको मार्गमा हिडाउँछ । नकरात्मक उच्चाहम् अन्तरात्मामा रहन्छ । यसले व्यक्तिको भोगविलासका इच्छाहरूलाई पूर्ण रूपले प्रतिबन्ध लगाइदिन्छ । यसले समाजमा खराव मानिएका मान्यतालाई गर्नु हुन्न भन्ने ठान्दछ । व्यक्तिले आफ्नो आदर्शको प्रतिकूल

व्यवहार गरेपछि उच्चाहम्ले उसलाई दण्ड दिन थाल्दछ । यस हिसाबले यसलाई व्यक्तिको आफूलाई दण्डदिने क्षमताको रूपमा पनि लिइन्छ ।

उच्चाहम् मनको चेतन प्रणाली हो । यसले व्यक्तिलाई आदर्श र नैतिकताको बाटोमा हिडाउँछ । यसले अहम्को परीक्षण तथा नियन्त्रण गर्दछ । यसको मुख्य काम इदमद्वरा उत्पत्ति भएका अनैतिक असामाजिक कामुक आवेगलाई रोक्नु हो । यसले नै व्यक्तिमा पश्चात्तापको भावना सृजित गरिदिन्छ ।

इदम अहम् र उच्चाहम् मनको एउटै डोरीमा हिँडेका हुन्छन् । इदमले जैविक रूपलाई मान्दछ । अहम्ले भौतिक रूपलाई मान्दछ । उच्चाहम्ले सामाजिक संस्कारलाई मान्दछ । इदम मान्छेभित्रको पाशविक र सैतानिक शक्ति हो । यसलाई समाजको कुनै पनि मान्यतासँग सरोकार हुँदैन । अहम् मान्छेभित्रको मानसिक पक्षसँग सम्बन्धित शक्ति हो । यसले भौतिक वातावरणसँग सोझो सम्पर्कगर्दछ । व्यक्तिलाई समाज अनुकूल हुने गरी काम गर्न लागाउनु यसको मुख्य काम हो । यसले इदम र उच्चाहम् बीचको दुरीलाई घटाउने काम गर्दछ । उच्चाहम् मान्छेभित्रको दैवी शक्ति हो । यो पाइला पाइलामा समाजको मान्यतालाई बोकेर हिँड्दछ । समाजलाई आदर्शमय बनाउनु नै यसको मुख्य काम देखिन्छ ।

### ४.२.३ दमनको सिद्धान्त

हाम्रा मनमा उब्जने अनैतिक असामाजिक इच्छाहरूलाई चेतन मनले बाहिर निक्लन नदिएर अवचेतन मनतर्फ पठाइदिन्छ । त्यहाँ बाहिर आउने भित्र जानेका बीच द्वन्द्व उत्पन्न हुन्छ । अन्त्यमा भित्र जानुपर्ने मतले नै विजय प्राप्त गर्दछ । अवचेतन मनले इच्छाहरूलाई अचेतन तर्फ पठाउँनुलाई नै दमन भनिन्छ । दमन हुँदा त्यसको जानकारी हामीलाई भएको हुँदैन । दमन व्यक्तिको स्वास्थ्यका लागि भने त्यति राम्रो मानिदैन । यसले दुःखपूर्ण एवं डरलाग्दा घटनाहरूलाई हाम्रो जानकारी विना नै अचेतन मनमा पठाइ दिन्छ । जसले गर्दा व्यक्तिको मनमा विभिन्न मनोविकारहरू उत्पन्न हुने गर्दछन् ।

फ्रायडका अनुसार मनको गत्यात्मक पक्षका इदम अहम् र उच्चाहम्ले दमन गर्ने काम गर्दछन् । इदमका नकारात्मक सकारात्मक इच्छाहरूलाई अहम्ले केलाउने गर्दछ । इदमका सकारात्मक इच्छाहरूलाई अहम्ले छानेर चेतन मनतर्फ पाठाइदिन्छ । यसले इदमका नकारात्मक र समाजमा अपाच्य हुने इच्छालाई अहम्ले चेतन मनमा जान नदिइकन अचेतनमा बलपूर्वक ठेलिदिन्छ । कहिले काहीं त अहम्ले चेतनमा जान स्वीकृति दिएका इदमका इच्छालाई पनि उच्चाहम्ले रोकिदिन्छ । यही रोक्ने प्रक्रियालाई दमन भनिन्छ ।

व्यक्तिका इच्छालाई दमन गर्नाले उसभित्र कुण्ठा उत्पन्न हुन्छ । दमनको मात्रा अनुसार कुण्ठाको मात्रमा पनि वृद्धि हुँदै जान्छ । जब हाम्रो मनमा दमित इच्छाहरूको मात्रा बढी हुन्छ तब यिनीहरू संगठित हुन थाल्दछन् । दमित इच्छाहरूको सङ्गठनले मनमा मनोग्रन्थिहरू पैदा गराउँदछ । दमनका कारणले व्यक्ति मानसिक रोगको सिकार बन्न पुग्दछ ।

दमनले व्यक्तिलाई समाजमा बदनाम हुनबाट बचाउँछ । यसले व्यक्तिका मनका अनैतिक इच्छाहरूलाई अरूका सामु प्रकट हुन नदिने भएको हुनाले उसको आत्मसम्मान यथावत रहन्छ । यो सभ्यताको विकासमा सहायक हुन्छ ।

दमन एक सामाजिक प्राणीको लागि नभइ नहुने प्रक्रिया हो । यसले व्यक्तिलाई कहिलेकाहीँ हानि पुऱ्याउँछ । इच्छालाई छानेर अति अनैतिक इच्छाको मात्र दमन गर्नाले व्यक्तिलाई मात्र नभएर समाजलाई सभ्य बनाउँदछ । यसले व्यक्तिलाई कर्तव्यपरायणको पाठ पनि सिकाउँदछ ।

## ४.२.४ अन्तर्द्वन्द्वको सिद्धान्त

अन्तर्द्वन्द्व भन्नाले व्यक्तिको सामुन्ने आइपर्ने दुई वा दुईभन्दा बढी विकल्प मध्ये कुनलाई प्राथमिकता दिने भन्ने विषयमा चेतन तथा अचेतन मनमा हुने सङ्घर्षलाई बुझिन्छ । जब व्यक्तिका मनमा दुई वा दुईभन्दा बढी इच्छाहरू एकैसाथ प्रकट हुन्छन् ती सबै इच्छाहरू पूर्ति गर्न असम्भव हुन्छ । व्यक्तिले बाध्य भएर एक बाहेक अन्य इच्छालाई दबाउनु पर्ने हुन्छ । त्यस्तो अवस्थामा कुन चाहिँ इच्छालाई त्याग्ने र कुन चाहिँलाई पूरा गर्ने भन्ने दुविधामा व्यक्तिको मन पुग्दछ । उसभित्र उब्जेका इच्छाहरू आफू नत्यागिन र अर्कोलाई त्याग्न लगाउने कसरतमा लागेका हुन्छन् । त्यहाँअन्तरसङ्घर्ष सुरु हुन्छ । व्यक्तिको व्यक्तित्व विकासमा हुने यसै मानसिक अवस्थालाई अन्तर्द्वन्द्व भनिन्छ । अन्तर्द्वन्द्वले व्यक्तिलाई तनावमा धकेल्ने काम पनि गर्दछ । यसको सामना हामीले हाम्रो जीवनमा प्रत्येक दिन गरिरहनु परेको हुन्छ ।

व्यक्तिको व्यक्तित्व विकासमा अन्तर्द्वन्द्वले निक्कै प्रभाव पार्दछ । फ्रायडका अनुसार जीवन अन्तर्द्वन्द्वका शृङ्खलाको मेलबाट बन्दछ । अन्तर्द्वन्द्व चेतन वा अचेतन दुवै अवस्थामा हुने गर्दछ । इदम अहम् उच्चाहम् मध्ये कुनै दुई अथवा तीन ओटैमा पनि अन्तर्द्वन्द्व हुन सक्दछ । इदमको इच्छालाई अहम् र उच्चाहम्ले केही लचकता देखाउँदै पूरा गर्नपट्टि लाग्नु पर्दछ । यसो नभएमा मानसिक असन्तुलन हुने अवस्था बढी देखिन्छ । फ्रायडका अनुसार व्यक्तिको व्यक्तित्वलाई सन्तुलित एवं समायोजित राख्नमा अहम्को महत्त्वपूर्ण भूमिका हुन्छ । अहम्को मुख्य कार्य व्यक्तिको मनको गहिराइमा लुकेको पाशविकता, वातावरणको कठोर वास्तविकता र समाज एवं धर्मको नैतिकतामा सन्तुलन कायम राख्नु हो ।

इदमका इच्छाहरू र उच्चाहम्का अदर्शहरूका बीचमा सधैँ संघर्ष भइरहेको हुन्छ । यस्तो अवस्थामा अहम्ले संयोजकको भूमिका निभाएर ती दुईबीचको संघर्षलाई कम गराउने प्रयत्न गर्दछ । अहम्ले यसो नगरेमा इदम् र उच्चाहम्बीच अन्तर्द्वन्द्व पैदा हुन्छ । व्यक्तिले मानसिक रोगको सिकार बन्नुपर्ने सम्भावना बढी हुन्छ ।

इदम् र उच्चाहम्बीच हुने सामान्य अन्तर्द्वन्द्व व्यक्तिको व्यक्तित्व विकासकालागि फाइदाजनक नै हुन्छ । यिनीहरूबीचको अन्तर्द्वन्द्वलाई कम गराउन खोज्ने क्रममा अहम् व्यावहारिक बन्न पुग्दछ । यसका कारण व्यक्तिको व्यक्तित्व सुदृढ हुन्छ । कहिलेकाहीँ व्यक्तिमा अन्तर्द्वन्द्व छिटो भइरहेको हुन्छ र अहम्ले संयोजकको भूमिका निर्भाह गर्न सक्दैन ।

अहम्‌को अस्तित्व नै खतरामा पर्न सक्छ । यस अवस्थामा अहम्‌ले आफ्नो अस्तित्व जोगाउन केही उपायहरू सोच्नुपर्ने स्थिति पनि आउन सक्छ । यस्तो स्थितिलाई नै मनोरचना भनिन्छ । मनोरचनाले अहम्‌को समस्या समाधान गर्न केही सहयोग पुऱ्याउन सक्छ । यदि मनोरचनाले पनि अहम्‌को समस्या समाधान गर्न सकेन भने व्यक्तिमा मानसिक विकारहरूको अवस्था देख्न सकिन्छ । जसले गर्दा व्यक्ति विभिन्न मानसिक रोगको सिकार बन्दछ ।

## ४.२.५ मनोरचनाको सिद्धान्त

मनोरचनाको सिद्धान्तलाई अहम् प्रतिरक्षा सिद्धान्त पनि भनिन्छ । व्यक्तिको चेतन अथवा अचेतन मनमा अन्तर्द्वन्द्व सिर्जनाभएपछि ऊ चिन्तित बन्दछ । अन्तर्द्वन्द्वको मात्रा कम हुँदासम्म अहम्‌ले काम गरिरहेको हुन्छ । यसको मात्रा बढी भएपछि भने अहम्‌को केही सीप चल्दैन । यसले दुईबीच संयोजनकारी भूमिका निभाउन पनि सक्दैन । यस्तो अवस्थामा अहम्‌लाई नै आफ्नो अस्तित्व जोगाउन खतरा हुन्छ । यससमय अहम्‌ले अप्रत्यक्ष रूपमा आफ्नो सुरक्षाको खोजी गर्दछ । यही सुरक्षाको खोजी गर्ने क्रममा अपनाइने विधिलाई मनोरचना भनिन्छ । अहम्‌ले आफ्नो रक्षाकालागि सूक्ष्म रूपले खोजी गरेको प्रणाली भएको हुनाले यसलाई अहम् प्रतिरक्षा प्रणाली पनि भनिएको हो । यसले अहम्‌लाई तत्कालीन सुरक्षा प्रदान गरेपनि दीर्घकालीन रूपमा भने गर्न सक्दैन । ब्राउनका अनुसार : मनोरचनाहरू त्यो चेतन वा अचेतन प्रक्रियाहरू हुन जसद्वारा आन्तरिक अन्तर्द्वन्द्व कम हुन्छ वा समाप्त भइहाल्छ । इदम अहम् र उच्चाहम्‌काबीच चेतन वा अचेतन स्तरमा अन्तर्द्वन्द्वलाई बचतपूर्ण ढङ्गले हटाउन सकिन्छ (अनु. भण्डारी, २०५८ :७२) । अन्तर्द्वन्द्वद्वारा कुण्ठित भएको शक्ति पनि मनोरचनाद्वारा फर्काएर पहिले कै अवस्थामा ल्याउन सकिन्छ ।

मनोरचनाले व्यक्तिलाई  व्यक्तित्वविकासमा मार्गदर्शन गर्ने काम पनि गर्दछ । यस सम्बन्धमा सेमन्डको भनाइ यस्तो छ : मनोरचनाले चिन्ताबाट व्यक्तिको रक्षामात्र नगरी यसले चिन्ता उत्पन्न गर्ने आवेगहरूको दिशा बदलिदिने विधिका तर्फपनि  सङ्केत गर्दछ । यस भनाइलाई पुष्टि गर्न उनले प्रेममा असफल भएको प्रेमीले प्रेमिकाका नाममा मनलाई भड्किन नदिएर साहित्य सिर्जना तर्फ लगाएर ठूलो साहित्यकार भएको उदाहरण प्रस्तुत गरेका छन् ।

व्यक्तिले आफूभित्रका सङ्घर्षलाई तर्क वितर्कद्वारा चेतन मनले नै समधान गर्ने गर्दछ । चेतन मनले समाधान गर्न नसकेको खण्डमा अचेतनले सघाउँछ । अचेतन मनले पनि समाधान गर्न नसक्ने स्थितिमा व्यक्तिको आफूलाई जोगाउन अहम्‌ले युक्तिपूर्ण तरिकाले विभिन्न सुरक्षात्मक उपायहरू अपनाउँछ । यिनै उपायहरूलाई मनोरचना भनिन्छ । व्यक्तिभित्रका कुण्ठालाई समाधान गर्नु यसको मुख्य उद्देश्य रहेको हुन्छ । मनोरचनाले आफ्नो उद्देश्य पूर्ति गर्न सकेन भने व्यक्तिमा मानसिक असन्तुलन पैदा हुन्छ ।

ब्राउनले मनोरचनालई प्रमुख र साधारण गरी दुई वर्गमा बाँडेका छन् । पहिलोले स्वतन्त्र रूपले अन्तर्द्वन्द्वलाई हटाउने अथवा अन्तर्द्वन्द्वको तीव्रतालाई कम गर्ने काम गर्दछ । यसले मानिसको समस्यालाई स्थायी रूपमा समाधान गर्ने गर्दछ । दोस्रो प्रकारको

मनोरचनाले समस्या समधानलाई सहयोग पुऱ्याउने काम गर्दछ । मनोरचनाको प्रभाव त्यसमा कायम राख्न प्रयत्न गर्दछ तर यसले समस्याको स्थायी समाधान भने गर्न सक्दैन । यी दुवै मनोरचना व्यक्तिमा एकैसाथ उत्पन्न हुन्छन् जसलाई भिन्न गर्न सकिदैन ।

मनोरचनाका प्रकारहरूका बारेमा ब्राउन लगायत विभिन्न विद्वानहरूले छुट्टाछुट्टै तरिकाले व्याख्या गरेका छन् । केही प्रमुख यसप्रकार छन् :

क)दमन

ख)प्रतिगमन

ग) रूपान्तरण

घ) प्रक्षेपण

ङ) विस्थापन

च) स्थानान्तरण

छ) अवज्ञा

ज) रेचन

झ) स्थरीकरण

ञ) मदिरापान

ट) वौद्धिकीकरण

ठ) अवरोधन आदि

माथि प्रस्तुत गरिएका मनोरचनाका प्रकार मध्ये कुनै एक वा एकभन्दा बढीको सहायता लिएर व्यक्तिको अहम्ले चेतन वा अचेतन मनका कुण्ठा अथवा अन्तर्द्वन्द्वलाई हटाउने काम गर्दछ ।

## ४.२.६ दैनिक जीवनका मनोविकृतिहरू

प्राय सबै व्यक्तिले आफ्नो दैनिक जीवनमा गल्तीहरू गर्ने गर्दछन् । केही गल्तीहरू ज्ञात हुन्छन् र तुरुन्तै सुधार गर्न पनि सकिन्छ र केही गल्ती अज्ञात हुन्छन् । जस्तै नाम बिर्सिने, सामानहरू गलतस्थानमा राख्ने आदि । यस्ता गल्तीको कारण खोज्न पटि हामी लाग्दैनौं । हामी थाहा पाएर चकित मात्र बन्न पुग्छौं । फ्रायडले यस्ता अन्जानमा हुने सामान्य जस्ता देखिने गल्तीलाई दैनिक जीवनको मनोविकृतिको नाम दिएका छन् । उनका अनुसार हाम्रो दैनिक जीवनमा देखिने यस्ता भुलहरू आकस्मिक हुँदैनन् । साधारण भन्दा साधारण गल्तीका पछाडि पनि कुनै न कुनै प्रयोजन अवस्य लुकेको हुन्छ । यी दैनिक

जीवनका गल्तीद्वारा हाम्रा अचेतन मनका इच्छाहरू पूराहुन्छन् । यसप्रकार यो भन्न सकिन्छ यस्ता गल्तीको मूल कारण अचेतनसँग हुन्छ । चेतनलाई यसको केही जानकारी हुँदैन ।

मनोवैज्ञानिकहरूले दैनिक जीवनमा मनोविकृति हुनुको कारण असावधानी, संयोग, थकाई, मानसिक संघर्ष, शरीरिक संघर्ष आदिलाई मानेका छन् । तर फ्रायडले यस्ता तर्कको खण्डन गर्दै मनोविकृतिहरूलाई मानसिक अन्तर्द्वन्द्वको उपज मानेका छन् । उनले दैनिक जीवनका मनोविकृतिहरू निम्न प्रकारका हुने बताएका छन् ।

क) नाम विर्सिनु

ख) बोलाइसम्बन्धीत्रुटिहरू

ग) लेखाइसम्बन्धीत्रुटिहरू

घ) छपाइसम्बन्धीत्रुटिहरू

ङ) चिनारीसम्बन्धीत्रुटिहरू

च) वस्तु गलत स्थानमा राख्नेसम्बन्धि त्रुटिहरू

छ) थहा नपाइकन गरिएका क्रियाहरू

ज) साङ्केतिक क्रियाहरू

## ४.२.७सपनाको सिद्धान्त

प्रत्येक मानिसले निद्राको बेलामा विभिन्न क्रियाकलापहरू गरेको देख्दछ । निद्रामा गरेका यस्ता क्रियाकलापलाई सपना भनिन्छ । सपनाहरू सुख दुःख दुवै प्रकारका हुन्छन् ।कुनै सपना अनौठा र कुनै सामान्य हुन्छन् । कहिलेकाहीँ त सपना यस्ता देखिन्छन् कि जसका बारेमा हाम्रो चेतन मनलाई केही पत्तो भएकै हुँदैन ।ब्राउनका अनुसार सपना त्यो विभ्रम हो जसको अनुभव हामी सबैलाई प्रत्येक रात प्रायः हुन्छ र जव हामी जान्दछौं तब विभ्रमित स्वरूप स्पष्ट हुन्छ ।

सपना किन देखिन्छन्, यसको सम्बन्ध केसँग रहेको छ, भन्ने विषयमा प्राचीन कालदेखि नै विभिन्न खोज अनुसन्धान भइरहेको देखिन्छ । प्राचीन युगका दार्शनिकले सपनालाई यसरी व्याख्या गरेका छन् । निद्रामा मानिसको आत्मा शरीरबाट अलग भएर यता उता भ्रमण गर्न थाल्दछ । आत्माले त्यस भ्रमणमा जे जे देख्दछ त्यो नै सपना हो । कुनै समयमा सपनालाई दैवी शक्तिका रूपमा मान्ने चलन पनि रहेको देखिन्छ । त्यस्तै सपनालाई व्यक्तिको आगामी जीवनमा आउने घटनाको पूर्व सङ्केतका रूपमा पनि मान्ने गरिन्छ । आधुनिक मनोविज्ञानले भने सपनाका बारेमा भनिएका यस्ता मान्यतालाई सही ठान्दैन । उनीहरू यस्ता मान्यतालाई कपोल कल्पित भन्दछन् । मनोवैज्ञानिकहरूका अनुसार अन्य मानसिक क्रियाकलाप जस्तै सपना पनि एक मानसिक अवस्था नै हो । मान्छे

जागृत अवस्थामा होस अथवा निदाएको अवस्थामा उसभित्र मानसिक क्रियाहरू भइरहेको हुन्छ । सपना निद्रा अवस्थामा हुने मानसिक क्रिया हो ।

फ्रायडका अनुसार सपना त्यो प्रक्रिया हो जसद्वारा अचेतन मनका इच्छाहरू छद्म रूपमा प्रवेश गर्दछन् । कुनै पनि सपना निरर्थक हुँदैनन् । उनले सपनालाई हाम्रो मनको अचेतन मानसिक अवस्था बताएका छन् । हाम्रा अव्यक्त इच्छाहरूलाई सपनाको माध्यमले व्यक्त गरिन्छ ।

प्राचीनकालमा सपनालाई दैवी शक्ति मानिन्थ्यो । सपना राम्रो देख्दा देवता आफूसँग खुसीरहेको र सपना नराम्रो देख्दा देवता रिसाएको मानिन्थ्यो । आजभोलि भने सपनालाई दैवी शक्तिको कारण नमानेर भौतिक उत्तेजनाको प्रतिफल मानिन्छ ।

सपनाका शारीरिक र मनोवैज्ञानिक गरी दुई प्रकारका सिद्धान्त हुन्छन् । मनोवैज्ञानिक अन्तर्गत फ्रायड, एडलर र युङ्गका सिद्धान्तहरू पर्दछन् । फ्रायडले आफ्नो **सपनाको विश्लेषण** (सन १९००) भन्ने ग्रन्थमा सपनाको विश्लेषण यसरी गरेका छन् । उनका अनुसार : सपनाको सम्बन्ध निद्रावस्थासम्म मात्र सीमित नभई यो अचेतनद्वारा उत्पन्न हुने दिवा स्वप्नको भाग हो । जो व्यक्तिको मनमा जाग्रतावस्था र निद्रावस्थामा यो दिवास्वप्नमा अन्तर्मानसिक सेन्सरको नियन्त्रण रहन्छ र निद्रावस्थामा त्यो सेन्सर कम हुन पुग्दछ । परिणाम स्वरूप निद्रावस्थाका सपनाहरूमा दिवास्वप्न साकार हुन पुग्दछ र सपना देख्ने व्यक्तिलाई यो आभास हुन थाल्दछ कि उसको वास्तविक इच्छाको पूर्ति भइरहेको छ । सपना व्यक्त र अव्यक्त गरी दुई प्रकारका हुन्छन । जुन सपना जागृत अवस्थामा पनि भन्न सकिन्छ ती सपना व्यक्त सपना हुन । जुन सपनालाई जागृत अवस्थामा भन्न सकिदैन ती अव्यक्त सपना हुन् ।

फ्रायडले सपनाको अव्यक्त विषयवस्तु अतृप्त कामेच्छाहरू हुन् र सेन्सरको कारणले यी इच्छाहरू सपनामा पनि वास्तविक रूपमा प्रकट हुन सक्दैनन् । ब्राउनले सपनाका कार्यहरूको उल्लेख गर्दै भनेका छन् । सपना कार्य त्यो मनोरचना हो, जसद्वारा अव्यक्त सपनाको विषयवस्तु व्यक्त सपनाको विषयवस्तुमा परिवर्तित हुन्छ । सपनाको कार्यलाई सपनाको मनोरचना पनि भन्न सकिन्छ । फ्रायडले सपनाका अव्यक्त विषयवस्तु निम्न प्रकारका हुने बताएका छन् ।

क) संक्षेपीकरण

ख) विस्थापन

ग) प्रतीकीकरण

घ) नाटकीकरण

ङ) गौण विस्तरण आदि

### ४.२.८ मनोलैङ्गिक उत्पत्तिको सिद्धान्त

हाम्रो जीवनमा मनोलैङ्गिक विकासले महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । फ्रायडका अनुसार यौनको शरीरिक महत्त्व भन्दा मनोवैज्ञानिक महत्त्व बढी हुन्छ । यौन प्रवृत्ति यौवनर प्रौढ अवस्थामा मात्र हुने होइन यो त नवजात शिशुमा पनि पाइने गर्दछ । यौवनर प्रौढ अवस्थाको यौन प्रवृत्ति विपरीतलिङ्गीप्रति आकर्षित हुने गर्छ । नवजात शिशुको भने प्रत्येक वस्तुलाई चुस्ने, टोक्ने, आफ्ना जननेन्द्रीयहरूलाई खेलाउने प्रवृत्ति देखिन्छ । यौनिक विकास वाञ्छित रूपले हुन्छ भने व्यक्तित्वको विकास पनि सामान्य तरिकाले हुन्छ । यौनिक विकासमा अनावश्यक अवरोध गरेको खण्डमा व्यक्तित्व विकासमा पनि विकृत्ति उत्पन्न हुन्छ । हाम्रो वर्तमान व्यक्तित्वका पछाडि हाम्रो पाँच वर्ष सम्मको व्यक्तित्व निर्माणको महत्त्वपूर्ण भूमिका रहन्छ भन्ने विचार फ्रायडको देखिन्छ । फ्रायडका अनुसार व्यक्तिको जीवनका आरम्भिक अवस्थामा नै व्यक्तित्व विकासको जरो गाडिएको हुन्छ । बाल्यकालका इच्छाहरूलाई दवाइएको छ भने बालकमा कुण्ठा उत्पन्न हुन्छ । यो कुण्ठा प्रौढावस्था सम्म पनि सञ्चित हुन्छ । कुण्ठाहरूको मात्रा बढी भएपछि बाहिर आउने बाटो खोज्दछ । बाटो नपाएका खण्डमा यसले विष्फोटको रूप लिन्छ । व्यक्तिको व्यक्तित्व पनि समाप्त हुन्छ । व्यक्तिको यो अवस्था हुनु भनेको नै सामन्य व्यक्तिका नजरमा पागल हुनु हो । यसको विपरीत व्यक्तिको बाल्यावस्थाका इच्छाहरूलाई अनावश्यक दवाइएको छैन भने ऊ भित्र कुण्ठा उत्पन्न हुँदैन । त्यसैको परिणाम स्वरूप प्रौढावस्थामा पनि व्यक्तिले आफूभित्रका कुण्ठालाई नहडबडाइकन समाधान गर्ने गर्दछ । बालक पाँच वर्ष जतिको हुँदा आमालाई अत्याधिक चाहने गर्दछ । उसमा एक विशेष प्रकारको ग्रन्थि उत्पन्न हुने गर्दछ । यस्तो ग्रन्थिलाई मातृप्रेम (इडिपस) ग्रन्थि भनिन्छ । बालकको स्वाभाविक रूपले मानसिक विकास भएपछि इडिपस ग्रन्थिको प्रभाव पनि हराउँदै जान्छ । कोही कोही बच्चामा भने यो ग्रन्थिको लामो प्रभाव देखिन्छ र त्यो बच्चाको व्यक्तित्वको विकास पनि सहज रूपमा हुँदैन । फ्रायडले यौन शब्दलाई बुझाउन लिविडो शब्दको प्रयोग गरेका छन् । लिविडो शब्दको प्रयोग पनि व्यापक क्षेत्रमा गरेका छन् । फ्रायडले कहिलेपनि लिविडोलाई सङ्कुचित अर्थका रूपमा लिएको देखिदैन । उनले प्रेम स्नेह, चुम्वन, स्पर्श, सम्बोधन आदि सबैलाई लिविडोको क्षेत्रभित्र समेटेका छन् ।

फ्रायडले मनोलैङ्गिक विकासका अवस्थालाई निम्न पाँच खण्डमा विभाजन गरेका छन् ।

क) मौखिक अवस्था (जन्मेपछि १८ मैना सम्मको अवधि)

ख) गुदा-निष्कासन अवस्था (१८ महिनादेखि तीन वर्ष सम्मको अवधि)

ग) लैङ्गिक अवस्था ( तीन वर्षदेखि सात वर्षसम्मको अवधि)

घ) सुप्तावस्था (पाँच देखि १२ वर्षसम्मको अवधि )

ङ) जनेन्द्रीय अवस्था (१२ वर्षको उमेरदेख बीस वर्ष सम्मको अवधि)

## ४.३टुँडाल उपन्यासको मनोविश्लेषणात्मक अध्ययन

### ४.३.१ परिचय

टुँडाल - छाने घर तथा धार्मिक मठ मन्दिरमा छानो अड्याउनका लागि प्रयोग गरिएका काठहरू । हरेक छानेमन्दिरमा छानो अड्याउनका लगि प्रयोग गरिएका काठका ठाडा बिमहरूलाई टुँडाल भनिन्छ। प्रत्येक छाने मन्दिरको चारै सुरमा बढी भार पर्ने भएको हुनाले त्यहाँका टुँडालमा बलिया जनावरहरूको चित्र कुँदिएको हुन्छ । बीच तिरका काठमा अन्य चित्रहरू कुँदिएको हुन्छ ।यस उपन्यासमा विशेष गरेर भक्तपुर दरबार क्षेत्र भित्रको पशुपति मन्दिरका टुँडालको बारेमा चर्चा गरिएको छ । यो मल्ल कालीन मन्दिर हो । मल्ल कालमा निर्मित प्रायः सबै धार्मिक मठ मन्दिरमा राखिएका टुँडालमा यौन जन्य आकृतिहरू कुँदिएको पाइन्छ । धरावासीले यस उपन्यासमा मठ मन्दिर जस्तो पवित्र ठाउँमा किन त्यस्ता अश्लील भनिने चित्रहरू कुँदियो त भन्ने प्रश्नलाई मूल केन्द्र बनाएका छन् । यस उपन्यासमा हिन्दू संस्कृति विशेष गरेर मठ मन्दिरमा कुँदिएका टुँडालको बारेमा चर्चा गरिएको छ । यो उपन्यास मन्दिरका टुँडाललाई केन्द्रविन्दु बनाएर लेखिएको छ । उपन्यास भित्र विभिन्न धार्मिक स्थल हरूको पनि बयान गरिएको छ । **टुँडाल** उपन्यासमा धार्मिक स्थलसाग मनोविज्ञानको के सम्बन्ध छ भन्ने पनि देखाइएको छ । यस उपन्यासलाई सांस्कृतिक मनोवैज्ञानिक उपन्यास भन्न सकिन्छ ।

धरावासीका अनुसार **टुँडाल**पूर्वीय मनोविज्ञानमा आधारित उपन्यास हो । यसमा फ्रायडको भन्दा वात्सायनको मनोविज्ञान बढी प्रयोग भएको छ । वात्सायनले कामसूत्रमा बताएका ६४ कामासन मध्ये १६ ओटा रतासनसाग सम्बन्धितछन् ।**टुँडाल** १६ प्रकारका रतासनसँग सम्बिन्धित कृति हो । बिसौं शताब्दीमा सिग्मन्ड फ्रायडले व्याख्या गरको मनोविश्लेषणले यहुदी र मुसलमानको मनोभावनालाई समेटेको छ । पूर्वीय मनोभावनालाई यसले समेट्न सकेको छैन (पृ:१५८) । पूर्वीय संस्कृतिमा यौनलाई शारीरिक भन्दा मानसिक सुखको साधन ठानिन्छ । यस उपन्यासमा पनि शारीरिक भन्दा मानसिक प्रेम नै स्थायी हुने बताइएको छ । उपमाले नया जीवनसाथीबाट पाएको शारीरिक सुखमा सन्तुष्टि छैन । ऊ आफ्नो स्वर्गीय पतिको मानसिक प्रेममा नै हराएकी छ ।

उपन्यासमा प्राचीन केही मन्दिरका टुँडालमा कुँदिएका यौनासनका बारेमा चर्चा गरिएको छ । मन्दिर जस्तो पवित्र ठाउँमा किन यस्ता अश्लील भनिने आकृति कुँदियो त भन्ने प्रश्न गरिएको छ । मन्दिरमा यस्ता आकृति राख्नाको तात्पर्य यौनलाई लुकउने वस्तु नठान्नु हो । यौनलाई लुकाउँदा समाजमा सभ्यता भन्दा विकृति बढ्छ । जहाँ दमन त्यहाँ विष्फोट भन्ने त उखान नै छ । यसर्थ यौनलाई स्वतन्त्र छोडेर नै सभ्य समाजको परिकल्पना गर्न सकिन्छ । चेलीबेटीले यौन सम्बन्धि कुरा चल्दा टाउको निहुराउने होइनचाख लिनु पर्छ । महिलाहरूले वात्सायनको कामसूत्रहातमा बोकेर हिड्न सक्ने हुनुपर्छ ( धरावासीसँगको कुराकानीका आधारमा) ।

**टुँडाल** उपन्यास यौनको सेरोफेरोमा घुमेको उपन्यास हो । यसमा यौनलाई लुकाउने वस्तु नठानेर खुला र स्वतन्त्र रूपमा लिनु पर्ने वस्तु हो भनिएको छ । प्राचीन कालमा बनेका हाम्रा मठ मन्दिरका टुडालमा यौन जन्य आकृतिलाई खुला रूपमा कुदिएको छ । त्यस्ता टुडालहरू मन्दिर जस्तो पवित्र ठाउँमा किन राखियो त भन्ने प्रश्न उपन्यासमा उठाइएको छ । तिनीहरूसाग सम्बन्धित विभिन्न किंवदन्तीहरू पनि यसमा समेटिएको छ । हाम्रो समाजमा अझै पनि यौनलाई धार्मिक संस्कारसाग जोडेर नियन्त्रित गर्न खोजिन्छ । यस्तो नियन्त्रणमा पुरुष भन्दा नारी बढी पर्दछन् । उपन्यासको मुख्य उद्देश्य नारीलाई यौन क्रियाकलापदेखि लिएर हरेक क्षेत्रमा स्वतन्त्र बनाउनु रहेको देखिन्छ । यौनलाई प्राकृतिक विषय मानेर यसलाई नलुकाउने सल्लाह उपन्यासकारले दिएका छन् ।

**टुँडाल**उपन्यास लेखकले बीस दिनमा तयार पारेका हुन् । यसका लागि लेखकलाई दैनिक रु ५०० का दरले पारिश्रमिक दिइएकोथियो । उपन्यास लेखाउने संस्थाको नाम **जी.टी.जेट**. हो । यस संस्थाले नेपाली साहित्यको उत्थान र स्थानीय परिवेशको जानकारी हासिल गर्नका लागि यो काम गरेको देखिन्छ । त्यस संस्थाले उपन्यास लेखनको लागि विभिन्न छ स्थानहरू तोकेको थियो । धरावासीले भक्तपुर जिल्लालाई आफ्नो कार्यक्षेत्र बनाएका हुन् ।

**टुँडाल** उपन्यास २००पृष्ठमा विस्तारित छ । यो १३ परिच्छेदमा विभाजित छ । पहिलो परिच्छेदको पाचौं पृठबाट कथावस्तुले आफ्नो विषय समाएको छ । प्रत्येक परिच्छेद वेग्ला वेग्लै छन् । कुनै छोटा छन् भने कुनै लामा । सबभन्दा छोटो परिच्छेद दोस्रो हो । यसमा जम्मा चार पृष्ठ छन् । सबभन्दा लामो परिच्छेद आठौं हो । यसमा जम्मा ३५ पृष्ठ छन् ।

भक्तपुर जिल्लको दरवारक्षेत्र परिसरलाई यस उपन्यासले आफ्नो कार्यक्षेत्र बनाएको छ । त्यहाँ अवस्थित मठ मन्दिरमा कुँदिएका टुँडाल र त्यहाँ प्रचलित संस्कृतिको यस उपन्यासमा उल्लेख गरिएको छ । यो उपन्यासको उद्देश्य चर्चामा नआएका सांस्कृतिक मनोविज्ञानलाई पाठक सामु ल्याउने रहेको देखिन्छ । सुनसरी, बुटवल, लुम्बिनी, काठमाडौं आदि स्थानमा रहेका कला संस्कृतिको बारेमा पनि उपन्यासमा चर्चा भएको छ ।

## ४.४मनोविश्लेषणात्मक अध्ययन

टुडाल भनेको छाने मन्दिरमा छानो अड्याउन प्रयोग गरिने काठ भन्ने बुझिन्छ । **टुँडाल** उपन्यासमा यौनआकृतिहरू कुँदिएका टुँडालहरूको पहिचान पाइन्छ । यो यौन मनोवैज्ञानिक उपन्यास हो । यसमा हाम्रा सांस्कृतिक सम्पदाहरूमा सानका साथ राखिएका यौनाकृति जन्य टुँडालको विश्लेषण गरिएको छ । धरावासीले उपन्यासको भूमिकामा यो उपन्यासलाई संस्कृत मनोवैज्ञानिक उपन्यास बताएका छन् । जगदीश घिमिरेले उपन्याको विमोचनको क्रममा खुला रूपमा व्यक्त नहुने यौन नै उपन्यासको मुख्य विषयवस्तु हो भनेका छन् । यौनप्रति मानिसको स्वाभाविक आकर्षण हुने भएकाले ती टुँडालप्रति पनि आकर्षण सामान्य हो । हाम्रो समाजमा पुरुषहरूले त्यस्ता टुँडाल हेर्न केही धक मान्दैनन् तर नारीले समाजको आँखा छलेर मात्र हेर्ने गर्छन् । उपन्यासमा यही कुराको उल्लेख गरिएको

छ ।दादा, श्यामल, सत्याहरू हास्तै मन्दिरका टुँडालको चित्र हेरिरहेको देख्थें म परैबाट । आमा पनि घाम हेर्ने निहुँले हेरिरहनु हुन्थ्यो (पृ ११२) । टुँडालको परिचय दिनका लागि लेखकले विभिन्न टुँडालसँग सम्बन्धित यौनजन्य किंवदन्तीहरू प्रस्तुत गरेका छन् । यस उपन्यासमा यौनसँग सम्बन्धित विभिन्न किंवदन्ती राखेर मन्दिरमा त्यस्ता नग्च तस्बिर राख्नाको तात्पर्य पनि खोजिएको छ । टुँडाललाई लिएर उपन्यास भित्र विभिन्न तर्कवितर्क भएका छन् । कसले बनायो होल त्यस्ता चित्र ? त्यसबेलाको राज्य सत्ताले किन मन्दिर जस्तो पवित्र ठाउँमा राख्न दियोहोल ?

कसले बनाए होलान् यी टुँडालहरू ? किन कपे उनले यी टुँडालहरूमा त्यस्ता चित्रहरू ?

'किन स्वीकार गऱ्यो त्यसवेलाको समाजले त्यस्ता आकृतिहरू टुँडालमा ?'

'टुँडालको आकृतिको बिम्ब के सामाजिक जीवनको अभिव्यक्ति पनि होइन र ?'

'एउटा कलाकार जिस्कन सक्छ आफ्नो कलामा, आफ्नो एकान्त कोठामा तर त्यसले कसरी ल्याएर राख्न सक्छ यसलाई सार्वजनिक मन्दिरहरूमा ?'

के त्यसबेलाको राज्यसत्ताले स्वीकार नगरी एउटा कलाकारमा त्यो साहस सम्भव छ ?

किन काटेनन् मानिसहरूले त्यो कलाकारका हातहरू ?

किन लगाएनन् मन्दिरमा आगो ?(पृ ११७)

विशेष गरेर यस उपन्यासकी मूल पात्र सुस्मिताले यस सम्बन्धि खोज अनुसन्धान गरेको देखिन्छ । उपन्यासको सम्पूर्ण कथावस्तु पनि सुस्मिता कै वरिपरि घुमेको छ । सुस्मिताको मानसिक उतार चडावमा नै उपन्यासको सुरुवात र अन्त्य भएको छ । सुस्मिताको चेतन मन र अचेतन मनका बीच भएको अन्तर्द्वन्द्वलाई यसमा देखाइएको छ । यस उपन्यास सबै भन्दा बढी सुस्मिताको मनोविश्लेषण गरिएको छ । उपन्यास भित्र बालक देखि वृद्धा सम्मको यौन मनोविज्ञान खोतल्ने प्रयास गरिएको छ । बालिका सत्यालाई धनुसँग आकर्सित गराइएको छ । वृद्धा अजीले सुस्मितासँग यौनका बारेमा चर्चा गरेकी छन् । यौनकै कारणले हामीले समाजमा दुःख उठाउँनु पर्ने कुरा यस उपन्यासमा उतारिएको छ । यौनका कारण समाजमा पुरुषले भन्दा महिलाले बढी पीडा भोग्दै आएको यसमा उल्लेख गरिएको छ । उपन्यासका प्रायः सबै पात्रहरूले यौनबाट सुखि छैनन् । सुस्मिताको यौन सम्बन्ध आफ्नो बाबु समानको व्यक्ति शर्माजीसँग भएको छ । उनी बाहेक उसले मन पराएका रविन, श्याम, प्रवीण कसैसँग पनि उसको यौन सम्बन्ध भएको छैन । उमाले मन पराएर यौन सम्बन्ध राखेको प्रेमीले विवाह गर्न नमाने पछि आफै एक्लैले बच्चा हुर्काउनु पर्छ । बच्चा जन्माउने र हुर्काउने क्रममा समाजबाट उसले धेरै अपमानहरू सहनु परेको छ । पढाउँदै गरेको स्कुल छोड्नु परेको छ । डेरा सर्नु परेको छ । काल्पनिक पतिलाई विदेश पठाउँनु परेको छ । अन्तिममा अर्कै पुरुषलाई श्रीमानको भनेर चिनाउनु परेको छ । श्यमललाई आफूले मन पराएकी श्रीमतीले अर्कै पुरुषससँग प्रेम भएको सुनाउँछे । शर्माजीले उमेर मै विदुर भएर बस्नु परेको छ । त्यसको पूर्तिका लागि छोरी समानकी सुस्मितालाई

सुरु देखि नै यौनिकनजरले हेर्छ र अन्तिममा आफ्नो इच्छा पूरा गर्छ । वृद्धा अजीले भरखरको जवानीमा पति गुमाएकी थिई । उसले वृद्धावस्था सम्म आफ्नो जवानीको चहनालाई दवाएर राखेकी हुन्छे । बालिका सुस्मितालाई साथी बनाएर उसले आफ्ना पीडा सुनाएर मन हलुका पार्छे । उपमा यौनकै लागि दोस्रो विवाह गर्छे तर पुरानो पतिको सम्भनाले सुखी हुन सक्दिन ।

यस उपन्यासमा मल्लकालीन टुँडालको वर्तमान जनमानसमा कस्तो प्रभाव परेको छ ? भन्ने कुरा खोजिएको छ । उपन्यासका सम्पूर्णपात्रहरूले टुँडाल सम्बन्धि कुरा गरेका छन् । सुस्मिताले टुँडालसँग सम्बन्धित धेरै कुरा शर्माजीबाट थाहा पाएकी छ । शर्माजीले उसलाई टुँडालको बारेमा बताउनु शारीरिक सम्पर्कका लागि हो । उमाले प्रेमीसँग शारीरिक सम्पर्क गर्नु अगाडि टुँडालहरूको फोटो खिचेर देखाएकी छ । सत्याले बारम्बार टुँडालको अवलोकन गर्ने गरेकी छ । आमाहरू घाम हेर्ने निहुँले टुँडाल हेर्ने गर्दछन् ।टुँडालको उदाहरण दिदै उपन्यासका पात्रहरूको मनोविश्लेषण गरेर यो उपन्यास तयार पारिएको छ ।

**टुँडाल** उपन्यासमा विभिन्न किंवदन्तीको सहायताले प्राचीन युगमा यौनलाई कसरी हेरिन्थ्यो भन्ने उल्लेख गरिएको छ । हरेक नवीन कुरा दरवारबाट सुरु हुने गर्दछन् । यौन सम्बन्धि विकृत्ति पनि दरवारबाट नै सुरु भएको हो । मन्दिरका टुँडालमा यौन जन्य आकृत्ति कुँदिनु दरवारकै कारणले हो भन्ने उपन्यासमा उल्लेख गरिएको छ । उपन्यासमा प्रस्तुत भएका प्रत्येक किंवदन्ती कहीं न कहीं यौनसँग सम्बन्धित छन् । त्यो यौन धार्मिक आस्थाका कारणले भएको पनि देखाइएको छ । धार्मिक आस्था कै कारण बलि दिने प्रथाको थालनी भएको र यसैका कारणले देशमा यौन विकृत्ति फैलिएको उल्लेख गरिएको छ ।

उपन्यासमा हाम्रो समाजमा प्रचलित भूतप्रेतप्रतिको विश्वासको पनि उल्लेख गरिएको छ । हाम्रो समाजमा भएको अन्धविश्वासका कारणले आज पनि कतिले ज्यान गुमाइरहेका छन् मन्ने बताउनयहाँ एक ड्राइवरको मृत्युको उदाहरण दिइएको छ । उसले एक्लै राती हिड्दा किच्कन्नेलाई भेटेकोहन्छ । उही किच्कन्नेको इच्छा अनुसारको व्यवहार गर्दा बेहोस अवस्थामा स्टेरिङ्मा सुत्न पुगेको बताइएको छ ।

उपन्यासमा हाम्रा सांस्कृतिक धरोहर मानिने मन्दिर जस्तो पवित्र ठाउँमा राखिएका टुँडालमा यौन चित्र राखिनुको कारण खोजिएको छ । यसरी यो उपन्यास एक सांस्कृतिक मनोवैज्ञानिक उपन्यास बन्न पुगेको छ । हाम्रो समाजमा प्रचलित भूत प्रेतप्रतिको विश्वासको चर्चाले पनि उपन्यासलाई सांस्कृतिक मनोवैज्ञानिक बन्न सहयोग गरेको छ ।

### ४.४.१पात्रहरू

**टुँडाल** उपन्यासमा यथार्थ र काल्पनिक दुवै प्रकारका पात्रहरूको उल्लेख गरिएको छ । यथार्थ पात्रहरू लेखकका साहित्यकार साथीहरू हुन् । वास्तविक पात्रलाई लेखकले आफ्ना काल्पनिक पात्रहरूका माध्यमबाट साहित्यकार भनेर चिनाएका छन् । श्यामल, विमल निभा, ज्ञानुवाकर, कृष्ण प्रधान, विष्णुविभु, दिनेश अधिकारी, ध्रुव मधिकर्मी, अशेष मल्ल जस्ता

पात्रहरू वास्तविक पात्रहरू हुन् । उपन्यासमा यिनीहरूको भूमिका गौण छ । उपन्यासमा प्रयोग भएका काल्पनिक पात्रहरूको भने कतै न कतै मनोविश्लेषण गरिएको छ ।

## सुस्मिता

टुँडाल उपन्यासकी प्रमुखपात्र सुस्मिता हो । यो उपन्यासकारकी मुख पात्र पनि हो । लेखकले यसका माध्यमबाट आफ्नो आदर्शलाई पाठक सामु ल्याएका छन् ।सुस्मिता सानै छँदा साथीको दाजु रविनसँग आकर्षित भएकी हुन्छे । यो आकर्षण फ्रायडको विपरीत लिङ्गीहरू बाल्याअवस्थादेखि नै एक अर्कामा आकर्षित हुन्छन् भन्ने मनोलैङ्गिक सिद्धान्त अन्तर्गत पर्दछ । उसको यो आकर्षण यौवन अवस्थामा झन गाढा बन्न पुग्दछ । आफ्नो आकर्षण अवचेतन मनमा दवाएर राख्दछे । यसले उसलाई टाउको दुख्ने, खान मन नलाग्ने जस्ता समस्याहरू देखिन थाल्दछन् ।इदमको इच्छालाई उच्चाहम्ले रोकुन्जेल उसमा विभिन्न किसिमका तनावहरू आएका हुन्छन् । यस्तो स्थितिमा जव अहम्ले उसलाई सही बाटो देखाइदिन्छ। उसले रविनसँग आफ्नो प्रेमवारे छलफल गर्ने निश्चय गरेर रविनको घरमा जान्छे । छलफलमा रविनले पनि आफूलाई प्रेम गर्ने थाहापाएपछिउसको तनाव त्यसै हटेर जान्छ । उसमा नयाँ फुर्ती पलाउँछ । यहाँ फ्रायडको इदम अहम् र उच्चाहम्का राम्रो तालमेल देखाइएको छ । इदमको इच्छालाई उच्चाहम्ले रोकिदिन्छ । अहम्ले उच्चाहम् र इदम बीच समन्वय गरिदिन्छ । अहम्ले उचित समय निर्धारण गरेर सुस्मिताको इच्छा बाहिर प्रकट गरिदिन्छ । यो सुस्मिताको जीवनको पहिलो पाटो हो ।

सुस्मिताको जीवनको देस्रो पाटो ४५ सालको भूकम्पबाट सुरु हुन्छ । भूकम्पमा परेर उसका बाबुको मृत्यु भयो, घर भत्क्यो ।राहत वितरणमा अनियमितता भएको आरोप लगाउँदै तत्कालीन पञ्चायती नेता कर्णप्रसाद ह्यजूको हत्या भयो । त्यही हत्याको दोषी ठहऱ्याउँदै उसको प्रेमी रविनलाई जेल हालियो । यो समय उसको जीवन ज्यादै दुःखदायी बनेर आएको छ र उसले धेरै मानसिक तनावहरू बेहोर्नु परेको छ ।

सुस्मिताको शर्माजीसँग परिचय हुनु,खरदारको अस्थायी जागिर खानु, उसको जीवनको तेस्रो पाटाको पृष्ठभूमि हो । आफ्ना मान्छेलाई जागिरमा राख्न नपाएकाले अफिसका प्रायः सबै कर्मचारी उसको विरोधी बनेका थिए । त्यस समय उसलाई सुखभन्दा दुःख नै बढी लागेको थियो । लेखापाल श्यामसँग झगडा भएको प्रसङ्ग रमिताले सम्झाएपछि झन उसमा तनावको मात्रा थपिएको थियो । उसमा भय व्याप्त भएको थियो । ऊ श्यामको छेउमा जान सम्म पनि डराउन थालेकी थिई । उसभित्र चिन्ता बढ्दै गएको थियो । श्यामले कुरा गर्न चाहेको भन्दा त झन्नै उसले आफ्नो होस गुमाएकी थिई । वास्तविकता थाहा पाएपछि उसमा नयाँ जोस र जाँगर पलाउन थाल्दछ । फ्रायडको दमनको सिद्धान्त सुस्मितामा यहाँ लागु भएको छ । उसले वास्तविकता बाहिर नल्याई दबाएर राख्नाले अनावश्यक तनावमा परेकी छ । पहिले नै श्यामसित छलफल गरेकी भए उसमा कुनै तनाव हुने थिएन । रविनको बेवास्ताले सुस्मिताको जीवनमा अर्को पाटो थपिन्छ । उसले सजिलैरविनलाईविर्सन्छे । यो देख्दा सुस्मिताको चेतन मनले मात्र रविनलाई चाहेको जस्तो देखिन्छ । उसको अचेतन र अवचेतनमा उसप्रति कुनै स्थान देखिँदैन ।

सुस्मिताको र श्यामको सम्बन्धमा सुधार आएपछि सुस्मिताले मनमनै श्यामलाई आफ्नो हुनेवाला पतिका रूपमा हेर्न थालिसकेकी हुन्छे । ऊ हाकिमले गरेको सहयोगलाई आफूप्रतिको सहानुभूति ठान्दै आएकी हुन्छे । एक दिन हाकिले नगरकोट घुम्न जाने प्रस्ताव राखेपछि उसलाई आफूप्रतिको व्यवाहर यौन इच्छा पूर्तिका लागि रहेछ भन्ने थाहा हुन्छ । यसबाट सुस्मितामा ठूलो मानसिक चोट पर्दछ । ऊ केही दिन घरमा नै बस्छे । दुई तीन दिन पछि अफिसमा जाँदा उसमा अर्को धक्का लाग्दछ । रमिता र श्यामको विवाह भइ सकेको हुन्छ । यस भन्दा अगाडि श्यामप्रतिको झुकाव उसको एकतर्फी रहेछ भन्ने ठान्दछे ।श्यामसित उसको कुनै गुनासो हुँदैन । यसबीचमा सुस्मिताको र शर्माजीकाबीच शारीरिक सम्बन्ध भइसकेको हुन्छ तर श्यामले सुस्मिता र शर्माजीसँगको सम्बन्ध थाहा पाउला भन्ने आशंकाले उनीबाट टाढा हुँदै जान्छे । उनीहरूबीचको मित्रतामा पनि कमी आइसकेको हुन्छ । सुस्मिता र शर्माजी बीचको सम्बन्ध हेर्दा दुवै जानालाई यौनचाहनाले जोडेको जस्तो देखिन्छ । बाल्यकाल देखिको प्रेमी रविनले बेवास्ता गरेकाले सुस्मिताको अचेतनमा यौन इच्छा दमन भएर बसेको हन्छ । त्यसले बाहिर आउने उचित अवसरको खोजी गरिरहेको हुन्छ । शर्माजीसितको सम्बन्धले उसको इच्छालाई बाहिर आउन सजिलो पर्छ । शर्माजीको घरमा उनीसँग यौन सम्बन्ध राखिसकेपछि उनीहरू बीचको सम्बन्धमा पनि कमी आउँछ । यहाँ पनि इदम, अहम् र उच्चाहम् बीचको उचित तालमेल भएको छ । सुस्मिताको इदममा रहेको यौन इच्छालाई उच्चाहम्को आदर्शले रोकिदिएको हुन्छ । सही समय र पात्रको सृजना गरेर अहम्ले त्यसको पूर्तिगरिदिन्छ । सुस्मिताले श्यामसँगको आफ्नो एकतर्फी प्रेमलाई बाहिर प्रकट हुन भने दिन्न । यसलाई दमन गर्न उचित ठानेर श्यामलाई पनि आफ्नो अवचेतन तिर पठाइदिन्छे । श्यामप्रतिको आकर्षण भने सुस्मिताको चेतन र अचेतन दुवै मनमा रहको देखिन्छ । यही आफ्नो एकतर्फी आकर्षणका कारणले नै उसले खरदारको जागिर छोड्दछे ।

सुस्मिताको चरित्रर्हेदा पुराना कुरालाई सजिलै भुलेर नयाँजीवनको सुरुवात गर्न सक्ने खलको देखिन्छ । श्यामको वियोगमा जागिर छोडेर घर बसेर उसले आफ्नो पढाइलाई निरन्तरता दिन थाल्दछे । यहाँ सुस्मितामा सेमन्डको व्यक्तिले आफ्नो दुःखलाई सृजना तर्फ लगाएर सदुपयोग गर्न सक्छ भन्ने मनोरचना सिद्धान्तले काम गरेको छ । उसले आफूलाई अनावश्यक चिन्तामा नलगाएर पढाइ तर्फ लगाउँछे । आफ्नो अधुरो पढाइलाई पूरा गर्न यो बिछोडफलदायक हुन्छ ।

दाङमा साही बहिनीलाई भेट्न गएकी आमा नफर्केपछि सुस्मितामा अर्को मानसिक तनाव सुरु हुन्छ । आमाले अर्को विवाह गरेको श्यामलले बताएपछि चित्त बुझाउँछे । काठमाडौंमा बस्न थालेपछि आफूलाई लेखन र पत्रकारितामा सक्रिय बनाउँछे । सुस्मिता आफूले काम गर्ने गरेको पत्रिकाको हाकिम प्रवीण शेखरसँग प्रभावित हुँदै जान्छे । प्रवीणले विवाहको प्रस्ताव गरेपछि आफूलाई सुरक्षित ठान्दछे । त्यसैका कारण अमरको आफूप्रतिको समर्पणमा पनि उसलाई घृणा लाग्दछ । प्रवीणले अचानक विवाह गर्ने निर्णय गरेर अर्की केटी लिएर आएपछि उसमा अर्को बज्रपात हन्छ । ऊ कोठामा आएपछि अमरले उसको बारेमा आफूले थाहा पाएजति सुनाउँछ । अमरले आफू प्रति देखाएको चासोले प्रभावित हुन्छे

र ऊसँगविवाह गर्ने निर्णय गर्छे । अमरसित मलाई माया गर्छौ भनेर सोध्छे । भोलिपल्ट कतै नजानु भनेर अमरलाई भन्दै आमालाई भेट्न बुटवल जान्छे । त्यहाँबाट हप्तादिन पछि नयाँ सोचका साथ काठमाडौं फर्कन्छे । अमरसँग आफूले गरेको व्यवहारबाट उसलाई अमरका सामु पर्न लाज लाग्छ र नभेटिकन नै कोठा सरेर आमाको स्कुल देखिने ठाउँ भक्तपुरमा डेरा सर्छे ।

यस उपन्यासकी प्रमुख पात्र सुस्मितालाई लेखकले सम्मान गर्न सकेको देखिदैन । लेखकको चेतन मनले उसलाई सक्षम बनाउँन चाहन्छ तर लेखकमा भएको अचेतन मनले उसलाई कमजोर बनाएको छ । उनले सुस्मितालाई भ्रम नै भ्रममा राखेका छन् । सुस्मिता वौद्धिक, सुन्दर, क्षमतावान हुँदा हुँदै पनि पुरुषपात्रको तुलनामा कमजोर बनाएका छन् । उसले जहिलेपनि आफूलाई अरूको तुलनामा कमजोर ठान्दछे । लेखकले उसभित्र हीनभाव ग्रन्थि भरिदिएका छन् । निर्णय गर्ने क्षमतामा पनि उसलाई  भाइ भन्दा कमजोर बनाइएको छ । यहाँ लेखकले आफू पुरुष भएका कारण नारीको वास्तविक मानसिकता —केलाउन नसकेको जस्तो देखिन्छ ।

सुस्मिता कुनै पनिकुराको कारण बुझ्न पट्टि नलाग्ने अन्तर्मुखी प्रवृत्तिकी पात्र हो । ऊ कहिले पनि कसैलाई केही प्रश्न गर्दिन । रविनको प्रेममा परेपछि तनावमा रहेर बस्छे । मनभित्र अनेक अन्तर्द्वन्द्व हुन्छन् । रविनसित कुरा गर्ने उद्देश्यले गए पनि बोल्न सक्दिन । रविनले पहिले आफैले प्रेम गर्नेबताउँछ । पछि किन उसलेबेवास्ता गऱ्यो ? नसोध्नु, श्याम रिसाएको सुनेर कुरा गर्न डराउनु, श्यामलाई प्रेम गरेर पनि भन्न नसक्नु, प्रवीणले पहिले आफैले विवाहको प्रस्ताव गरेर किन अर्की केटीसँग विवाह गर्ने निर्णय गऱ्यो,एक पटक पनि बुझ्न पटि नलाग्नु, आवेशमा आएर अमरसित विवाह गर्ने निर्णय गर्नु पछि आफै भाग्नु जस्ता सुस्मिताका अन्तर्मुखी र निर्णय क्षमतामा कमजोर हुनुका उदाहरण हुन् ।

सुस्मिता भित्र अन्तर्द्वन्द्व पनि धेरै देखाइएको छ । रविनलाई मन पराइसकेपछि उसँग छलफल नगरुनजेल ऊ धेरै अन्तर्द्वन्द्वमा परेकी छ । रविनले मलाई मन पराउँछ पराउँदैन ? मैले उसलाई प्रस्ताव गर्दा मानेन भने के गर्नु जस्ता द्वन्द्व देखिन्छन् । अन्तिममा उसँग छलफल गर्ने विचारले नै विजय पाउँछ । शर्माजीसँगको सम्बन्धमा पनि ठीक कि वेठीक भन्ने द्वन्द्व भएको छ र ठीकले जित्दछ । उनीसँग यौन सम्बन्ध राख्छे । श्यामसँग सम्बन्ध नबढुन्जेल उसले मलाई केही भन्ने हो कि ? मेरो जागिरमा पो कठिनाइ हुने हो कि? भन्ने द्वन्द्व छ । सम्बन्ध सुध्रेपछि शर्माजीसँगको सम्बन्धले श्यामसँको सम्बन्धमा असर पार्ने हो कि ?यो सम्बन्ध यथावत राख्नु ठीक हो कि होइन भन्ने द्वन्द्व छ । अन्त्यमा ठीक होइन भन्नेले जित्छ । उनीसित सम्पर्क छुटाउँछे । प्रवीणसित सम्बन्ध बढेपछि अमरसँगको सम्बन्ध ठीक कि वेठीक भन्ने द्वन्द्व हुन्छ । वेठीकले जित्छ अमरसँग रिसाउँछे । अन्तिममा अमरसँग राखेको विवाहको प्रस्तावमा पनि द्वन्द्व सृजना भएर भाग्छे । यसरी उपन्यासमा सुस्मिताको जीवनको हरेक क्षेणमा द्वन्द्व देखाइएको छ ।

**उपमा**

उपमा उपन्यासमा महत्त्वपूर्ण भूमिका निभाएकी पात्र हो । उपन्यास भरी ऊ आमा कै सम्बोधनबाट परिचित छ । उपन्यास भरिमाउसको नाम मात्र एक चोटि लेखिएको छ । त्यो पनि पत्रमा । उपमाले घरबाट भागेर विवाह गरेकी हुन्छे । पति पत्नी बीच अति सुमधुर सम्बन्धरहेको देखाइएको छ । ऊ ३५ वर्षकी हँदा नै पतिको मृत्यु हुन्छ । पतिको मृत्यु पछि पनि लामो समयसम्म शोकमा बसेकी हुन्छे । उपमा(आमा) ले बिस्तारै आफ्नो दु:खलाई भुलेर बाँच्न थाल्दछे । अब उसले हाँस्न पनि सम्झन थालेकी हुन्छे । पुन: उसमा परिवर्तन आउन थाल्दछ । अब ऊ एक्लै रुन, सधैं चिन्तित देखिन थाल्दछे । ऊ भित्रको पीडा कसैलाई थाहा हुँदैन । साही बहिनीलाई भेट्न गएकी आमा घर फर्कन्न अचानक आमा हराउन पुग्दछे । श्यामलले आमा अर्कै विवाह गरेर गएको बताउँछ । आमाको अर्को पुरुषसँग सम्बन्ध रहेको पहिले नै थाहा पाएको तर यस्तो निर्णय गर्नुहोला भन्ने नसोचेको बताउँछ । अब सुस्मितालाई आमाको चिन्ताको कारण पनि खुल्दछ ।

उपमा परिस्थितिले जन्माएकी पात्र हो । परिस्थिति प्रतिकूल नभइदिएको भए उसले अर्को विवाह गर्नु पर्ने थिएन र ऊ आमाबाट उपमा बन्नु पनि पर्ने थिएन । उपमामा स्वपीडक ग्रन्थि बढीपाइन्छ । लेखकले जवर्जस्ती उसको दोस्रो विवाह गर्दैका छन् । यसको दोस्रो विवाहगराएर पनि लेखकले नारी माथि अन्याय नै गरेका छन् । विवाह अगाडि भुलेको पीडालाई फेरि सम्झाइदिएका छन् । विवाहपछि पनि उसले आफ्नो पुरानो पति बिर्सन सकेकी छैन । पुरानो पतिको मायाका अगाडि नयाँ पतिको माया खल्लो भएको छ । पुरुषको दोस्रो विवाहले उसको पुरानो जीवनलाई भुलाई दिन्छ । उपमाको दोस्रो विवाहले पुरानो जीवन समझाईदिन्छ । नारीले दोस्रो विवाह गरेर सुख भन्दा दु:ख नै बढी पाउने बताएका छन् लेखकले । उपमालाई आफ्नो पुरानोपतिले सधैं के केसोधि  रहेको जस्तो लाग्दछ । नयाँ जीवनमा पैसाको कुनै कमी छैन उसँग । तर मानसिक दु:ख भने सधैं परिरहेछ । सौतेने सन्तानले पनि उसलाई धेरै माया गर्छन् । नयाँ पतिले पनि धेरै माया गर्छ । त्यति हुँदा हुँदै पनि ऊ पश्चात्तापमा बाँचिरहेकीछे । फ्रायडले बताएकोआफूले कुनै गल्ती गरेको थाहा पाएपछि त्यसैलाई लिएर पश्चाताप गरिरहने नकरात्मक उच्चाहम्को प्रभाव उपमा  परेको हो ।

उपमामा पनि धेरै अन्तर्द्वन्द्व देखाइएको छ । उसले दोस्रो विवाह गर्नु अगाडि यो विवाह गर्दा समाजले मलाई के भन्ला ? छोराछोरीले के भन्लान्? माफ गर्छन गर्दैनन् ? नयाँ जीवन सुखसँग बिताउन सकिन्छ सकिदैन ?विवाह गर्नु ठीक हो कि होइन भन्ने द्वन्द्व देखाइएको छ । अन्तिममा आफूले दोस्रो विवाह गर्नु ठीक हुन्छ भन्ने निर्णयलाई प्राथमिकता दिएकी छ ।

उपमामा पनि फ्रायडको इदम अहम् र उच्चाहम्को तालमेललाई रम्री मिलाएका छन् । उपमाको दोस्रो विवाह गर्ने इच्छालाई उच्चाहम्का् आदर्शले रोकिदिन्छ । उच्चाहम्ले रोकुनजेल ऊ कोठामा एक्लै रुने, सधैं चिन्तित देखिने, सधैं सुस्मितासित के के भन्न खोजे जस्तो देखिने हुन्छे पछि अहम्को  संयोजनन्मा उसको इदमको इच्छा पूरा भएको छ ।

**श्यामल**

श्यामल सुस्मिताको भाइ हो । श्यामललाई लेखकले राम्रै सम्मान दिएका छन् । लेखकले उसलाई बच्चैदेखि भलाद्मी र बुद्धिवान बनाएका छन् ।श्रीमतीको कारणले श्यामलको वैवाहिक जीवन सुखमय छैन । श्यमललाई लेखकले एक पत्नी निष्ठ पतिका रूपमा चिनाएका छन् । श्यमल आफ्ना मानसिक तनावलाई बाहिर ल्याउन नदिएर भित्रभित्रै दबाउन सफल पात्र हो । उस भित्र फ्रायडको आफ्नो चेतन मनमा भएको कुरालाई बाहिर प्रकट नगरेर अचेतनमा पठाउँने दमनको सिद्धान्तले प्रस्ट रूपमा काम गरेको छ । आफ्नी पत्नी शशीले पहिलो बच्चा त्यागदा पनि उसले आफ्नो रीसलाई दमन गरेर अचेतन तर्फ पठाउँछ तर शशीलाई गाली गर्दैन । शशीले आफू अर्को केटाको प्रेममा फसेको र ऊ विना बाँच्न नसक्ने बताउँछे । पत्नीको व्यवहारले परेको मानसिक तनावलाई पनि दमन गरेर सम्बन्ध विच्छेद गर्न तयार हुन्छ तर आफ्नो पीडालाई बाहिर आउन दिदैन ।

श्यामल हरेक दुःखलाई आफ्नो अचेतन मनमा लगेर थन्क्याउने पात्र हो । फ्रायडको दमनको सिद्धान्तको उच्च प्रयोग श्यामलमा भएको छ । उसले आफ्ना मानसिक कुण्ठालाई दवाएर भ्रमणमा निस्कन्छ । तर आफ्नो कुण्ठा कसैलाई बताउँदैन । श्यामल स्वपीडक ग्रन्थिले युक्त पात्र पनि हो । फ्रायडले बताएको स्वपीडक ग्रन्थिले युक्त व्यक्तिले आफूले आफूलाई दुःख दिन्छ तर अरूलाई केही भन्दैन । उसले कुनै पनि कुरामा अरूलाई दुःख दिएको छैन । आफ्नो खुसी भन्दा अर्काको खुसी नै ठूलो ठानेको छ । पत्नीलाई कुनै पनि गल्तीमाकहिल्यै गाली नगरेर आफै पीडित बनेर बस्छ । अन्त्यमा दिदीलाई पठाएको पत्रमा भने श्यामलले आफ्ना पीडा उल्लेख गरेको छ । त्यसपछि उपन्यासमा उसलाई कुनै भूमिका दिइएको छैन ।

**रविन**

रविनको भूमिका उपन्यासमा धेरै नभए पनि थोरै थोरै उपन्यास भरि नै पाइन्छ । रविन सुस्मिताको प्रथम प्रेमी हो । उसको मनस्थितिका बारेमा लेखकले धेरै ख्याल गरेका छैनन् । सुस्मिताको मुखबाट प्रशंसाका शिखरमा पुऱ्याएका छन् । उसलाई आफ्नो र आफ्ना परिवारको लागि भन्दा अर्काको लागि बाँच्ने पात्रको रूपमा देखाइएको छ । उसले देशको मुक्तिका लागि भन्दै आफ्नो माया र बाबु आमालाई पनि भुलेको छ । उसले सुस्मिताको मायालाई राजनीतिमा लागेर नै भुलेको हो भन्न लेखकले छुटाएका छैनन् ।

रविन माथि पनि लेखकले अन्याय हुन दिएका छैनन् । भूकम्पको वेलामा उसले सबैलाई सहयोग गरेको छ । राजनीतिमा लागेर सुस्मिताप्रतिको आफ्नो प्रेमलाई अचेतन तर्फ धकेल्देको छ । सुस्मितको माय आफ्नो निजी स्वार्थका लागि भएकाले त्यो भन्दा देशको स्वार्थमा आफूलाई अर्पण गरेको छ । अन्त्यमा बाबुको मृत्यु भएको र त्यसमा रविनलाई दुःखी देखाएर भए पनि उस प्रतिको पाठकको सहानुभूतिलाई लेखकले घट्न दिएका छैनन् ।रविन स्वपीडक ग्रन्थिले ग्रसित पात्र हो । उसले आफू जेल परेर भए पनि भूकम्पमा अरूको सेवा गर्न छोडेको छैन । देशको सेवाका अगाडि आफू र आफ्नो परिवारको खुसी भन्दा देशको खुसीलाई प्राथमिकतामा राखेर भूमिगत बनेको छ ।

## उमा

उमा सुस्मिताकी मिल्ने साथी, रविनकी बहिनी हो ।भक्तपुरमा रहुन्जेल अल्पभाषी सोझी देखिएकी उमा काठमाडौंमा आएपछि बोलकड र आँटी बन्छे । उमा आफैले एक केटालाई मन पराएर प्रेम प्रस्ताव राख्छे । आफ्नै सक्रियतामा ऊसँग यौन सम्बन्ध पनि राख्छे । यहाँ उस भित्रको इदमको इच्छालाई अहम्ले उचित समय मिलाएर पूरा गर्ने व्यवस्था गर्छ ।बच्चा हुने भएपछि प्रेमीले हाल विवाह नगर्ने गर्भ पतन गराऊ भन्छ । प्रेमीले विवाह गर्न नमाने पनि बच्चा नफाल्ने प्रतिज्ञा गरेर बसेकी छे । यहाँ उसको आत्म रति ग्रन्थि प्रवल भएको देखिन्छ । यसैले उसले आफू आमा बन्दा पाउने खुसी गुमाउन चाहन्न । उमाले आफ्नो अवस्थाको बारेमा सुस्मितासँग भन्छे तर आमालाई भन्न सक्दिन । काल्पनिक पति बनाएर ऊ विदेश गएको भन्ने झुठो खवर सुनाउछे । यहाँ उसको स्वपीडक ग्रन्थि प्रवल भएको देखिन्छ । यसै कारण उसले आफ्नो समस्या आमालाई नभनेर र कल्पनाकै भए पनि एक श्रीमान खडा गरेर आमाको पीडा कम गर्छे ।

प्रेमीले नस्विकारे पनि बच्चा जन्माउने निर्णय गर्नु उमाको बलियो पक्ष हो भने आमालाई आफ्नो वास्तविक स्थितिको जानकारी गराउन नसक्नु उसभित्रको कमजोर पक्ष हो । उमाले झलेन्द्रलाई छोरीको बाबु भनेर चिनाएकी छ । याहाँलेखकले एक नारीले बाबुको परिचय विनाबच्चा हुर्काउन नसक्ने सामाजिक मान्यतालाई आधार बनाएका छन् । समाजको यस धारणाले लेखकको मनस्थितिमा राम्रै प्रभाव पारेको देखिन्छ । समाजको रुढीबाट बाहिरिन चाहेर लेखकले उमालाई अविवाहित आमा त बनाए तर अर्को पति बताउन लगाएर उसलाई कमजोर पनि तुल्याएका छन् । उमालाई आफ्नो पेटमा बच्चा बोक्न लागाएर उपन्यासकारले ठूलो अन्तर्द्वन्द्वमा हुलिदिएका छन् । उमाको चेतन र अचेतन मनबारम्बार कुन्ठित बन्न पुगेको छ । उमा साहस र कायरताको अन्तर्द्वन्द्वमा छ । अन्त्यमा उसभित्रको कायरताले नै विजय पाउँदछ । ऊ विदेश गएको काल्पनिक पतिकी पत्नी बनेकी छे । हस्पिटलमा भने उमालाई साहसी बनाइदिने काम गरेको छ लेखको चेतन मनले । झलेन्द्रलाई श्रीमान भनेर चिनाउन उमा बाध्य बनाइएकी छ । झलेन्द्रलाई पति तुल्याउनु लेखकको पुरुषवादी चिन्तन कै एक पटो हो । यहाँ उमाको चेतन र अचेतन मनका बीच द्वन्द्व देखिन्छ । उसको चेतन मनले कुनै पनि लोग्ने मान्छेको सहारा विना सन्तान हुर्काउन सक्छु भन्ने छ भने अचेतनले त्यो असम्भव देखाउँदछ । अन्तिममा उसको अचेतनको नै विजय हुन्छ । उसले सुरुमा काल्पनिक पति र अन्त्यमा समाजका नजरमा वास्तविक पति बनाउछे । यहाँ पनि उपन्यासकारले नारीको मनोविश्लेषण गर्न नसकेको देखिन्छ । नारी माथि फेरिपनि अन्याय गरेको पाइन्छ । लेखकले नारी कसैको सहरा बिना बाँच्न सक्दिन भन्ने हाम्रो समाजको सङ्कुचित धारणालाई यथार्थता दिन खोजेका छन् ।

## सत्या

सत्यालाई लेखकले हाम्रो समाजको नजरमा बेस्या सावित गरेका छन् । यसलाई एक भौतिक सुख भोगका लागि मात्र जन्मेकी पात्र जस्तो बनाएका छन् । सत्यालाई यो समाज भन्दा छुट्टै परिवेश कि पात्र बनाइएको छ । फ्रायडले भन्ने गरेको विपरीत लिङ्गीप्रतिको

आकर्षण उमेर पुगेर मात्र हुने होइन यो त बच्चा अवस्थामा पनि हुन्छ भन्ने मान्यता सत्यामा लागु भएको छ । ऊ आफू सानै उमेरकी हुँदा त्यो भन्दा पनि सानो उमेरको धनुलाई प्रेम गर्छे । श्यामललाई प्रेम गर्छे । रविन सित टुँडाल हेर्न जान्छे । केटा साथीहरू नै बढी बनाउँछे । उपन्यास भरिमा  धरावासीले न्याय गर्न खोजिएकी नारी पात्र सत्या हो । उसले समाजमा पुरुषहरूलाई चुनौती दिएकी छ - तिमीहरूले गर्ने काम हामीले किन गर्न हुँदैन ? लेखकले यसैका माध्यमबाट आफ्ना चेतन मनका यौन सम्बन्धि धारणालाई बाहिर ल्याएका छन् । हरेक कुरालाई तर्ककासाथ प्रस्तुत गर्ने सत्या एक प्रतिभाशाली नारी पात्र हो । उसलाई अमेरिका पठाउँदा सम्म एक पटक पनि रुन लगाएका छैनन् धरावासीले । यसले यौनलाई मात्र सुखानुभुतिको साधन मानेकी छे । यौनको सम्बन्ध विवाहसँग केही नहुने तर्क छ सत्याको ।

सत्या विद्रोही स्वभावकी केटी हो । उसले समाजमा प्रचलित विवाह प्रथाको विरोध गरेकी छ । उसका विचारमा महिलामा सक्षम पुत्र जन्माउन उचित वीर्यको खोजी गर्ने अधिकार हुनुपर्छ । सत्याका विचारमा कुन्तीले उचित नसको खोजी गरेर नै त्यस्ता शक्तिशाली पुत्रहरू जन्माएकी हुन् । उसले हाम्रो पैसामुखी समाजको मनस्थितिको पनि उल्लेख गरेकी छ । परिबन्दमा परेर एक रात बाहिर बस्नु पर्दा बुहारी कलङ्कित हुने हाम्रो समाजमा यौन दाशी बनेर भए पनिपैसा कमाएर ल्याउने बुहारी देवी समान हुन्छे । उसले टुँडालमा कुँदिएका आकृतिको पनि सधैं विरोध गरेकी छे । त्यहाँ महिलालाई नै नाङ्गो किन बनाइन्छ ? भन्ने प्रश्न गर्दछे ।

सत्याको मनोविश्लेषण गर्दा उसमा भएको इदम बलियो रहेको देखिन्छ । उच्चाहमले भन्ने आदर्शलाई उसले लत्याइदिएकी छ । उसले सामाजिक मान्यतालाई बलिया मान्छेले बनाएको कानुन ठान्दछे । त्यहाँ सधैं निर्धा माथि अन्याय अत्याचार हुने उसको मान्यता छ । सत्या विद्रोही स्वभावकी पात्र हो । उपन्यास भरी उसलाई इदम र अहम्को संयोजनमा काम गर्ने पात्र बनाइएको छ । उसका नजरमा यौन भनेको क्षणिक सुखानुभूतिको एक माध्यम हो । यसलाई उपयोग गर्न लुकि रहनु पर्दैन । कसैसँग भएको आजको सम्बन्धलाई जोडेर भविष्य निर्धारण गर्नु व्यार्थ छ । विवाह भनेको त एक सानो सम्झौता हो । हामीले कसैसँग केही समय सम्बन्ध राख्दैमा त्योसँग जीवन नै विताउनु पर्ने गरी बाँधिनु पर्ने हुन्छ र ? अनुभूतिका क्षणहरू आफ्नो इच्छा र रहरभरि जोसँग पनि बिताउन मिल्दछ । सत्यामा आत्मरति ग्रन्थिको प्रभाव बढी पाइन्छ । उसले आत्माको खुसीका लागि कहिले पनि कन्जुस्याइँ गरेकी छैन । आफ्नो इच्छालाई दमन् गरेर कहीं पनि तड्पेकी छैन । कलेजमा दिनैपिच्छे केटा फेरेर हिंड्नु, धनुसँग यौन सम्बन्ध राख्नु, श्यामलसँग सम्बन्ध बढाउन चहनु आत्मरतिकै लागि भएका कार्य हुन् ।

**भद्रिका**

उपन्यासमा खासै भूमिका नभएकी पात्र भद्रिका हो । यसको भूमिका थोरै भए पनि मनोविज्ञानका क्षेत्रमा महत्त्वपूर्ण छ । राम्री, हँसिली भद्रिका केटाहरूलाई अघिपछि लगाउनु आफ्नो सान ठान्दछे । अर्कालाई जिल्याएर रमाउनु उसको सोख देखिन्छ । यतिखेर उसमा

परपीडक ग्रन्थिपाइन्छ । ऊ अर्कालाई सताउन पाउँदा रमाउँदछे । उसले क्याम्पसमा झलेन्द्रलाई रुवाउनु आफ्नो दैनिकी जस्तो बनाएकी हुन्छे । अचानक झलेन्द्रसँग विवाह गरेपछि उसको भूमिका उपन्यासमा सकिन्छ ।

भद्रिकाको मनोविश्लेषण गर्दा सामान्य जस्तो नै देखिन्छ । उसमा पहिले मनो लैङ्गिक सिद्धान्को प्रवृत्ति पाइन्छ । केटाहरूलाई लठ्याइदिनु यसैको परिणाम हो । उसले जीवनलाई सामान्य बाँच्ने खेल जस्तो सम्झन्छे । सुरुमा उसमा आत्मरति र परपीडक ग्रन्थि पाइन्छ । आत्मरति ग्रन्थि कै कारण उसले क्याम्सममा रमाइलो गर्ने गरेकी हो । सबै केटाहरूलाई प्रेम गर्ने गरेको जस्तो गरेर रमाउनु उसको स्वभावदेखिन्छ । झलेन्द्रलाई नभएका कहानी सुनाएर रुवाउनु उसभित्रको परपीडक ग्रन्थिका कारणले भएको हो । भद्रिकाको चेतन मनले झलेन्द्रलाई सताइरहेको हुन्छ भने अचेतन मनले माया गरिरहेको हुन्छ । झलेन्द्रको अनुपस्थितिमा आफू उसप्रति आकर्सित भएको जानकारी उसको चेतन मनलाई हुन्छ । त्यसपछि भद्रिका झलेन्द्रलाई रुवाउनुको सट्टा उसलाई अरूले नराम्रो भनेको सुन्दा पनि दुःखी हुन थाल्दछे । अन्त्यमा उसले झलेन्द्रसँग विवाह गरेर क्याम्पस छोड्छे ।

उमाको माध्यमबाट उसको दुःखद मृत्युको खवर उपन्यासमा सुनाइएको छ । मृत्यु हुनु अघि पनि उसमा आत्मरतिग्रन्थि प्रवल भएको देखाइएको छ । यसैका कारण उसले परपुरुषसँग सम्पर्क राखेर भए पनि आमा बन्ने हुन्छे । झलेन्द्रलाई आफ्नो खुसी साट्दा मृत्यु वरण गर्न पुग्दछे । यसरी उपन्यासमा भद्रिकालाई पनि एक पीडित नारी पात्र बनाइएको छ । भद्रिकालाई पनि लेखकले कमजोर बनाउन छोडेका छैनन् ।विवाह गर्दैमा क्याम्पस छोडाउनु नै उसलाई कमजोर बनाउनु हो । परपुरुषसँग सम्बन्ध रहेको बताएर पनि उनले भद्रिकालाई अन्याय नै गरेका छन् ।

**झलेन्द्र**

भद्रिकाको प्रेमी र श्रीमानको रूपमा झलेन्द्रलाई उभ्याइएको छ । सुरुमा रूप नराम्रो भए पनि स्वभाव अत्यन्त राम्रो भएको पात्र बनाइएको छ । ऊ आफ्ना जस्ता सुकै दुःखद कुरालाई पनि हाँसेर उडाउन सक्ने आत्मसम्यमी पात्र हो । अर्काको दुःख भने अलिकति पनि सुन्न नसक्ने ऊ आत्म पीडक ग्रन्थिले युक्त पात्रको रूपमा चिनिन्छ ।

उपन्यासको अन्त्यतिर उमाको सहयात्री बनाएर उसलाई पहिलेको भन्दा विपरीत स्वभावको बनाइएको छ । यसपटक उसको वास्तविकता पनि खोलिएको छ । उसले गर्ने अरूप्रतिको सहानुभूति देखावटी मात्र रहेछ । उसले भद्रिकालाई गाली नगरेर झुक्याएर गर्भ पतनको औषधी दिन्छ । त्यसैका कारण भद्रिकाको मृत्यु हुन्छ । यो नै उसको परपीडक ग्रन्थि बलियो भएको अवस्था हो । भद्रिकाको मृत्यु पछि पश्चाताप गर्नु नकरात्मक जीवन–मूलप्रवृत्तिको परिणाम मान्न सकिन्छ । अन्त्यमा उमाको सहयात्री बन्ने निर्णय गराएर उसलाई आम् नेपाली पुरुष पनि बनाएको छ ।

**शशी**

श्यामलकी प्रेमिकाश्रीमती र शर्माजीकी छोरी हो शशी । श्यामल की प्रेमिका रहुनजेल ऊ बहिर्मुखी स्वभावकी छे । धेरै बोल्नु पर्ने उसको स्वभाव हो । विवाह अघि श्यामललाई अत्यन्त चाहने ऊ विवाहपछि अर्कै पुरुषलाई चाहन थाल्दछे । तत्काल आफू आमा नबन्ने भन्दै गर्भपतन गराएपछि ऊ एक कठोर चरित्र की नारी बन्न पुगेकी छ । यहाँ उसभित्र आत्मरति ग्रन्थिबलियो भएको छ । उसले आफ्नो खुसीको लागि भ्रुण हत्या गर्न पुगेकी छे । परपीडक ग्रन्थिपनि उसमा यस समयमा देखिन्छ । पतिको खुसीका बारेमा उसले अलिकति पनि सोचेकी छैन । आफ्नो पेटमा बढ्दै गरेको बच्चालाई जन्मने उसको अधिकारबाट बञ्चित गर्दछे । यो सब उसको परपीडक ग्रन्थिर आत्परति ग्रन्थिप्रवल भएको अवस्था हो ।

शशीले परपुरुषसँग प्रेम गर्न थालेपछि उसमा स्वपीडक ग्रन्थिको पनि विकास हुँदै जान्छ । उसले आफ्नो समस्या अरूलाई नबताएर अचेतन तर्फ दमन गर्दै गएकी हुन्छे । दमनको मात्रा बढी भएपछि उसलाई धेरै पीडा हुन थालेको हुन्छ । भित्तातर्फ फर्केर रुनु उसको दिनचर्या बनेको हुन्छ । उसभित्र के गर्ने के नगर्ने बीचको अन्तर्द्वन्द्व पनि लामै चलेको देखिन्छ । श्यामलले कर गरेपछि आफ्नो वास्तविकता उसलाई बताउँछे । श्यामलले पनि आफू छोडपत्रमा सही गर्न राजी भएको बताए पछि ऊ भित्रको कुण्ठा हराएर जान्छ । उसले नयाँ प्रेमीलाई छोड्ने कुरा गर्छे । यसबाट उसको नयाँ प्रेम चेतन मनको मात्र रहेछ । त्यो अचेतन सम्म पुग्न पाएकै रहेनछ । यसैले त उसले नयाँ प्रेमलाई सजिलै भुल्ने प्रतिज्ञा गर्छे । उसको प्रतिज्ञा पूरा भएको नभएको भने लेखकले खुलाएका छैनन् ।

सत्या आत्मरति र स्वपीडक दुवै ग्रन्थि भएकी पात्र हो । उसले आत्मरति ग्रन्थि का कारण आफ्नो भ्रुण हत्या गर्छे । स्वपीडक ग्रन्थिका कारण एक्लै रोएर रात बिताउने गर्दछे ।

**प्रवीण शेखर**

प्रवीण सुस्मिताको हाकिम हो । उपन्यासमा उसको भूमिका सामान्य नै देखिन्छ । छोटो समयका लागि ऊ सुस्मिताको जीवनसँग जोडिएर आएको छ । उसले हरेक कुरालाई सामान्य रूपमा लिने गर्दछ । विवाह जस्तो कुरालाई पनि उसले ठट्टा नै मानेको देखिन्छ । सुस्मितालाई विवाहको प्रस्ताव राखेर भाइसँग पनि कुरा गरिसकेको हुन्छ । बाढी पीडितलाई राहत वितरण गर्न गएको उसले तराईबाट अर्कै केटीलाई विवाह गर्ने भनेर लिएर आउँछ । उसको बोलीको भर पनि हुँदैन । प्रवीण एक आत्म संयम नभएको पात्र हो । उसले आफ्नो खुसी मात्र सबैथोक सम्झन्छ । अर्काको भावनासँग उसको कुनै मतलव देखिदैन । यसले उसलाई आत्मरति र परपीडक ग्रन्थिले युक्त पात्रको रूपमा लिन सकिन्छ । आफ्नो फाइदाका लागि सम्बन्ध जोड्ने पात्र हो प्रवीण । सुस्मितासँगको सम्बन्धमा पनि उसले आफ्नो फाइदा नै हेरेको हुन्छ ।

**शर्माजी**

शर्माजी यस उपन्यासमा थोरै तर महत्त्वपूर्ण भूमिका बोकेको पात्र हो । ऊ उमेरले ६० नागेको ब्यबहारले भने २५ वर्षको युवको जस्तो छ । शर्माजी सुस्मिताको बाबुको साथी हो । श्रीमती नभएको बिधुर हो ऊ । सुस्मिताले शारीरिक सम्बन्ध राखेको व्यक्ति पनि शर्माजी नै हो । शर्माजीले सुस्मितालाई परिचय भएको दिन देखि नै चाहेको देखिन्छ । आफ्नो यौन आकाङ्क्षा पूर्तिका लागि उसले सुस्मितालाई खरदारको अस्थायी जागिर पनि मिलाइदिएको हुन्छ । जागिरबाट फर्कने बेलामा सधैं पशुपति मन्दिरका टुँडाल मुनि बसेर सुस्मितालाई कुर्दछ । नजानिदो पाराले सुस्मितालाई छुन्छ । टुँडालको बारेमा किंवदन्ती सुनाउँछ । शशीको विवाह पश्चात अमेरिका गएर त्यतै बस्तछ । अमेरिका जानेबेलामा सुस्मिताको खातामा पनि निकै पैसा राखिदिएको हुन्छ ।

शर्माजी श्रीमतीको मृत्युले एक्लो महसुस गरिरहेको हुन्छ । उसमा यौन इच्छा मरिसकेको हुँदैन । त्यो इच्छा अचेतन मनमा लुकेर बसेको हुन्छ । सुस्मितालाई भेटेपछि इदमको इच्छा बाहिर आउन बल गर्दछ । त्यसलाई उच्चाहम्को आदर्शले रोकिदिन्छ । पछि अहम्को चतुऱ्याइँमा उसले आफ्नो इच्छा पूरा गर्दछ । उसको अदर्शमा पनि आँच आउँदैन । यसरी शर्माजीले चतुऱ्याइँका साथ सजिलै आफ्नो कामेच्छालाई पूरा गरेको छ ।

शर्माजीलाई परिस्थितिले जन्माएको पात्र मान्न सकिन्छ । उपन्यासमा उसको भूमिका खासै नभए पनि  सुस्मिताको जीवनमा उसले महत्त्वपूर्ण प्रभाव पारेको छ । उसले आफ्नै साथीकी छोरी र आफ्नी छोरीको प्रेमीकी दिदीसँग यौन सम्बन्ध राखेर समाजको प्रतिकूल पात्र बनेको छ । उसले आफ्नो इच्छालाई दमन गर्न पनि धेरै कोसिस गरेको देखिन्छ । जहिले पनि हडबडाएको देखिनु, सधैं तनावमा रहनु दमन कै कारण भएको हो । आफूभन्दा धेरै कलिली केटीसँग राखेको यौन सम्बन्धले उसलाई दुःखी बनाएको छ । यो उसको नकरात्मक जीवन–मूलप्रवृत्तिका कारणले भएको हो । यही सम्बन्धका कारणले नै उसले देश छोडेर अमेरिका गएको देखाइएको छ ।

शर्माजी र सुस्मिता बीचको सम्बन्ध  धरावासीले भनेजस्तो पूर्वीय मान्यताको प्रेम होइन । पूर्वीय मान्यतामा शर्माजी र सुस्मितालाई बाबु छोरीका नजरले हेरिन्छ । यहाँ फ्रायडको मनोलैङ्गिक सिद्धान्तले काम गरेको छ । विपरीत लिङ्गीप्रतिको आकर्षण उमेरले हुने होइन यो त बच्चा देखि वृद्धावस्था सम्म समान रूपमा रहेको हुन्छ । कसैले यसलाई सजिलै बाहिर ल्याउन सक्दछन् भने कसैले सक्दैनन् । यहाँ शर्माजीले समय र परिवन्द मिलाएर यसलाई बाहिर ल्याएका छन् ।

**अजी**

अजी यस उपन्यासकी सबैभन्दा वृद्धा पात्र हुन् । उनका माध्यमबाट हाम्रो समाजमा रहेका विधुवा महिलाहरूको कुण्ठा खोतल्ने काम गरिएको छ । उनले टुँडाल सम्बन्धि किंवदन्तीहरू पनि बताएकी छन् । आफ्नो जवानीको स्मरण गरेकी छन् । यसबाट वृद्धामा पनि यौन इच्छा मरि नसकेको थाहा हुन्छ । उनको यौन इच्छा अचेतनमा दमित भएर रहेको

हुन्छ मौका पाउनासाथ बाहिर निस्कन्छ भन्ने बुझिन्छ । यो फ्रायडको मनको सिद्धान्त अन्तर्गत पर्दछ । अजीका माध्यमबाट विस्केट जात्रामा हुने जन धनको क्षतिको बारेमा पनि चर्चा भएको छ । उनले विस्केट जात्रामा आफूले र सुस्मिताकी हजुरआमाले पति गुमाउनु परेको दुःखद घटना बताएकी छन् । मन्दिरका टुँडालको बारेमा उनले बताएको किंवदन्ती रोचक छ । किंवदन्तीमा राजाले धर्मका नाममा गर्ने गरेका अन्याय अत्याचार र त्यसले समाजमा पार्ने प्रभावको बारेमा उल्लेख गरिएको छ । अजीका माध्यमबाट उपन्यासमा धार्मिक अन्धविश्वासको कारण कस्ता कस्ता दुःखद घटनाको सामना गर्नुपर्छ भन्ने उल्लेख गरिएको छ ।

उपन्यासमा अजीको भूमिका थोरै छ । उनले आफ्नो विगतमा भोग्नु परेको समस्यालाई स्मरणको रूपमा प्रस्तुत गरेकी छन् ।एक महिलाको कलिलै उमेरमा विवाह भएर भरखरको यौवन अवस्थामा पति गुमाउँदाका पीडा यस उपन्यासमा उतारिएको छ । विधुवा विवाह नगर्ने पूरानो परम्पराको उल्लेख पनि उपन्यासमा पाइन्छ । यदि कसैले साँचो माया गर्ने हो भने पहिले पनि विधुवा विवाह हुने कुराको सङ्केत उपन्यासमा अजीका माध्यमबाट दिइएको छ ।विधुवालाई पुरुषहरूले मात्र यौनिकनजरले हर्ने तीतो यथार्थ उनले सुस्मितालाई सुनाएकी छन् । अजीले हर्षमानको बाबुलाई सिंडीको टुप्पोबाड लडाइदिएको घटना प्रस्तुत गर्नु यसैको सङ्केत हो ।अजीले आफ्ना यौन इच्छालाई दमन गरेर राखेकी हुन्छिन् । टुँडालको चर्चामा पनि उनको यौन असन्तुष्टि झल्कन्छ ।

**अमर**

उपन्यासमा अमर त्यत्तिकै आउँछ र त्यतिकै हराउँछ पनि । अमर सुस्मिता काठमाडौं बसुन्जेल उसको कोठाको छिमेकी हो । पहिले पहिले रक्सी खाने उसले सुस्मिताको सङ्गतले रक्सी छोडेको छ । ऊ सामान्य कुरियर अफिसमा काम गर्छ । सुस्मिताको अफिसमा पनि बारम्बार गइरहन्छ । प्रवीणसँगको आफ्नो सम्बन्ध विग्रने डरले सुस्मिताले उसलाई अफिसमा आउन रोकिदिन्छे । यसले ऊ सुस्मितासँग बोल्न छोड्दछ । सुस्मिता छिटै आएर ढोका लाएर सुतेको थाहा पाएपछि उसले ऊसँग कुरा गर्ने निर्णय गरेर कोठामा जान्छ । यहाँ इदम अहम् र उच्चाहम्को राम्रो तालमेल मिलाइएको छ । उसको इदमले सुस्मितासित बोल्न खोजीरहेको हुन्छ । उच्चाहम्ले उसको इच्छालाई रोकिदिएको हुन्छ । अहम्का् संयोजनमा उसको इच्छा पूरा हुन्छ ।

अमर आमा बाबा नभएको टुहुरो केटो हो । उसकी दिदीको पनि मृत्यु भएको सङ्केत गरिएको छ । अमर हीन भावले भरिपूर्ण भएको व्यक्ति हो । उसले आफ्ना पीडालाई लुकाएर राखेको छ । ऊ सबैलाई शङ्काको नजरले मात्र हेर्दछ । ऊ सबैलाई आफ्नो विरोधी भएको ठान्दछ । उसलाई सधैं सबैले उसकाबारेमा नभएका कुरा मत्र गर्छन् जस्तो लाग्दछ । उसको व्यवहारले उभित्र धेरै दुःखद घटनाहरू लुकेर बसेका छन् भन्ने लाग्दछ । आफ्ना कष्टलाई उसले दमन् गरेर राखेको छ । अमरमा स्वपीडक ग्रन्थिको प्रभाव बढी देखिन्छ । सुस्मिताले आफूलाई माया गर्छौ कि गर्दैनौ भनेर प्रश्न गर्दा नाजवाफ भएकाले ऊअन्तर्मुखी प्रवृत्तिको भएको पनि पुष्टि हुन्छ । अमरले आफ्ना कुण्ठालाई अचेतनमा दमन गरेर राखेको

छ । उसको अचेतनमा दमनको मात्रा बढी भएको कारणले ऊ सधैं मानसिक तनावमा रहने गरेको देखिन्छ । सबैलाई शङ्काको नजरले हेर्नु, धेरै रक्सी सेवन गर्नु दमन कै कारणले भएको हो ।

**बाबा**

सुस्मिता र श्यामलको बाबुलाई यहाँ बाबा भनिएको हो । बाबालाई उपन्यासकारले धेरै भलाद्मी, अन्तर्मुखी प्रवृत्तिका व्यक्ति बताएका छन् । उनले परिवारका सबै सदस्यलाई अत्यन्त माया गर्दछन् । उनको बाल्यकाल धेरै कष्टपूर्ण तरिकाले बितेको थियो । उनले अन्तरजातीय विवाह गरेका थिए । उनी आफ्नो राष्ट्रय र संस्कृति प्रति सधैं चिन्तित रहन्थे । अन्याय र अत्याचारका अगाडि घुँडा नटेक्नु उनको स्वभाव देखिन्छ । आफ्नो यही स्वभावका कारणले उनले पूर्वी तराई धरानमा सरुवा भएर जानु परेको हुन्छ । पूर्व गएर पनि उनले पत्रका माध्यमबाट देशको सिमाना र पूर्वका सांस्कृतिक स्थलहरूको बारेमा जानकारी दिएका छन् ।

**रमिता**

रमिता उपन्यासमा सुस्मिताकी साथीकी रूपमा प्रस्तुत भएकी छ । उनीहरू एकै अफिस र एउटै तहमा काम गर्दथे । रमिता भने त्यहाँकी स्थायी कर्मचारी थिई । सुरुमा रमिताकै माध्यमबाट सुस्मितालाई अफिसमा घुलमुल हुन सजिलो भएको थियो । पछि ऊ सुस्मिताको प्रतिद्वन्दी बनेकी थिई । जागिर खाएपछि सबैको मन जित्न सक्नु पर्छ भन्ने मान्यता उसमा थियो । त्यसैले ऊ कर्मचारीसँग तह अनुसारको व्यवहार गर्दथी । सुस्मिता र श्यामसँग बोलचाल नहुन्जेल उनीहरूबीचको सम्बन्ध राम्रो थियो । सुस्मिताको श्यामसँगको सम्बन्धमा सुधार आएपछि रमिताले उसलाई आफ्नो प्रतिद्वन्दी ठानेकी थिई । यसैले उसले सुस्मिताका विषयमा भए नभएका हल्लाहरू चलाउन थालेकी थिई । सबैलाई सुस्मिताको विरोधी बनाउन अग्रसर भएकी थिई । पछि श्यामसँग विवाह भएको सुनाएर उसको भूमिका उपन्यासमा सकाइएको छ ।

रमिता श्यामलाई धेरै चाहन्छे । ऊ श्यामसँग अरू कुनै केटी मान्छेले सम्बन्ध बढाएको मन पराउँदिन । उसको अचेतनमा कतै श्यामले आफूलाई छोड्ने हो कि भन्ने डर छ । त्यसैले ऊ सुस्मिता र श्यामको सम्बन्धलाई शङ्काको नजरले हेर्छे । सुस्मितालाई आफ्नी प्रतिद्वन्दी सम्भन्छे । उसको विरोधमा नभएको प्रचार गर्छे । यो सब उसको श्याम प्रतिको माया र शङ्काको अन्तर्द्वन्द्वका कारणले भएको हो । उसले सुस्मितालाई आफ्नो प्रेमी खोस्ने प्रतिद्वन्दीका रूपमा हेरेकी छ । यहाँ रमितालाई आत्मबल कमजोर भएकी कसैलाई विश्वास गर्न नसक्ने पात्रको रूपमा चित्रण गरिएको छ । आफ्नो आत्मबल कमजोर र शङ्कालु स्वभावका कारणले नै उसले सुस्मितालाई आफ्नी प्रतिद्वन्द्वी ठानेकी हो । उसले आफ्नो प्रेमी माथि पनि विश्वास गर्न सकेकी छैन ।

माथि उल्लिखित पात्रहरूको विश्लेषण गर्दा यो उपन्यास यौन मनेवैज्ञानिक उपन्यास हो । यस उपन्यासमा लेखकले भनेजस्तो पूर्वीय मनोविज्ञानको प्रयोग भएको छैन ।

मन्दिरमा कुँदिएका टुँडाल देखाउँदैमा पूर्वीय मनोविज्ञान हुन सक्दैन । लेखक कै भनाइमा पनि हाम्रो समाजमा आमा, बाबा, दिदी, बहिनी, दाजु भाइ आदिका बीच कहिले पनि यौन इच्छा जाग्दैन । यहाँ त उपन्यासकारले शशीले धनुलाई भाइ भन्दै यौनिकनजरले हेर्ने गरेको देखाएका छन् । पछि ठूलो भएपछि ऊसँग यौन सम्बन्ध राख्ने गरेको पनि उसले सजिलैसँग भन्न सकेकी छे । बाबु छोरी समानका शर्माजी र सुस्मिताबीच शारीरिक समबन्ध गराउनु पनि पाश्चात्य मनोविज्ञान नै हो । शशीले परपुरुषसँग प्रेम गर्नु पनि पूर्वीय मान्यताका विपरीत हुन्छ । आमालाई दोस्रो विवाह गराएर त लेखकले झन बढी पूर्वीय मान्यताको विरोध गरेका छन् । श्यामलले शशीलाई केही नगर्नु पनि पूर्वीय मान्यता भन्दा विपरीत नै भएको देखिन्छ ।

## ४.४.२सांस्कृतिक मनोविज्ञान

यस उपन्यासमा संस्कृतिसँग मनोविज्ञान जोड्ने प्रयास गरिएको छ । उपन्यासको शीर्षक नै मन्दिरमा राखिएका टुँडाललाई बानाइएको छ । त्यसैले यसको शीर्षक नै संस्कृतिसँग सम्बन्धित छ । टुँडालमा विभिन्न चित्रहरू कुँदिएको हुन्छ । यस उपन्यासमा मन्दिरका टुँडालमा कुँदिएका विभिन्न यौनासन मध्ये १६ रतासनका तस्बिरको व्याख्या गरिएको छ । मन्दिर जस्तो पवित्र ठाउँमा किन यस्ता तस्बिर कुँदिए भन्ने विषयमा उपन्यासमा चर्चा भएको छ । उपन्यासको भूमिकामा पनि उपन्यासकारले वात्सायनको कामसूत्रको चर्चा गरेका छन् । कामसूत्र ६४ यौनासन र विशेष गरेर रतासनका १६ आसनको चर्चा गरेर लेखिएको कृति हो । यो पूर्वीय दर्शनसँग सम्बन्धित छ । हाम्रो संस्कृति पूर्वीय दर्शनसँग नै जोडिएको छ । यसबाट पूर्वीय संस्कृतिमा पनि यौन मनोविज्ञानको चर्चा भएको देखिन्छ । त्यस्तैयसले यौनलाई लुकाउने भन्दा सहज बनाउन आवश्यक वस्तु भएको बताएको पाइन्छ । टुँडालको प्रभावले वर्तमान समाजको मनोविज्ञानमा कस्तो असर परेको छ त भन्ने देखाउन खोजिएको छ ।

मान्छेले मन्दिरमा पूजा गर्न जाँदा  घाम हेर्ने निहुँले टुँडाल हेर्ने गरेको उपन्यासमा उल्लेख गरिएकोछ । मान्छेले घरमा यौन सम्पर्क गर्दा टुँडालमा कुँदिएका आकृतिलाई आधार मान्ने र त्यहाँ प्रस्तुत आसन प्रयोग गर्ने पनि उल्लेख गरिएको छ । सुस्मिताले शर्माजी सित यौन सम्पर्क गर्दा सबै टुँडाल आसनमा जस्तो  गर्न नसकेको बताएकी छ । 'सुरुसुरुमा एक दुईओटा टुँडाल आकृतिको अनुभूति भए पनि बूढामान्छे थाकेका हुनाले सर्वाङ्गआसनमा नै धेरैबेर बिताइएको थियो' (पृ. ९१) । उमाले पनि आफूले यौन सम्बन्ध राख्नु अगाडि टुँडालका तस्बिर खिचेर लगेकी छ । त्यहाँ कुँदिएका सबै आसनमा नसके पनि केहीमा गरिएको भन्ने बताएकी छ । यसरी यौनलाई संस्कृतिसँग जोड्ने प्रयास गरिएको छ ।

उपन्यासमा संस्कृतिसँग जोडिएका विभिन्न किंवदन्तीहरू राखिएको छ । जुन किंवदन्तीमा संस्कृतिसँग सम्बन्धित मनोविज्ञानको चर्चा गरिएको छ । मन्दिरका टुँडालमा यौनासन कुँदिनुलाई पूर्वीय संकृतिसँग जोडिएको छ । श्यामालले थेसिसको शीर्षक पनि 'टुँडाल' राखेको छ । यसमा टुँडालका सम्बन्धमा प्रचलित विभिन्न किंवदन्तीहरूको चर्चा गरिएको छ । केही किंवदन्ती अजीको मुखबाट पनि सुनाइएको छ । शर्माजीका मुखबाट पनि

टुँडाल सम्बन्धि किंवदन्ती प्रस्तुत गरिएको छ । बाबाले पनि पत्रमार्फतपूर्वी नेपालमा प्रचलित किच्कन्नेसँग सम्बन्धि एउटा किंवदन्ती प्रस्तुत गरेका छन् । सबै किंवदन्ती यौन र मनोविज्ञानसँग सम्बन्धित रहेका छन् ।

## ४.५ निष्कर्ष

मनोश्लेषणसिद्धान्तका प्रतिपादक भियनाका मनोचिकित्सक सिग्मन्ड फ्रायड हुन् । उनले यस सिद्धान्तको प्रतिपादन एक मनोरोगीको उपचार गर्ने क्रममा गरेका हुन् । उन्नाइसौं शताब्दीको अन्त्य र बिसौं शताब्दीको सुरुतिर यस सिद्धान्तको विकास भएको हो । फ्रायडले यस सिद्धान्तलाई प्रष्ट पार्न मूल प्रवृत्तिको सिद्धान्त, मनको सिद्धान्त, दमनको सिद्धान्त मनोरचनाको सिद्धान्त जस्ता विभिन्न उपसिद्धान्तहरूको उल्लेख गरेका छन् ।

**टुँडाल** सांस्कृतिक मनोवैज्ञानिक उपन्यास हो । यस उपन्यासमा प्राचीन मठ मन्दिरका टुँडालमा रहेका यौनजन्य आकृतिलाई सहज रूपमा प्रस्तुत गरिएको छ । उपन्यासका सबै पात्रहरूको मनोविश्लेषण गरिएको छ । उपन्यासमा उपन्यास कि नायिका सुस्मिताको त जीवनी जस्तै उतारिएको छ । उपन्यासको कथावस्तु सुस्मिताबाटै सुरु भएर उसैमा अन्त्य भएको छ । उपन्यासमा उसको मानसिक द्वन्द्व तथा घात प्रतिघातलाई प्रस्ट तरिकाले देखाइएको छ । सुस्मितामा पाइने हीन भावना, निराशा, एकान्तता, निस्सारता आदि जस्ता कुराको विश्लेषण गरिएको छ । त्यस्तै उपन्यासमा  सुस्मिताको अचेतनको मनमा दमित काम वासना र मानसिक असन्तुष्टि कारण उत्पन्न असमान्य मनस्थितिको पनि चित्रण गरिएको छ । श्यामलाई प्राप्त गर्न सुस्मिता र रमिताबीचको द्वन्द्वलाई पनि उपन्यासमा उतारिएको छ । वृद्धा अजीको मुखबाट टुँडालका कथा सुनाएर र बालिका सत्याले आफू भन्दा सानो धनुलाई मनपराएको देखाएर उपन्यासमा यौन इच्छा वैंसमा मात्र हुने होइन भन्ने  सङ्केत गरिएको छ । झलेन्द्रले भद्रिकालाई मारिसकेपछि ऊ भित्र उठेको पश्चातापको ज्वाला, शशीले आफू अर्कै पुरुषलाई मन पराउँने कुरा बताएपछि श्यामलमा देखिएको मानसिक पीडा जस्ता कुरालाई उपन्यासले राम्ररी केलाएको छ । त्यस्तै उपन्यासमा यौनलाई लुकाउने वस्तु होइन भनिएको छ । यदि यौन लुकाउने कुरा हो भने किन पाँचसय वर्ष पुराना मन्दिरका टुँडालमा त्यस्ता आकृति कुँदिएत भन्ने प्रश्न गरिएको छ ।

उपन्यासमा टुँडालसँग सम्बन्धित विभिन्न किंवदन्तीहरू पनि समेटिएको छ । किच्कन्ने सम्बन्धि एक किंवदन्ती पनि उपन्यासमा राखिएको छ । जसले आम नेपालीको भूत प्रेतप्रतिको मानसिकताको उजागर गरेको छ ।

# परिच्छेद पाँच

# उपसंहार

उपन्यास साहित्यको नवीन विधा मध्येको एक हो । आधुनिक नेपाली साहित्यमा सबै भन्दा कान्छो विधाका रूपमा उपन्यास विधालाई लिइन्छ । उपन्यास १९औं शताब्दीको अन्ततिर मात्र विकसित भएको विधा हो । यसले थोरै समयमा नै धेरै ख्याति कमाउन सफल भएको छ । उपन्यास लेखनमा विभिन्न वाद, धारा, प्रवृत्तिहरूको प्रयोगहुँदै आएका छन् ।

नेपाली साहित्यमा पनि उपन्यासले निकै प्रभाव जमाउन सफल भएको छ । छोटै समयमा उपन्यास लेखनमा विभिन्न प्रयोगहरू हुँदै आएका छन् । उपन्यास लेखनमा नवीन नवीन प्रयोगहरू भित्रि रहेका छन् । उपन्यासमा नवीन प्रयोग भित्र्याउने उपन्यासकार मध्येक एक हुन् कृष्ण धरावासी । उनको प्रथम उपन्यास **शरणार्थी** हो । यसमा उनले कथामा रहेको लीलालेखनलाई उपन्यासमा प्रयोग गरेका छन् । **आधाबाटो** आत्मकथात्मक उपन्यास हो । त्यस्तै **राधा**मा उनले मिथकको प्रयोग गरेका छन् । **तपाईं**उपन्यासमा द्वितीय पुरुष दृष्टिविन्दुको प्रयोग गरेका छन् ।**टुँडाल** उपन्यासलाई उनले सांस्कृतिक मनोवैज्ञानिक उपन्यास बनाएका छन् । सांस्कृतिक र मनोवैज्ञानिक दुवै उपन्यास नेपाली साहित्यमा लेखिएका भए पनि सांस्कृतिक उपन्यासलाई मनोवैज्ञानिकताको रङ्ग दिएको यो पहिलो उपन्यास हो ।

टुँडाल भन्नाले छाने मन्दिरमा छानो अड्याउन प्रयोग गरिने काठलाई बुझिन्छ । टुँडाललाई आकर्षक बनाउनका लागि विभिन्न किसिमका कलाकृतिहरू कुँदिएको हुन्छ । **टुँडाल**उपन्यासमामल्ल कालीन केही मन्दिरमा रखिएका यौन आकृति जन्य चित्र कुँदिएका टुँडालको चर्चा गरिएको छ । उपन्यासमा टुँडाल सम्बन्धी विभिन्न किंवदन्ती पनि प्रस्तुत गरिएको छ ।

प्रस्तुत **टुँडाल उपन्यासको मनोविश्लेषणात्मक अध्ययन** शीर्षकको शोध स्नातकोत्तर तहको दसौं पत्रको प्रयोजनार्थ तयार पारिएको हो । यो शोधपत्र उपसंहार बाहेक चार परिच्छेद सम्म विभाजित छ ।

पहिलो परिच्छेदमा शोधपत्रको परिचय प्रस्तुत गरिएको छ । यसको शीर्षक पनि **शोध परिचय**राखिएको छ । यहाँ शोध शीर्षकको सामान्य परिचय,यो शोधपत्र तयार पार्नु भन्दा पहिले टुँडाल उपन्यासको बारेमा भएका मनोविश्लेषणात्मक टिप्पणी प्रस्तुत गरिएको छ ।शोधपत्र तयार पार्नाको औचित्य, महत्त्व र यसको उपयोगिताको बारेमा पनि उल्लेख गरिएको छ । शोधपत्र तयार पार्दा अपनाइएको शोधविधि अन्तरगतको सामग्री सङ्कल विधि र सामग्री विश्लेषण विधिको बारेमा पनि चर्चा गरिएको छ । शोधपत्रको रूपरेखा पनि यहाँ प्रस्तुत गरिएको छ ।

दोस्रो परिच्छेदको शीर्षक **उपन्यासको सैद्धान्तिक चर्चा र नेपाली मनोविश्लेषणात्मक उपन्यास लेखन परम्परा**भन्ने राखिएको छ । यसमा उपन्यासको उत्पत्तिकालदेखि हालसम्मको विकास प्रक्रियको बारेमा सामान्य परिचय प्रस्तुत गरिएको छ। उपन्यासको परिभाषा दिने क्रममा विभिन्न शब्दकोशीय र वैयक्तिक परिभाषाहरू उल्लेख गरिएको छ । उपन्यासका तत्त्वहरू : कथानक, चरित्र, कथोपकथन, वातावरण, उद्देश्य, दृष्टिविन्दु आदिको छोटो चर्चा गरिएको छ। उपन्यासको सम्बन्ध साहित्यका अन्य विधासँग कस्तो रहेको छ त भन्ने पनि सामान्य चर्चा यस परिच्छेदमा भएको छ । आधुनिक उपन्यासको विकास प्रक्रिया देखाउने क्रममा नेपाली उपन्यासको पृष्ठभूमि, प्राथमिक तथा माध्यमिक आख्यान र उपन्यासमा परेको विदेशी प्रभावको बारेमा सङ्क्षिप्त चर्चा गरिएको छ । उपन्यसको वर्गीकरण गर्ने क्रममा कथानका आधारमा, शैलीका आधारमा र विषयवस्तुका आधारमा उल्लेख गरिएको छ ।उपन्यासको उद्भवकालदेखि हालसम्म के कस्ता वाद, धारा, तथा प्रवृत्ति र प्रयोगहरू भएका छन् तिनका बारेमा  सामान्य चर्चा गरिएको छ। यसमा आधुनिक नेपाली उपन्यासका धारा तथा प्रवृत्तिहरूको बारेमा सङ्क्षिप्त चर्चा गरिएको छ। यसै परिच्छेदमा नेपाली उपन्यासमा मनोविश्लेषणवादी उपन्यासको विकास र हालसम्म त्यसले पारेको प्रभावका बारेमा उल्लेख गरिएको छ । यहाँ नेपाली उपन्यासमा गोविन्दबहादुर मल्ल गोठालेले भित्र्याएको मनोविश्लेषणवादले कृष्ण धरावासीसम्म आइपुग्दा के कति घुम्ति पार गर्नु परो भन्ने सामान्य उल्लेख गरिएको छ। अन्तिममा यस परिच्छेदको निष्कर्ष उतारिएको छ।

तेस्रो परिच्छेदको शीर्षक**कृष्ण धरावासीको  साहित्यिक रचना धर्मिता र औपन्यासिक प्रवृत्ति** भन्ने राखिएको छ। यसमाधरावासीको जन्म बासस्थान शिक्षा लगायतको सामान्य जीवनी प्रस्तुत गरिएको छ। उनलेधरावासी उपनाम राख्नाको कारणखोजिएको छ। उनले साहित्यमा प्रवेश गर्दा पाएका विभिन्न प्रेरणाहरूको उल्लेख गरिएको छ। यसमा धरावासीले कलम चलाएका साहित्यिक विधाहरू, उनले पाएका सम्मान तथा कदरपत्रहरू पुरस्कारहरू आदिकोपनि चर्चा गरिएको छ । यस शोधपत्रमा धरावासीका लीलालेखन, विनिर्माणवादी, प्रयोगशीलता, कारुणिकताको चित्रण,अस्तित्ववादी चेत, मनोविश्लेषण जस्ता औपन्यासिक प्रवृत्तिहरूको विस्तृत चर्चा गरिएको छ । उनका उपन्यासमा पाइने प्रयोगशीलताको पनि उल्लेख गरिएको छ। उनले उपन्यासमा कस्ता कस्ता नवीन शैलीहरू भित्र्याएका छन् भन्ने पनि यहाँ चर्चा भएको छ। उनका उपन्यासमा पाइने मनोविश्लेषणको उल्लेख पनि यसमा भएको छ।

उपन्यासको सबै भन्दा महत्त्वपूर्ण परिच्छेद चौथो हो । यसको शीर्षक **टुँडाल उपन्यासको मानोविश्लेषणात्मक अध्ययन** राखिएको छ । प्रस्तुत शोधपत्रको शीर्षक यसै परिच्छेदको आधारमा राखिएको हो। यसमा मनोविश्लेषणको सैद्धान्तिक चर्चा गरिएको छ। फ्रायडको मनोविश्लेषण सम्बन्धि धारणा पनि यहाँ राखिएको छ । मनोविश्लेषण सम्बन्धि मूल प्रवृत्तिको सिद्धान्त, मनको सिद्धान्त, दमनको सिद्धान्त, मनोरचनाको सिद्धान्त, सपनको सिद्धान्त जस्ता विभिन्न उप सिद्धान्तहरूको उल्लेख गरिएको छ। यसै परिच्छेदमा **टुँडाल उपन्यासको मनोविश्लेषणात्मक अध्ययन** उपशीर्षक राखेर टुँडाल उपन्यास र उपन्यासमा

प्रस्तुत भएका पात्रहरूको मनोविश्लेषण गरिएको छ । उपन्यासको विश्लेषण गर्ने क्रममा सम्पूर्ण उपन्यासमा पाइएको मनोविश्लेषणको चर्चा गरिएको छ । पात्रहरूको मनोविश्लेषण गर्ने क्रममा इदम्, अहम् र उच्चाहम्को तालमेल खोजिएको छ । उपन्यासमा प्रस्तुत भएका सबै पात्रहरूको विस्तृत रूपमा मनोविश्लेषण गर्ने प्रयास गरिएको छ । त्यस्तै उपन्यासमा प्रस्तुत गरिएका किंवदन्तीको पनि सामान्य चर्चा गरिएको छ । यस परिच्छेदमा नै सम्पूर्ण शोधपत्रको औचित्य खोजिएको छ ।उपन्यासमा प्रस्तुत गरिएका टुँडाल सम्बन्धी धारणहरूको उल्लेख यसै परिच्छेदमा प्रस्तुत गरिएको छ ।

उपन्यासको पाँचौं परिच्छेदमा शोधपत्रको उपसंहार गरिएको छ । यसको शीर्षक पनि उपसंहार राखिएको छ । यो परिच्छेद राख्नाको उद्देश्य शोधपत्रको बारेमा सामान्य जानकारी यसैका माध्यमबाट पाउन सकियोस भन्ने रहेको छ । यसमा शोधपत्र भित्र प्रस्तुत गरिएका कुराहरूको सामान्य चर्चा गरिएको छ ।

# परिशिष्ट

किंवदन्ती

उपन्यासमा टुँडाल सम्बन्धि बिभिन्न किंवदन्तीहरू प्रस्तुत गरिएको छ । सबै किंवदन्तीमा मन्दिरमा जस्तो पवित्र ठाउँमा यस्ता अश्लील चित्रहरू कुँदिनुको कारण खोजिएको छ । किंवदन्तीका सम्बन्धमा लेखकसँग प्रश्न गर्दा केही त्यहाँ प्रचलित र केही आफूखुसी बानाएको भन्ने जवाफ दिएका थिए । उपन्यासमा प्रस्तुत गरिएका टुँडाल सम्बन्धि केही किंवदन्तीहरू यस प्रकार छन् ।

(**क**)

कुनै एक राजाले खत नलागेका पुरुषको बली दिने परम्परा चलाएका थिए । पछि आफू बली हुने डरले जनताले आफू आफूमा ढुङ्गा हानाहान गरेर चोट लगाउन थालेछन् । जनताहरू यसरी झगडा गर्न थालेपछि देशमा चोट नलागेका व्यक्ति पाइन छोडेछन् । अनि राजाले अर्को नियम बसाएछन् । अब जसको सबभन्दा ठूलो खत छ त्यसलाई बली दिने । राजाको यस्तो नियम बनेपछि देशमा पुरुषहरू बस्नै छोडेछन् । देशभर महिलामात्र रहेछन् । राजाका सिपाहीहरू गाउँ पसेर ती महिलाहरूसँग विभिन्न आसनमा यौन सम्पर्क राख्न थालेछन् । देश भरि नै यस्तो विकृति फस्टाएछ । अब देश पुरै रतिरागमा मात्र रमाउन थालेछ । जसको जोसँग पनि यौन सम्बन्ध हुन थालेछ । यस समस्याको समाधान गर्न राज्यसभा बसेछ । राज्यसभा यो सब यौनलाई लुकाउने वस्तु मान्नाले भएको भन्ने निष्कर्षमा पुगेछ । देशमा भएको यस्तो विकृत्ति नियन्त्रण गर्न यौनलाई सबैले सहज रूपमा लिने बनाउनु पर्छ भन्ने निर्णय भएछ । यही निणर्य अनुसार राजाले सबैले पवित्र मानेको मन्दिरका टुँडालमा यस्त यौनजन्य आकृतिहरू कुंद्न लगाएछन् । यसरी देशमा फैलिएको यौन विकृतिलाईनियन्त्रण गर्न तिनै राजाको आदेशमा मन्दिरका टुँडालमा यौन जन्य आकृतिहरू कुँदिए छन् ।

(**ख**)

गुणकामदेवको समयमा एक तान्त्रिकले युद्धमा जाँदा तोपलाई कन्या कुमारीको बली दिएर गयो भने युद्ध जितिन्छ भन्ने सल्लाह दिएछन् । तान्त्रिकको सल्लाह अनुसार हरेक युद्धको अगाडि एक अक्षत कन्याको बली दिने परम्परा बसेछ । यस परम्पराले पुरै देशमा आतङ्क फैलिएछ । केटीहरूको बालविवाह गरिदिने चलन नै बसेछ । बाबुआमा आफै छोरीलाई क्षेत बनाउने बन्दोवस्त गर्न थालेछन् । यसो हुँदा हुँदा बिवाहित महिला पनि लुकि लुकि यौन कार्यमा लागेछन् । त्यस समयमा हुने गरेका यौनासनका बारेमा जानकारी दिन टुँडालमा त्यस्ता आकृति कुँदिएका हुन् ।

(ग)

प्राचीनकालमा एक जना राजा अचानक हराएछन् । राजाका धेरैजनाश्रीमतीहरू रहेछन् । राजा हराएको केही समयसम्म राजा आउँछन् भनेर प्रतिक्षा गरिएछ लामो समय सम्म पनि राजा नआएपछि  रानीहरू यौन दुराचारमा लागेछन् । सुरुमा रानीहरूको यौन सम्पर्क दरबारका नजिक रहेका भाइ भारदारहरूसँग चलेछ । विस्तार विस्तार यसको सिमा फराकिलो हुँदै गएछ । अब मन्त्रीहरू र सिपाहीका उच्च पदस्त अधिकारीसम्मको पहुँच रानीहरूसम्म सजिलै पुग्न थालेछ । यस्तो प्रक्रिया यति बढेछ कि अब सामान्य भन्दा सामान्य सिपाहीहरूको लागि पनि रानीहरूको विस्तरा टाढा भएनछ ।

यसरी दरबारमा कार्यरत सबै कर्मचारी रानीहरूसँगको यौन क्रियाकलापमा तल्लीन रहन थालेछन । दरबार एउटा बेस्यालय जस्तो बन्न पुगेछ । सिपाहीहरू दरबारमा गएर विभिन्न यौनासन सिकेर घरमा प्रयोग गर्न थालेछन् । श्रीमतीहरूले पनि श्रीमानको अनुपस्थितिमा अरूलाई सिकाउन थालेछन् । यसरी देशमा जताततै यौन विकृति बढेछ । देशको यस्तो दुर्दसा देखेर राज्यका विद्वानहरूले एउटा निर्णय गरेछन् । अब यौनलाई लुकाउने वस्तु जस्तो नबनाएर स्वतन्त्र तरिकाले सबैले जान्न सक्ने बनाउनुपर्छ । उनीहरूले नै कालीगडलाई यस्तो आदेश पनि दिएछन् सबै मन्दिरका छानामा अड्याइएका टुँडालमा यौन जन्य अकृति कुँदेर राख । उनीहरूकै आदेशमा मन्दिरका टुँडालमा यौन जन्य आकृतिहरू कुँदिन थालेको हो ।

दरबारबाट बेपत्ता भएका राजा पछि एउटा गुफामा तपस्या गर्दै गरेको भेटियो । किन यसरी राज्य छोडेर हिंडेको भनेर प्रश्न राख्दा राजाले भनेछन् -मैले ब्यवहारिक जीवनमा सांसारिक सुखसुविधाहरू धेरै भोगें तर मलाई आत्मसन्तुष्टि भने कहिलै भएन । रानी सुसारे कोही भनिन सबैसित यौन सम्बन्ध राखें । विभिन्न आसनमा यौन सम्पर्क गऱ्यो । जति गरे पनि तृप्ती भने कहिले भएन त्यसैले मैले दरबार छोडेर ध्यानको बाटो रोजेको हो ।

(घ)

एक पटक स्वर्गका राजा इन्द्र पृथ्वीको भ्रमणमा निस्केछन् । काठमाडौंमा आइपुग्दा धेरै मन्दिर देखेछन् । उनले यहाँ सबैभन्दा धेरै मन्दिर आफ्नै होलान भन्ने सोचेछन् । सबै मन्दिर घुमि घुमि हेरेछन् कहिं पनि आफ्ना मन्दिर नदेखेपछि धेरै रिसाएछन् । सबै मन्दिर बज्र प्रहार गरेर भत्काइदिएछन् । काठमाडौंमा पानी पार्न बन्द गरी दिएछन् । एक दिन ठूला सन्त घुम्दै काठमाडौं आएछन् । काठमाडौंको यस्तो बिजोग अवस्थाको हुनुको कारण सोधेछन् । गाउँलेले आफूलाई थाहा भएसम्मका कारण बताइदिएछन् । सन्तले इन्द्रका लागि सबै भन्दा प्रिय वस्तु यौन हो । उनलाई खुसी पार्न मन्दिरको पुनःनिर्माण गरेर छाना अड्याउन प्रयोग गरिने टुँडालमा विभिन्न प्रकारका यौनाकृति जन्य चित्रहरू कुँदेर राख्नु

भन्ने सल्लाह दिएछन् । सन्तको सल्लाह अनुसार स्थानीयले पनि त्यसै गरेछन् । त्यसपछि इन्द्रले दुःख दिन पनि छोडेछन् । मन्दिरमा यौनाकृतिजन्य टुँडाल राख्ने चलन पनि बसेछ ।

(ङ)

भारतका सम्राट अशोक नेपाल आएर बौद्ध धर्मको धेरै प्रचार प्रसार गरे । आफ्नी छोरीको विवाह पनि यहींका एक देवपालसँग गरिदिए । बौद्ध धर्मको यसरी प्रचार प्रसार हुन थालेपछि हिन्दू धर्मका अनुयायी घट्दै गए । हिन्दू धर्मको यस्तो अवस्था देखेर शङ्कर नाम गरेका भारतका शिभ भक्त एक युवकले हिन्दू धर्मको प्रचार गर्न थाले । यसको प्रचारका लगि उनी नेपाल पनि आएका आए । नेपालमा आएर प्रवचन दिन थालेपछि सबै यूवाले उनको साथ दिए । बौद्ध धर्मावलम्वीहरूको विनाश हुन थाल्यो सबैले नाम र धर्म बदल्न थाले । बौद्ध धर्म मान्न थालेपछि अहिंसावादी बनेर रोकिएको बली प्रथा पुनः सुरु भयो । सबै जनता बौद्ध धर्ममा लागेपछि भएको जनसंख्या कमीको क्षतिपूर्ति कसरी गर्ने भन्ने छलफल भयो । सबैको निर्णय अनुसार मन्दिरका टुँडालमा कामोत्तेजक तस्बिरहरू राखिए । टुँडालमा बौद्ध धर्मलाई तल पार्न पुरुषको आकृतिमा बुद्धको आकृति राखियो ।

(च)

मल्ल कालमा अनिकाल, युद्ध, महामारी, धार्मिक आस्था आदिका कारणले देशको जनसंख्या कम भयो । यस्तो अवस्था आएपछि  देशमा यौन शिक्षा दिनु पर्छ भन्ने निष्कर्षमा पुगियो । कसरी शिक्षा दिने त भन्दा सबैले सधैं पुज्ने मन्दिरमा कामातुर तस्बिरहरू बनाउने भन्ने सल्लाह भयो । देशभरिका राम्रा राम्रा कालीगड झिकाएर यस्ता चित्र बनाउन लगाइयो । आज तीनै चित्रलाई हामी टुँडालमा देखिरहेका छौं ।

(छ)

एक ड्राइवर जोगवनीबाट सामानले भरिएको ट्रक लिएर धरान जाँदा बीच बाटामा बेपत्ता भएछ । उसको ट्रक चाहीँ बीच जङ्गलमा भेटिएछ । ट्रक खोलेर हेर्दा स्टेरिङ्मा उही ड्राइवर बेहोस सुतिरहेको पाइएछ । उसको उपचार गरेपछि भनेछ । म धरान जाँदै गर्दा बाटामा एक राम्री युवतीले लिफ्ट मगी । उसको भनाइमा उसलाई कसैले लखेट्दैथ्यो । युवती अत्यन्त राम्री  थिई । उसले लिफ्ट दिएँ । युवतीले एक रात आफ्नै घरमा बस्न अनुरोध गरी । आफू ड्राइवर भएको र यो भन्दा अगाडि पनि अनेक युवतीसित रात बिताइसकेको हुनाले उसको आग्रहमा नाइनास्ती नगरी उसको पछि लागें । उसले आजभन्दा अगाडि कहिल्यै नदेखेको एक राम्रो सहर भित्रको एउटा घरमा लगी । एउटै विस्तारामा हामी दुई जना सुत्यौं त्यसपछि के भयो मलाई केही याद छैन । ड्राइवरलाई केही दिनको उपचार पछि घर पठाएछन् । घर गएको १५ दिन पछि उसको मृत्यु भएछ । त्यसको एक वर्ष पछि त्यस्तै घटना एउटा मोटर साइकल चालकमा पनि घटेछ ।

माथिका प्रयः सबै किंवदन्तीमा उल्लेख भए अनुसार मन्दिरका टुँडालमा यौन जन्य आकृति राजाकै कारणले राखिएको हो । यिनीहरू सबैको सम्बन्ध कहीं न कहीं यौनमनोविज्ञानसँग जोडिएको छ । सबै किंवदन्तीमा यौनलाई दवाउनाले र इदम् अहम् र

उच्चाहम्को उचित संयोजन नहुनाने मन्दिर जस्तो पवित्र ठाउँमा यस्ता यौनजन्य तस्बिर राख्नु परेको हो भन्ने बताइएको छ । यसबाट हामी के थाहा पाउँछौं भने यौनलाई दवाएर भन्दा खुला बनाएर नै त्यसको सही सदुपयोग गर्न सकिन्छ । यो मान्यता हाम्रो संस्कृतिसँग पनि जोडिएर आएको छ ।

छैटौं नं.को किंवदन्तीमा उल्लिखित ड्राइवरको  कथाबाट हाम्रो समाजमा प्रचलित भूत प्रेत प्रथाको चित्रण पाइन्छ । हाम्रो समाजमा यदि कुनै राम्री युवती अकालमा नै मरी र उसको उचित काजक्रिया भएन भने किच्कन्ने बनेर पृथ्वीमा नै भौंतारी रहन्छे भन्ने मान्यता विद्यमान छ । त्यस ठाउँमा पनि पुल बनाउँदा एउटी केटी ढलानले किचिएर भरेकी थिइ रे । त्यसको आत्मा भौंतारी रहेको हुनाले कहिलेकाहीँ मानिसलाई दु:ख दिने गर्दछ भन्ने विश्वास रहेछ । यहाँ ड्राइबरको मनमा भएको अन्धविश्वासले ज्यान नै गुमाउनु परेको छ । उसले सुरु देखि नै त्यस ठाउँमा त किच्कन्ने पाइन्छन् भन्ने सुनेको हुन्छ । आज आफैं किच्कन्नेको सिकार बन्नु पर्ने हो कि भन्ने कुरा उसको अचेतनमा रहीरहेको थियो । यसले ऊ डराइ रहेको थियो । स्पीडमा ट्रक चलाउनु, गीतको आवज ठूलो बनाउनु त्यसैको परिणामले हो । उसको अचेतन्को डरले रातको समय र एकान्त जङ्गलमा चेतन सम्म आउने  मौका पायो । त्यसैको परिणाम ड्राइवर आफ्नै गाडिको स्टेरिङ्मा बेहोस भएरबस्यो ।

# सन्दर्भसामग्रीसूची


अनमोलमणि,(२०६४). धरावासी लीला र तपाईं**नेपाल समाचारपत्र सौगात**. वर्ष १२ अंक १०१ पृ. घ

गौतम,इन्दिरा.(२०६०).**उपन्यासकार विजय मल्लको उपन्यासका नारी पात्रको मनोविश्लेषणात्मक अध्ययन**. स्नातकोत्तर शोधपत्र (अप्रकाशित) त्रि.वि.वि. पद्मकन्या क्याम्पस काठमाडौं ।

गौतम,कृष्ण.(२०५०).**आधुनिक आलोचना अनेक रूप अनेक पठन**. ललितपुर : साझा प्रकाशन ।

घर्ती, दुर्गाबहादुर.(२०६७). **मनोविश्लेषणात्मक नेपाली उपन्यासमा पात्र विधान.** ललितपुर : साझा प्रकाशन ।

घिमिरे,भवनाथ. (२०६४).**राधा उपन्यासको कृतिपरक अध्ययन.** स्नाकोत्तर शोधपत्र (अप्रकाशित) त्रि.वि.वि. रत्नराज्यलक्ष्मी क्याम्पस काठमडौं ।

चालिसे, नारायण. (२०६६). धरावासीको टुँडाल **इन्द्रेणी.** वर्ष ८, अंक ३३८, पृ २ ।

देवकोटा, नारायणी.(२०६६). नारी आँखाबाट टुँडाल नियाल्दा **अन्नपूर्ण पोष्ट.** वर्ष ८ अंक १७ पृ. ६ ।

धरावासी, कृष्ण. (२०४८).**बालक हराएको सूचना.**झापा : विचार प्रकाशन ।

धरावासी, कृष्ण. (२०५०).**उन्मुक्तिका आवाजहरू.**झापा : सासंकप्रतिष्ठान ।

धरावासी, कृष्ण. (२०५३).**नारीभित्र त्यस्तो के छ हजुर.** काठमाडौं : ने.रा.प्र.प्र. ।

धरावासी, कृष्ण. (२०५३).**लीलालेखन.** काठमाडौं : बसुन्धारा प्रकाशन ।

धरावासी, कृष्ण. (२०५७).**शरणार्थी** (दो.सं.). झापा : नियात्रा प्रकाशन ।

धरावासी, कृष्ण. (२०५८).**विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासहरू.** काठमाडौं : पैरवी बुक्स एन्ड स्टेशनरी सेन्टर

धरावासी, कृष्ण. (२०५९).**आधाबाटो**.झापा : नियात्रा प्रकाशन ।

धरावासी, कृष्ण. (२०६३).**राधा.**ललितपुर : साझा प्रकाशन ।

धरावासी, कृष्ण. (२०६३). **तेस्रो आयाम र वैरागी काइँला.**काठमाडौं : पैरवी हाउस ।

धरावासी, कृष्ण. (२०६३).**तपाईं.**काठमाडौं : पैरवी बुक्स हाउस ।

धरावासी, कृष्ण. (२०६६).**टुँडाल.** काठमाडौं : पैरवी बुक्स हाउस ।

धरावासी, कृष्ण. (२०६६). बीस दिन मै लेखें उपन्यास **नागरिक.** वर्ष १ अंक १६ पृ ३ ।

धरावासी, कृष्ण. (२०६६). फ्रायडसँग नेपाली यौन मनोविज्ञान मेल खादैंन **अन्नपूर्ण पोष्ट परिशिष्टांक.** वर्ष ८ अंक १० पृ २ ।

धरावासी, कृष्ण/उप्रेती, लक्ष्मी. (२०६३). **लीला विमर्श.** काठमाडौं : वनिता प्रकाशन ।

न्यौपाने, टंकप्रसाद (२०४९) **साहित्यको रूपरेखा** (दो.सं.). काठमाडौं : साझा प्रकाशन ।

प्रधान, कृष्णचन्द्रसिंह. (२०६१).**नेपाली उपन्यास र उपन्यासकार** (चौ.सं.). ललितपुर : साझा प्रकाशन ।

पोखेल, विष्णुलाल. (२०५४) **साहित्यकार कृष्ण धरावासीको जीवनी व्यत्तित्त्व र कृतित्त्वको अध्ययन**. स्नातकोत्तर शोधपत्र (अप्रकाशित) त्रि.वि.विकीर्तिपुर ।

पौड्याल, कृष्णविलास. (२०५९).**नेपाली आख्यान र नाटक**.काठमाडौं : नवीन प्रकाशन ।

अधिकारी हेमाङ्गराज र बद्रीविशाल भट्टराई. सम्पा (२०६१). **प्रयोगात्मक नेपाली शब्दकोश**. काठमाडौं : विद्यार्थी प्रकाशन प्रा. लि.

बराल, ऋषिराज. (२०५६).**उपन्यासको सौन्दर्य शास्त्र.** ललितपुर : साझा प्रकाशन ।

बराल,ऋषिराज. (२०५१). लीलालेखन अर्थात फर्मुलावाद लेखन **गरिमा.** वर्ष १२ अंक ५ पूर्णाङ्क २६३ पृ ३४५–५० ।

बराल, कृष्णहरि रनेत्र एटम.(२०५८).**उपन्यास सिद्धान्त र नेपाली उपन्यास** (दो.सं.). ललितपुर : साझा प्रकाशन ।

बस्नेत, कृष्णबहादुर. (२०५९).**आधुनिक नेपाली उपन्यास.**काठमाडौं : दीक्षान्त पुस्तकभण्डार ।

पोखेल,वालकृष्ण र अरू.सम्पा.(२०४०). **बृहद् नेपाली शब्दकोश.** काठमाडौं : ने. रा.प्र प्र

भट्ट, शारदा. (२०६६).**टुँडाल उपन्यासको कृतिपरक अध्ययन.** स्नाकोत्तर शोधपत्र (अप्रकाशित) त्रि.वि.वि. रत्नराज्य क्याम्पस काठमाडौं ।

भण्डारी, कृष्णप्रसाद. (२०५८).**फ्रायड र मनोविश्लेषण.**ललितपुर : साझा प्रकाशन ।

राई,इन्द्रबहादुर.(२०३४). भ्रान्तिहरू र लीलालेखन मात्र.**रूपरेखा.** वर्ष १८ अंक ८ पूर्णाङ्क २०० पृ. ९५–१०५ ।

राई इन्द्रबहादुर. (२०४६).**कठपुतलीको मन.**कलकत्ता : श्रीमती इन्द्र प्रधान ।

राई इन्द्रबहादुर. (२०५०).**नेपाली उपन्यासका आधारहरू.**(दो.सं). ललितपुर : साझा प्रकाशन ।

रेग्मी,नेत्रनारायण.(२०६०).**नेपाली बालसाहित्यमा बालमनोविज्ञानको अवस्था.** स्नातकोत्तर शोधपत्र(अप्रकाशित) त्रि.वि.वि कीर्तिपुर ।

रेग्मी,मुरारीप्रसाद.(२०५०).**मनोविश्लेषणात्मक समालोचना** (उपन्यास खण्ड).काठमाडौं : साझा प्रकाशन ।

शर्मा, मोहनराज/लुइटेल खगेन्द्रप्रसाद. (२०६२).**शोधविधि**(ते.सं.). ललितपुर :साझा प्रकाशन ।

श्रेष्ठ, ईश्वरीकुमार. (२०५८).**पूर्वीय एवं पाश्चात्य साहित्य समालोचना : प्रमुख मान्यता, वाद र प्रणाली.**काठमाडौं : साझा प्रकाशन ।

सिलवाल, छविरमण. (२०६६). टुँडाल नजिकबाट हेर्दा **विक्ली पोष्ट.** वर्ष १ अंक ३१ पृ १०

सुवेदी, राजेन्द्र. (२०४३).**स्रष्टा सृष्टि द्रष्टा दृष्टि.** काठमाडौं : साझा प्रकाशन ।

सुवेदी, राजेन्द्र. (२०६४).**नेपाली उपन्यास परम्परा र प्रवृत्ति.**(दो.सं.) ललितपुर : साझा प्रकाशन ।